# सामुदायिक वन बुलेटिन

# Community Forestry Bulletin

अंक-१८, आ.व. २०७४/०७५



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन विभाग
सामुदायिक वन महाशाखा
बबरमहल, काठमाडौं

# सामुदायिक वन बुलेटिन
# Community Forestry Bulletin

अंक-१८ आ.व. २०७४/०७५

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन विभाग
सामुदायिक वन महाशाखा
बबरमहल, काठमाडौं
फोनः ०१-४२४७५९९, ०१-४२२४९०३
ईमेलः cfd@dof.gov.np
वेभसाईटः www.dof.gov.np

**सम्पादन** : डा. अनुजराज शर्मा, उपमहानिर्देशक, सामुदायिक वन महाशाखा, वन विभाग ।
प्रकाश लम्साल, सामुदायिक वन विकास अधिकृत, सामुदायिक वन महाशाखा, वन विभाग ।
प्रेमप्रसाद शर्मा, उपसचिव (प्रा), सामुदायिक वन महाशाखा, वन विभाग ।
सञ्जीवराज ढकाल, सहायक वन अधिकृत, सामुदायिक वन महाशाखा, वन विभाग ।

**फोटो सौजन्य** : देवीचन्द्र पोखरेल, जिल्ला वन अधिकृत, तेह्रथुम

**आवरण फोटो** : तिनजुरे-मिल्के-जलजले क्षेत्रको तेह्रथुमतर्फ पर्ने जैविक विविधताको धनी एवं जल संचयको लागी अत्यन्तै ठूलो महत्व बोकेको  तिनजुरे पहाड ।

**प्रकाशन संख्या** : ५०० प्रति

**मुद्रक** : अफसेट प्रिन्ट सोलुसन
बालकोट -३, भक्तपुर

---

**पुनश्च :** यस प्रकाशनमा प्रकाशित लेखरचनामार्फत व्यक्त धारणा यसका लेखकहरूले आफ्नो अध्ययन, अनुसन्धान वा अनुभवबाट तयार गरेका निजी धारणा हुन् । जसमा वन विभागको दृष्टिकोण, प्रतिविम्ब नभएको पनि हुन सक्दछ । यी विचारहरूप्रतिको सम्पूर्ण उत्तरदायित्व लेखक स्वयम्मा नै निहित छ ।

# विषय सूची


| सि.नं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | सामुदायिक वन विकास अवधारणा: विकासक्रम र कार्यान्वयन प्रक्रिया<br>*डा. अनुजराज शर्मा, प्रकाश लम्साल, सञ्जीवराज ढकाल* | २ |
| २ | जलवायु परिवर्तनमा नेपालको राष्ट्रिय निर्धारित योगदान (NDC) तथा दिगो विकास लक्ष्यमा सामुदायिक वन विकास कार्यक्रम<br>*प्रकाश लम्साल* | ११ |
| ३ | म्याग्दी जिल्लाका केही वन उद्यमहरू<br>*प्रेमप्रसाद शर्मा* | १९ |
| ४ | दिगो विकासका लक्ष्य र सामुदायिक वनको भूमिका<br>*गणेश पौडेल, शंकर अधिकारी* | २९ |
| ५ | नेपालमा वैज्ञानिक वन व्यवस्थापन: वर्तमान अवस्था, समस्या र सुझाव<br>*शान्त राम वराल, सञ्जीवराज ढकाल* | ३६ |
| ६ | महिला सिर्जना सामुदायिक वनमा सुशासनको अवस्था<br>*हेमचन्द्र महतो* | ४१ |
| ७ | के सामुदायिक वनहरू केन्द्रीकरणको जोखिममा परेका हुन् ?<br>*गणेश पौडेल, प्रविण भूसाल* | ४६ |
| ८ | सामुदायिक वनमा महिला सहभागिता : केही कानुनी तथा नीतिगत व्यवस्था<br>*रीति आचार्य* | ५३ |
| ९ | हिँउदमा गरौं वन सम्वर्धन र व्यवस्थापन<br>*यमलाल पोखरेल* | ५७ |
| १० | नेपालका विविध वन व्यवस्थापन पद्धतिहरूको तथ्यांकीय झलक<br>*सञ्जीवराज ढकाल* | ६० |

# स्थानीय सरकार र सामुदायिक वन विकास कार्यक्रम

वन विभागमा प्राप्त पछिल्लो विवरणअनुसार नेपालमा २२ हजार २ सय ६६ सामुदायिक वन स्थापना गरी २२ लाख ३७ हजार ६ सय ७० हेक्टर राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको छ । करिब २९ लाख परिवार सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध छन् । समूहलाई हस्तान्तरित सामुदायिक वनको क्षेत्रफल नेपालको कुल राष्ट्रिय वनको ४१ प्रतिशत हुन आउँछ । सामुदायिक वन हस्तान्तरण कार्य जारी छ र भविष्यमा यो क्षेत्रफल अझ बढ्नेछ ।

स्थानीय स्वचालित संयन्त्रका रूपमा परिचालित हुँदै उपभोक्ता समूहले सामुदायिक वन व्यवस्थापन त गरेका छन् नै, वनबाट प्राप्त स्रोत र आफ्नै मानवीय तथा संस्थागत स्रोत परिचालन गरी एकीकृत स्थानीय विकासमा उल्लेख्य टेवा पुऱ्याएका छन् । सामुदायिक वन विकासका प्रक्रियागत तथा संरचनागत व्यवस्थालगायत वन व्यवस्थापनबाट प्राप्त आयले स्थानीय सामाजिक, आर्थिक परिवर्तनका लागि बिउ पुँजीको काम गरेको छ । स्थानीय स्तरमा आफ्ना समस्या आफैँ पहिचान गर्ने र निर्धारित विधिभित्र रहेर समाधान गर्ने क्षमता तथा संस्कार, कामप्रतिको समर्पण र तत्परताको विकास गरेको छ । प्राप्त परिणामका आधारमा नेपालको सामुदायिक वनले स्थानीय तथा राष्ट्रिय स्तरमा सरोकारवालाबाट साथ-सहयोग, पहिचान तथा ख्याति आर्जन गर्न सफल भएको छ ।

सामुदायिक वनको आजको अवस्था सिक्काको पाटा पल्टेजस्तो गरी एकैपटकमा आएको भने होइन । ४५ वर्षदेखिको निरन्तर नीतिगत एवं कार्यविधिगत विकास, विस्तार तथा स्थानीय समूहको निर्णायक नियन्त्रणमा रुपान्तरण हुँदै आएको हो । सामुदायिक वन विकास जुन प्रक्रियाबाट आजको अवस्थामा आएको छ, भावी दिनमा समेत उस्तै प्रक्रियाबाट रुपान्तरण हुन दिनुपर्दछ । विद्यमान स्पष्ट नीतिगत, संरचनागत, प्रक्रियागत तथा कानुनी व्यवस्था र सरोकारवालाको रचनात्मक साथ-सहयोगको निरन्तरता पनि उत्तिकै महत्त्वपूर्ण छ ।

वन ऐन २०४९, नियमावली २०५१ मा स्थानीय तहसँगको साझेदारी तथा समन्वयको परिकल्पना नगरिएको हुँदा सामुदायिक वन आफ्नै स्वतन्त्र नियन्त्रण तथा निर्णय प्रक्रियाबाट विकास भए पनि स्थानीय तहसँगको सहकार्य तथा साझेदारी निकै खड्किएको विषय थियो । सामुदायिक वन विकासको कालखण्डको अधिकांश अवधिमा स्थानीय तहहरू निर्वाचित जनप्रतिनिधिविहीन भएका कारण पनि सामुदायिक वन विकासमा उनीहरूले खासै भूमिका खेल्ने मौका पाएको देखिँदैन । अधिकारसम्पन्न स्थानीय तह स्थापना भई निर्वाचि संरचना तयार भइसकेको वर्तमान सन्दर्भमा वन संरक्षण तथा विकासका लागि उपभोक्ता समूह र स्थानीय तहको परस्पर सहयोगी दोहोरो सम्बन्ध रहन सकेमा सामुदायिक वन प्रक्रिया झनै सुदृढ हुनेमा दुईमत हुन सक्दैन ।

अविछिन्न उत्तराधिकारवाला तथा स्वचालित संस्थाका रूपमा वन पैदावारको उत्पादन तथा बेचबिखन गर्न सक्ने, गैरउपभोक्तालाई टाढा राख्न सक्ने एवं प्राप्त लाभमा पूर्णरूपमा एकल स्वामित्वजस्ता आधारभूत तत्त्वले उपभोक्ता समूहलाई वन संरक्षण तथा व्यवस्थापनजस्तो चुनौतीपूर्ण कार्यमा उत्साहका साथ समर्पित हुन अग्रसर गराएको छ । भावी दिनमा यस किसिमको लाभ, उत्साह र विश्वासलाई निर्बाध कायम राख्दै स्थानीय तहसँग आर्थिक तथा विकास साझेदारी हुन आवश्यक छ । यस किसिमको साझेदारीमा सामुदायिक वनको संलग्नतालाई सकारात्मक रूपमा लिनुपर्दछ ।

स्थानीय तहसँग विकास तथा आर्थिक साझेदारी गर्दा उपभोक्ता समूहले सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा गरेको लाभमा आधारित लगानीलाई समेत दृष्टिगत गर्दै समग्र वन क्षेत्रले उपभोक्ता समूह तथा सामुदायिक वनमार्फत गरेको उपलब्धि सुदृढ हुने गरी स्थानीय, प्रदेश तथा संघीय सरकारका सामुदायिक वनसम्बन्धी भावी दिनका नीतिगत, कार्यविधिगत एवं कार्यक्रमिक व्यवस्था सचेततापूर्वक निर्माण तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

# सामुदायिक वन विकास अवधारणा : विकासक्रम र कार्यान्वयन प्रक्रिया


डा. अनुजराज शर्मा*, प्रकाश लम्साल**, सञ्जीवराज ढकाल***

## १. सामुदायिक वन विकास अवधारणा : विकासक्रम र कार्यान्वयन प्रक्रिया

### १.१ अवधारणा र विकासक्रम

चार दशकअघिदेखि क्रमशः आरम्भ, विकास तथा विस्तार हुँदै नेपालको सामुदायिक वन विकास प्रक्रिया आजको अवस्थासम्म आइपुगेको छ । सन् १९७० को दशकमा समुदायमा आधारित अवधारणा सुरु हुनु अगाडिसम्म देशको सम्पूर्ण वनक्षेत्र सरकारी संयन्त्रबाट केन्द्रीकृत रूपमा नियन्त्रित थियो (चार्ट १) । देशैभरि छरिएर रहेका ग्रामीण समुदायको सहभागिताको अभावमा नियन्त्रणमुखी तथा केन्द्रीकृत वन प्रशासनले वन संरक्षण तथा व्यवस्थापनमा अपेक्षाकृत सफलता प्राप्त गर्न नसकेको परिणामस्वरूप तत्कालीन अवस्थामा नेपालले बेहोरेको तीव्र वन विनास तथा क्षयीकरणलाई सम्बोधन गर्न सामुदायिक वन विकासको अवधारणा आरम्भ भएको देखिन्छ । आरम्भमा समुदायको सहभागितामा खासगरी पहाडी क्षेत्रका नांगा पाखाहरूको वृक्षारोपण तथा संरक्षणद्वारा पुनरुत्थान (Restoration) गर्ने कार्यबाट सामुदायिक वन विकास सुरु भएको देखिन्छ । अपेक्षाकृत सफलता हासिल गर्दै जाने क्रममा समुदायलाई उपभोगको अधिकारसहित निर्णय र नियन्त्रण प्रक्रियामा समेत सहभागी गराउन सुरु भयो । उपभोगको अधिकारसहित निर्णय प्रक्रियामा

(चार्ट १)




समुदायको सहभागिताले उनीहरूलाई वन संरक्षण र व्यवस्थापन गर्न प्रोत्साहन मिलेको अनुभववाट सिद्ध भएपश्चात् नेपालमा नीतिगत तथा कानुनी रूपमै सामुदायिक वन विकास प्रक्रिया विकास तथा विस्तार भयो । आजको दिनसम्म आउँदा सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, कवुलियती वन, निजी वनलगायतका सबै किसिमका वनका साथै र भू-परिधिस्तरमा एकीकृत रूपमा संरक्षण तथा व्यवस्थापन गर्ने नीतिगत तथा कार्यविधिगत व्यवस्था स्थापित भएको छ ।

### १.२ सामुदायिक वन विकास कार्यान्वयन प्रक्रिया

सम्भावित सामुदायिक वन र उक्त वनमा आश्रित स्थानीय उपभोक्ताको पहिचानबाट सामुदायिक

* उप-महानिर्देशक, सामुदायिक वन महाशाखा, वन विभाग
** सामुदायिक वन विकास अधिकृत, सामुदायिक वन महाशाखा, वन विभाग
*** सहायक वन अधिकृत, सामुदायिक वन महाशाखा, वन विभाग

वनको कार्यान्वन सुरु हुन्छ । तत्पश्चात् उपभोक्ता समूह गठन, समूहको विधान तथा वनको कार्ययोजना तयारी, जिल्ला वन अधिकृतबाट विधान तथा कार्ययोजना स्वीकृति, सामुदायिक वन हस्तान्तरण, कार्ययोजना कार्यान्वयन र अनुगमन तथा मूल्यांकन गरिन्छ । एकपटक कार्यान्वयनमा आएपश्चात् सामुदायिक वन विकास एक अन्तहीन प्रक्रियाको रूपमा जारी रहन्छ । तर, सम्बन्धित जिल्ला वन कार्यालय र सहयोगी सरोकारवालाको साथ-सहयोग र सहजीकरणको आवश्यकता भने निरन्तर रहिरहन्छ । सामुदायिक वन विकास प्रक्रियालाई वन ऐन, २०४९, वन नियमावली, २०५१ तथा मार्गदर्शन, २०७१ ले एक समुदाय नियन्त्रित, समावेशी, पारदर्शी तथा विधिसम्मत अविछिन्न प्रक्रियाको रुपमा संस्थागत गरेका छन् । अपवादको रुपमा समूहबाहिर बिक्री भएको साल र खयर प्रजातिमा १५ प्रतिशत रकमबाहेक सामुदायिक वनबाट प्राप्त आम्दानीमा उपभोक्ता समूहले शतप्रतिशत उपभोग गर्ने अधिकार राख्दछ । उल्लिखित व्यवस्थाले संलग्न जिल्ला वन कार्यालय, सरकारी तथा गैरसरकारी निकाय एवं सरोकारवालालाई आफ्नो भूमिका पहिचान गरी कार्यक्रममा सहयोग गर्न सहज बनाएको छ ।

## २. सामुदायिक वनका परिवर्तका शृंखला तथा विद्यमान उपलब्धि

### २.१ सामुदायिक वनका परिवर्तनका शृंखलाहरू

सुरुआती अवस्थामा क्षतिग्रस्त वनक्षेत्रको पुनरोत्थान तथा वृक्षारोपणवाट हरियाली पुनर्प्राप्ति गर्नु र वन पैदावारको घरायसी आवश्यकता पूरा गर्नु नै सामुदायिक वनको प्रमुख उद्देश्य थिए । त्यसपछिका दुई दशकमा समुदायको सहभागितामा क्षतिग्रस्त भीरपाखाहरूको वृक्षारोपण र संरक्षणवाट पुनरुत्थान कार्यले एकपछि अर्को सफलता हासिल गर्दै जाँदा सामुदायिक वनमा नयाँ पुस्ताका खासगरी (निर्णय, नियन्त्रण र सामुदायिक वनबाट प्राप्त लाभमा लैंगिक तथा सामाजिक समावेशीकरण, जीविकोपार्जन, सुशासनजस्ता सवालले प्राथमिकता पाएको देखिन्छ । समयक्रममा वैज्ञानिक वन व्यवस्थापन, वातावरणीय सेवाको भुक्तानी, पर्या-पर्यटनमार्फत आयआर्जन र रोजगारीजस्ता विषय सामुदायिक वन व्यवस्थापनका उद्देश्यमा थपिँदै गएका छन् । जलवायु परिवर्तको विश्वव्यापी प्रभाव नेपालको सामुदायिक वन कार्यान्वयनमा पनि परेको छ । सामुदायिक वनबाट जलवायु परिवर्तन अनुकूलन र रेडप्लस (REDD$^{+}$) कार्यान्वयनमार्फत न्यूनीकरणमा योगदान दिने महत्त्वाकांक्षी लक्ष्यको समेत अपेक्षा गरिएको छ । सुरुआती उपलब्धिलाई निरन्तरता दिँदै उद्देश्य थपिने कार्यले सामुदायिक वन विकास कार्यान्वयन र त्यसका सफलता निर्धारण गर्ने कार्यमा थप जटिलता थपिदिएको छ (Gilmour 2016) । राष्ट्रिय स्तरमा विस्तृत तथ्य तथ्यांकसहित व्यवस्थित सूचना प्रणाली व्यवस्थापन गरी उल्लिखित लक्ष्य हासिल गर्न सामुदायिक वनको योगदान एकिन गर्ने कार्य भने बाँकी नै देखिएको छ ।

### २.२ सामुदायिक वनका विद्यमान उपलब्धि

हालसम्म २२ लाख ३७ हजार ६ सय ७० हेक्टर वनक्षेत्र सामुदायिक वनका रूपमा २२ हजार २ सय ६६ समूहलाई हस्तान्तरण भइसकेको छ भने हस्तान्तरण कार्य जारी छ (वन विभाग २०७५) । हस्तान्तरित क्षेत्र राष्ट्रिय वनको कुल क्षेत्रफलको ३६.६ प्रतिशत हुन आउँछ । सामुदायिक वन व्यवस्थापनमा २९,०७,८७१ घरधुरी संलग्न देखिएको छ । सामुदायिक वनको समग्र अवस्था राम्रो भएको तथ्य यसका बारेमा सर्वसाधारणको दृष्टिकोण, विभागमा भएका प्रगति अभिलेख, सामुदायिक वनका कार्ययोजना र अनुसन्धानका प्रतिवेदनहरूले पुष्टि गरेका छन् । सामुदायिक वनको विकास र विस्तारले क्षतिग्रस्त वनक्षेत्रको पुनरुत्थान, वनको घनत्वमा

वृद्धि, बढ्दो वन्यजन्तुसहित प्रजाति विविधता, पानीका मुहान संरक्षणजस्ता अनेकौं उपलब्धि भएका छन्। वनको आम्दानीलाई वन क्षेत्रकै व्यवस्थापन गर्न पुनः लगानी गर्ने, ग्रामीण पूर्वाधार तथा सामाजिक विकासमा टेवा पुऱ्याउने कार्यसमेत भएको छ। वन डढेलो नियन्त्रण, वन अतिक्रमण तथा अवैध कटानी र ओसारपसार नियन्त्रणमा समुदायको उल्लेख्य सहभागिता भएको छ। सामुदायिक वन उपभोक्ता समूहको नेतृत्वमा महिला तथा पछाडि पारिएको वर्गको प्रतिनिधित्व तथा पहुँच उल्लेख्य रूपमा बढेको छ। ७० प्रतिशतभन्दा बढी सामुदायिक वनमा न्यूनतम ३३ प्रतिशत महिलाको प्रतिनिधित्व पाइएको छ। कोसी तथा धवलागिरि पहाडी क्षेत्रमा मुख्य निर्णय गर्ने पदमा ३८ प्रतिशत महिला तथा ८५ प्रतिशत जनजाति तथा दलित वर्गको प्रतिनिधित्व पाइएको छ (MSFP, 2016b)। सामुदायिक वनको उत्पादन तथा उत्पादकत्व बढाई बजार मागलाई सम्बोधन गर्न वैज्ञानिक वन व्यवस्थापन कार्य आरम्भ तथा विस्तार गरिएको छ। चालू आर्थिक वर्षमा २ सय ८५ वटा सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन कार्यान्वयन गरिएको र आगामी वर्षमा क्रमशः विस्तार गर्दै जाने कार्यक्रम रहेको छ। सामुदायिक वन प्रक्रियाले राष्ट्रिय स्तरमा राजनीतिक तथा प्रशासनिक तहबाट र सहयोगी अन्तर्राष्ट्रिय निकायबाट समेत पहिचान र सहयोग पाएकाले नै आजको अवस्थामा हासिल भएको हो। सामुदायिक वनको समग्र उपलब्धिलाई सारांशमा भन्नुपर्दा (वातावरणीय पुँजी, भौतिक पुँजी, मानवीय, सामाजिक तथा संस्थागत पुँजीको नवनिर्माण तथा विस्तार र व्यवस्थापन भएको छ। सक्रिय सामुदायिक वनले वन पैदावारको दिगो उत्पादन तथा बिक्री वितरणका साथै थप योगदानको रूपमा जैविक विविधता संरक्षण, दिगो वन व्यवस्थापनमार्फत कार्बन सञ्चिति, जलवायु परिवर्तन अनुकूलन तथा वातावरणीय सेवा व्यवस्थापन पनि स्वतः गरिराख्न सक्छ। सामुदायिक वनमा जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण र वातावरणीय सेवाका कार्यक्रमलाई समेत मूल प्रवाहीकरण गर्ने व्यवस्था विद्यमान मार्गदर्शनमा गर्ने गरी आवश्यक कार्य भइरहेको अवस्था छ (वन विभाग, २०७५)।

सामुदायिक वनका प्रगितलाई उत्सवका रूपमा देशव्यापी रूपमा मनाउन आर्थिक वर्ष २०७२/७३ देखि सामुदायिक वन राष्ट्रिय दिवस मनाउन सुरु भएको छ। सामुदायिक वनको उद्गमस्थल सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा र आरम्भ मिति वि.सं. २०३०, साउन २५ गतेलाई नेपाल सरकारबाट पहिचान गरी प्रत्येक वर्षको साउन २५ गतेलाई सामुदायिक वन राष्ट्रिय दिवसका रूपमा मनाई जिल्ला तथा राष्ट्रिय स्तरमा सामुदायिक वनका अभियन्तालाई खोजी गरी सम्मान गरिन्छ।

### २.३ सामुदायिक वन अध्ययन केन्द्र

सामुदायिक वनको गन्तव्य संरक्षणका साथै संरक्षणमार्फत संलग्न समुदायको समृद्धि पनि हो। सामुदायिक वन, वन व्यवस्थापन प्रक्रिया र आश्रित समुदाय स्वयंमा परिवर्तनशील हुने हुँदा यस प्रक्रियामा सरोकारका नयाँनयाँ विषयवस्तु थपिँदै जान्छन्। सामुदायिक वन प्रक्रियालाई नयाँ विचार, प्रविधि र प्राविधिक रूपमा सुदृढ तुल्याई नयाँ सरोकारका विषयलाई सम्बोधन गर्न निरन्तर अध्ययन, अनुसन्धान तथा प्रसार जरुरी छ। अध्ययन तथा अनुसन्धानलाई सामुदायिक वन विकासको अभिन्न अंगका रूपमा अगाडि बढाउन नेपाल सरकारले 'सामुदायिक वन अध्ययन केन्द्र' स्थापना तथा व्यवस्थापनको परिकल्पना गरेको छ। आर्थिक वर्ष २०७३/७४ मा केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको छ। सम्भाव्यता अध्ययनले निम्न कार्यहरू गर्ने गरी सामुदायिक वनको उद्गम स्थल,

सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका वडा नं. १ स्थित ठोकर्पामा 'सामुदायिक वन अध्ययन केन्द्र' स्थापना र व्यवस्थापन गर्ने देखाएको छ ।

- वन संरक्षण, सम्वर्द्धन, सदुपयोग र गैरकाष्ठ वन पैदावारसम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रसार
- सामुदायिक वनका वहुआयमिक पक्षमा अध्ययन तथा अनुसन्धान
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका तालिम, गोष्ठीको पाठ्यक्रम तयारी तथा सञ्चालन
- वनसम्बन्धी नीति निर्माण तथा कार्यान्वयनमा सरकारलाई सहयोग
- नेपालको वनक्षेत्रको संरक्षण तथा व्यवस्थापनसम्बन्धी पुस्तकालय स्थापना तथा सञ्चालन
- प्रकाशन तथा प्रचार-प्रसार
- परामर्श सेवा ।

प्राप्त जानकारीअनुसार 'सामुदायिक वन अध्ययन केन्द्र' का लागि रतुवापाटी बाजथलो सामुदायिक वनको चौरमा भौतिक संरचना निर्माणका लागि स्थान छनोट भई चालू आर्थिक वर्षमा विस्तृत परियोजना प्रतिवेदन तयार हुँदै छ । वन क्षेत्रको पुनर्संरचनामा नेपाल सरकारद्वारा उपसचिवको नेतृत्वमा अध्ययन केन्द्रका लागि कर्मचारी टोलीको व्यवस्था गर्ने पहल हुँदैछ ।

## २.४ सामुदायिक वन : उपलब्धिका कारकतत्वहरू

सामुदायिक वनलाई अरू उचाइमा पुऱ्याउन आजसम्मका उपलब्धि हासिल गर्न टेवा पुऱ्याउने कारकतत्वको पहिचान र सुरक्षा गर्न जरुरी छ । केही आधारभूत तत्व छन्, जसले स्थानीय वन उपभोक्ता समूहलाई वन संरक्षण तथा व्यवस्थापनजस्तो चुनौतीपूर्ण कार्यमा समर्पित हुन अग्रसर गराएको छ । स्थानीय परिवेशअनुसार अन्य तत्वसमेत हुन सक्छन् । यहाँ केही महत्वपूर्ण कारकतत्व उल्लेख गरिएको छ ।

- स्पष्ट परिभाषित समुदायको उपभोग्य अधिकार
- सामाजिक परम्परा, भौगोलिक अवस्था र परम्परागत मूल्य-मान्यताद्वारा निर्धारित समूह सदस्यता
- समुदायको परम्परागत वन व्यवस्थापन पद्धतिको पहिचान र मान्यता, राज्यको निकायको साथ-सहयोग र सहजीकरणबाट विकास तथा सुदृढीकरण
- स्वचालित संस्थागत संरचनाको व्यवस्था र प्रोत्साहनमा आधारित विधिको पालना
- गैरउपभोक्तालाई टाढा राख्न सक्ने अधिकारको व्यवस्था
- राजनीतिक सिमानाभन्दा माथि, आन्तरिक स्वशासनबाट मानवीय तथा भौतिक स्रोत परिचालन

## ३. सामुदायिक वन अग्रगमनका सैद्धान्तिक ढाँचा

देशको अर्थतन्त्र मुख्य रूपमा दुई भागमा विभाजन गर्न सकिन्छ । आधुनिक क्षेत्र जुन मुख्य रूपमा सहरी भेगमा केन्द्रित हुन्छ भने परम्परागत क्षेत्र कृषिसँग आबद्ध भई ग्रामीण भेगमा केन्द्रित रहेको हुन्छ । नेपाल सरकारले उपलब्ध गराएको आर्थिक स्रोतलाई मुख्य रूपमा तीन किसिमबाट प्रयोग गर्न सकिन्छ ।

१. आधुनिक क्षेत्र विस्तृतीकरण

२. आधुनिक क्षेत्र सबलीकरण

३. परम्परागत क्षेत्र सबलीकरण

माथि दिइएका तीन क्षेत्रबारे थप व्याख्या गरौं ।

Figure 1: आधुनिक क्षेत्र विस्तृतीकरण





Figure 2: आधुनिक क्षेत्र सबलीकरण






Figure 3: परम्परागत क्षेत्र सबलीकरण




**(Modified from Todaro and Smith, 2004)**

आधुनिक क्षेत्र विस्तृतीकरण भन्नाले अर्थतन्त्रको सहरी भेगलाई बढावा दिई अर्थतन्त्रको विकास गर्नुलाई जनाउँछ। उदाहरणका लागि यसले सामुदायिक वनको forward and backward linkages का कारणले हुने उद्यम विकास वा द्रुत औद्योगिकीकरणलाई जनाउँछ । आधुनिक क्षेत्र विस्तृतीकरणअन्तर्गत सामुदायिक वनको उत्पादनबाट सञ्चालित स:मिल, पोल ट्रिटमेन्ट प्लान्ट वा सहरकेन्द्रित पर्या-पर्यटनलाई लिन सकिन्छ ।

आधुनिक क्षेत्र सबलीकरणमा अर्थतन्त्रको विकास सहरी भेगमा रहेका केही घरधुरीमा मात्र सीमित भएको हुन्छ । परम्परागत क्षेत्रमा रहेका घरधुरीको आय भने उस्तै (constant) रहन्छ । उदाहरणका लागि सामुदायिक वनमा अम्रिसो, अर्गेली खेतीबाट ग्रामीण भेगमा कच्चा पदार्थ उत्पादन भई सोको प्रशोधन सहरी भेगमा हुनुलाई लिन सकिन्छ । उत्पादित अर्गेलीको मूल्यमा पाँच गुणासम्म फरक हुँदा प्रमाणीकरणका लागि आधिकारिक निकायको अभावमा फाइदाको ठूलो हिस्सा बिचौलियाको पोल्टामा पर्ने स्थिति देखिन्छ ।

परम्परागत क्षेत्र सबलीकरणमा मूल रूपमा फाइदा परम्परागत क्षेत्रमा रहेका घरधुरीको बीचमा वितरण हुन्छ भने आधुनिक क्षेत्रको विकास न्यून रहेको हुन्छ । सामुदायिक वनको कारणले farm inputs जस्तै सोत्तर, दाउरा, घाँसपातको सहज उपलब्धताको कारणले परम्परागत क्षेत्र जस्तै कृषिबाली र पशुधनको उत्पादकत्वमा वृद्धिलाई लिन सकिन्छ ।

तसर्थ, परम्परागत क्षेत्र सबलीकरणले Lorenz curve लाई समानताको रेखातिर तान्ने हुँदा सानो आयवृद्धिमै गरिबी न्यूनीकरण गर्न मद्दत गर्दछ ।

काभ्रेपलाञ्चोक जिल्लाको चौवास भुल्मु सामुदायिक स:मिल अस्ट्रेलियन सरकारको सहयोगमा सन् १९९६ मा स्थापना भएको थियो । उक्त स:मिललाई वन व्यवस्थापनको सफलताका रूपमा खाद्य तथा कृषि संगठनले प्रकाशित गरेको In Search of Excellence भन्ने पुस्तकमा चित्रण गरिएको थियो । तर, एक दशकभन्दा कम समयमै उक्त सफलता खण्डित भई स:मिल सञ्चालनमा निरन्तरता आउन सकेन । यसका बाबजुद उक्त स:मिलले सन् १९९७ देखि २००४ सम्म १३,३०८ श्रम दिनको रोजगारी र ज्यालाका रूपमा अमेरिकी डलर १५,२४३ स्थानीय तहमा उपलब्ध गराएको देखिन्छ । उक्त स:मिललाई

पुनर्जीवन दिन Enlift परियोजनाको सहयोगमा सञ्चालन कार्यविधि परिवर्तन गरी पुनःसञ्चालन गरिएको छ । आधुनिक क्षेत्र विस्तृतीकरणका लागि आवश्यक पर्ने आर्थिक स्रोत, भौतिक संरचना, कामदार र प्रविधिसमेतलाई विचार गर्दा निम्नबमोजिमको स्रोत आवश्यक पर्ने देखिन्छ :

- ठूलो लगानी
- उन्नत प्रविधि
- दक्ष कामदार
- उत्पादनका लागि बजार
- सुगम यातायात र विद्युत्

आधुनिक क्षेत्र सबलीकरणको कारणले सहरी भेगमा रहेका घरधुरीको आयमा ठूलो वृद्धि भए पनि ग्रामीण भेगका र सहरी घरधुरीबीच तुलनात्मक आयमा असमानता बढ्न जान्छ। यसबाट गरिबी न्यूनीकरणमा प्रभाव पर्दैन। आधुनिक क्षेत्र सबलीकरणमा Lorenz curve समानताको रेखाभन्दा तल र पर धकेलिने हुँदा न्यून आय भएका घरधुरीको कुल आयमा हिस्सा घट्न जाने भएकाले गरिबीमा फरक पर्दैन वा अझ बढ्छ। आधुनिक क्षेत्र सबलीकरणका लागि आवश्यक पर्ने आर्थिक स्रोत, भौतिक संरचना, कामदार र प्रविधिसमेतलाई विचार गर्दा निम्नबमोजिमको स्रोत आवश्यक पर्ने देखिन्छ :

- सानो लगानी
- परम्परागत प्रविधि
- ठूलो संख्यामा कामदार (अदक्ष)
- टाढाको बजार
- विकट यातायात
- सीमित भौतिक संरचना

आधुनिक क्षेत्र विस्तृतीकरणमा सहरी घरधुरीको खुद आयमा उच्चतम् वृद्धि हुने हुँदा सहरी भेगमा निरपेक्ष गरिबी घट्न जान्छ । तर, यस्तो विकास क्रममा Lorenz curve को प्रकृतिबमोजिम सर्वसम्मत अभिव्यक्ति दिन सकिँदैन। विकासको पहिलो चरणमा गरिबीमा वृद्धि आए पनि पछिल्लो चरणमा गरिबी घट्ने अपेक्षा गर्न सकिन्छ । यसलाई निम्नबमोजिम थप व्याख्या गर्न सकिन्छ :

परम्परागत क्षेत्रमा रहेका गरिब घरधुरीको आयमा परिवर्तन आउँदैन किनकि विकासको रकमलाई परम्परागत क्षेत्रमा लगानी गरिँदैन । अतः आय वितरणको तल्लो भागमा नयाँ Lorenz curve L2 पुरानो Lorenz curve L1 भन्दा तल रहन्छ। आधुनिक क्षेत्रमा रहेका हरेक घरधुरीको आयको अनुपात पहिलेभन्दा कम हुने हुँदा आय वितरणको माथिल्लो भेगमा Lorenz curve पुरानोभन्दा बाहिर जान्छ । अतः पुरानो Lorenz curve L1 र नयाँ Lorenz curve L2 एकआपसमा बीचतिर काटिन्छन् भनी मान्न सकिन्छ ।

उपरोक्त तीन मार्गहरूले सामुदायिक वनको आर्थिक विकासले आय असमानतामा कस्तो प्रभाव पर्छ भनी चित्रण गर्दछ । आधुनिक क्षेत्र सबलीकरणले आय असमानतालाई एकनासले वृद्धि गर्दछ भने परम्परागत क्षेत्र सबलीकरणले आय असमानतालाई एकनासले कम गर्दछ । यस्तो अवस्थामा विकासका लागि उपलब्ध भएको आर्थिक स्रोत परम्परागत क्षेत्र सबलीकरणमा लगाउन उपयुक्त हुन्छ। यसको ठीक विपरीत आधुनिक क्षेत्र विस्तृतीकरणमा आय असमानता पहिले बढ्छ र पछि घट्छ। यदि विकासको यस्तो मार्ग अवलम्बन गर्ने हो भने आय असमानताको क्षणिक वृद्धिलाई लिएर संवेदनशील हुनुपर्ने अवस्था देखिँदैन ।

## ४. सामुदायिक वनको भावी कार्यदिशा

### ४.१ लगानीको क्षेत्र पहिचान

बाह्य सहयोग (सरकारी तथा अन्य) र सामुदायिक वनको आन्तरिक स्रोत-साधनलाई शीर्षक ३ मा उल्लिखित लगानीका मार्गमध्ये कुन क्षेत्रमा लगानी गर्ने हो पहिचान गरी निर्क्योल गर्न जरुरी छ। यदि हामी आधुनिक क्षेत्रलाई नै विकासको आधार हो भन्ने मान्यता राख्छौं भने सामुदायिक वनमा स:मिल वा पोल ट्रिटमेन्ट प्लान्टजस्ता उद्योग स्थापना तथा सञ्चालन गर्न उत्तम विकल्प हुन सक्छ। यस क्षेत्रमा लगानी गर्दा विकासका लागि उपलब्ध अतिरिक्त स्रोतले आधुनिक क्षेत्रलाई चलायमान बनाई निर्यातमुखी वृद्धि हासिल गर्न सहयोग पुऱ्याउँछ। यसको ठीक विपरीत परम्परागत क्षेत्र सबलीकरणमा मान्यता राख्नेहरूको विचारमा कृषि क्षेत्रमा लगानीको अभाव छ। यस क्षेत्रमा लगानी गर्दा सामुदायिक वनले कृषि क्षेत्रको अभावलाई पूर्ति गर्दछ भने Crowding effect को कारणले हुन सक्ने बेरोजगारीलाई पनि कम गर्न मद्दत गर्दछ। आधुनिक क्षेत्र सबलीकरणमा लगानी गर्ने हो भने वन पैदावार बिक्रीबाट प्राप्त लाभ बिचौलियाको सट्टा उत्पादन स्थलका समुदायमा पुऱ्याउन उनीहरू र बजारबीचको दूरी घटाउन जरुरी छ। सामुदायिक वन उपभोक्ता समूहलाई सहकारीमा आबद्ध गराई सहकारीमार्फत बजारमा पहुँच स्थापना गर्न सकिन्छ।

### ४.२ स्थानीय पालिका र उपभोक्ता समूहबीच आर्थिक तथा सामुदायिक विकास साझेदारी

देश संघीयतामा गइसकेको सन्दर्भमा स्थानीय पालिकाले गर्ने विकासमा सामुदायिक वनको संलग्नतालाई सकारात्मक रूपमा लिनुपर्दछ। आधार आयको सीमा (Base level consumption) भन्दा सामुदायिक वनको आम्दानी बढी भएमा भ्रष्टाचार र अनियमिततालाई निम्ताउँछ भन्ने मान्यतामा रु. १० लाखको सीमालाई आधार आय मानी आम्दानीको अनुपातमा प्रगतिशील कर लगाउन प्रस्ताव गरिएको छ। यसबाट समूहलाई वन संरक्षण र विकासका लागि पर्याप्त प्रोत्साहन (Incentives) रहने र स्थानीय पालिकालाई पनि सामुदायिक वनको आय बढाउन स्रोतको व्यवस्था गर्न उत्प्रेरित गर्ने आशा गर्न सकिन्छ। सामुदायिक वन उपभोक्ता समूहलाई वन संरक्षण र व्यवस्थापनमा पर्याप्त प्रोत्साहन रहोस् भन्ने अभिप्रायले स्थानीय करको अधिकतम सीमा ५ प्रतिशत प्रस्ताव गरिएको छ।

- १ करोडभन्दा बढी आम्दानीमा ५ प्रतिशत
- ५० लाखदेखि १ करोडसम्म २.५ प्रतिशत
- १० लाखदेखि ५० लाखसम्म १.२५ प्रतिशत
- १० लाखभन्दा कम आम्दानीमा स्थानीय पालिका कर नलाग्ने

उपभोक्ता समूहले वन विकासका अलावा स्थानीय भौतिक पूर्वाधारमा समेत लगानी गरिराखेको सन्दर्भमा भावी दिनमा उपभोक्ता समूहकै क्षेत्रभित्र स्थानीय पालिकाको योजनामा परेका पूर्वाधार निर्माण गर्दा पालिका र समूहबीच विकासमा साझेदारी स्थापना गर्न सकिन्छ। समूहले स्थानीय पूर्वाधारका लागि छुट्याएको रकम म्याचिङ फन्डका रूपमा प्रयोग गरी स्थानीय पालिकाको स्रोतसमेत परिचालन गर्न सकिन्छ।

### ४.३ सामुदायिक वनहरूबीच साझेदारी र सहकार्य

सामुदायिक वन उपभोक्ता समूह कानुनद्वारा स्थापित स्वतन्त्र संस्था हुन्। तर, उनीहरूद्वारा व्यवस्थित वन भने पारिस्थितिकीय दृष्टकोणबाट तथा व्यावसायिक वन पैदावार उत्पादन र बजारीकरणका लागि एकल रूपमा अपर्याप्त हुन सक्छन्। नजिकका सामुदायिक वनहरूबीच संस्थागत तथा आर्थिक साझेदारी गरेर बजारयोग्य पैदावार उत्पादन क्षेत्र तथा उत्पादन परिमाण बढाउन सकिन्छ। नजिकका सामुदायिक

वनको कार्यमूलक साझेदारीले निम्न अवसरको सिर्जना गर्न सकिन्छ :

- स्रोत र साधनको एकीकरण तथा संयुक्त लगानी
- सहकारीको स्वामित्वमा वन उद्यम तथा प्रशोधन
- निजी क्षेत्रसँग पैदावार उत्पादन तथा आपूर्तिका लागि सहकार्य
- साझेदारीमा सेवाप्रदायक नियुक्त गरी वन कार्ययोजना पुनरावलोकन तथा प्राविधिक सेवा
- जलाधार संरक्षण, चोरी सिकार नियन्त्रण, संयुक्त अनुगमन तथा आर्थिक कार्यविधिको परिपालना

## ५. सामुदायिक वनका चुनौती तथा आगामी कार्यदिशा

सामुदायिक वनबाट सही अर्थमा दिगो वन व्यवस्थापन र समृद्धिमा टेवा पुऱ्याउन प्राप्त सफलतालाई कायम राख्दै थप उपलब्धि हासिल गर्न जरुरी छ। देशव्यापी रूपमा विकास र विस्तार हुँदै जाँदा स्थलगत तहबाट पुऱ्याउने सेवाको आवश्यकता पनि बढ्दो छ । तर, सेवा पुऱ्याउने सरकारी तथा गैरसरकारी सहजकर्ता कर्मचारीको संख्यात्मक तथा क्षेत्रगत रूपमा विस्तार हुन सकेको छैन । सामुदायिक वन कार्यक्रमको उपलब्धिको व्याख्या गर्दै गर्दा उचित सेवाको अभावमा ५ हजार ४ सय ७३ गोटा सामुदायिक वन कार्ययोजना पुनरावलोकन हुन सकेको छैन । करिब २५ प्रतिशतको हाराहारीमा उपभोक्ता समूहले पुनरावलोकनको अभावमा सामुदायिक वन व्यवस्थापनमा आफ्नो भूमिका वहन गर्न र लाभ लिन अप्ठेरो भएको छ। सम्पूर्ण कार्ययोजना पुनरावलोकन गरी विधिसम्मत सक्रियतामा ल्याउनु सामुदायिक वनको प्रमुख चुनौतीका रूपमा देखापरेको छ। यसका अलावा वन क्षेत्रको समेत पुनर्संरचना भइराखेको सन्दर्भमा आगामी दिनमा निम्न चुनौती सामना गरी अगाडि बढ्नुपर्ने देखिन्छ :

- सामुदायिक वनको संख्या र क्षेत्रफलको दिगो व्यवस्थापन
- संघीयतामा सामुदायिक वनको नियमन स्थानीय सरकारले गर्ने प्रावधान आएको सन्दर्भमा राष्ट्रिय स्तरमा 'साव'का सफलताका कारकतत्वलाई व्यवस्थित राख्नु
- पृथक-पृथक परियोजना र कार्यक्रम र सरोकारकावाला निकायबीच समान बुझाइ कायम गर्नु
- सामुदायिक वनलाई वन विज्ञान (Forest Science) सँग जोड्नु
- अनुगमन मूल्यांकनका नियमित प्रक्रिया, आवधिक योजना तथा समीक्षा, क्षेत्रीय तथा विभागबाट अनुगमनलगायत सामुदायिक वन राष्ट्रिय तथा प्रदेशस्तरीय पुरस्कार
- सामुदायिक वन अध्ययन तथा अनुसन्धान केन्द्र निर्माण (भौतिक तथा संस्थागत पूर्वाधार), क्षेत्र निर्धारण (Scoping), व्यवस्थापन (विनियम, बजेट), अध्ययन तथा अनुसन्धान ।

## ६. निष्कर्ष :

चार दशकभन्दा बढीको निरन्तर सिकाइ तथा तद्नुरूपका नीतिगत, कानुनी तथा कार्यविधिगत सुधारको परिणामस्वरूप सामुदायिक वन विकास कार्यक्रम आजको अवस्थामा छ। विकास तथा निरन्तर परिवर्तनको सिलसिलामा नयाँ ढंगका सोचविचार, समस्या तथा चुनौती थपिँदै जानु स्वाभाविकै छ । देखापरेका चुनौती सामना गर्दै वनको विकास तथा व्यवस्थापनका साथै सामुदायिक वनको अग्रगामी दिशा पहिल्याउनु पनि उत्तिकै जरुरी भएको छ । यसका लागि सैद्धान्तिक दृष्टिकोणबाट भावी दिनका कार्यक्रम आधुनिक क्षेत्र विस्तृतीकरण, आधुनिक क्षेत्र

सबलीकरण र परम्परागत क्षेत्र सबलीकरणमध्ये कुन पद्धति अनुसरण गर्ने हो, स्थानीय परिवेशअनुसार छनोट गर्नु आवश्यक देखिन्छ । अधिकांश उपभोक्ताको जनजीविका सुधारमा प्राथमिकता दिने हो भने परम्परागत क्षेत्र सबलीकरणको सैद्धान्तिक ढाँचाको अनुशरण, बजारको मागमा आधारित वन पैदावारसम्बन्धी उद्योगहरूको विकास तथा विस्तार गर्ने हो भने आधुनिक क्षेत्र विस्तारीकरणको सैद्धान्तिक ढाँचामा सामुदायिक वनका क्रियाकलाप केन्द्रित गर्नुपर्ने देखिन्छ ।

सामुदायिक वन प्रक्रिया-विशेषका चुनौती र वन क्षेत्रको पुनर्संरचनाका कारण सिर्जना हुने चुनौतीलाई संस्थागत, कार्यविधिगत तथा कार्यक्रमिक रूपबाट सम्बोधन गर्दै सामुदायिक वन उपभोक्ता समूह र स्थानीय सरकारबीच आर्थिक र सामुदायिक विकासमा साझेदारी, कार्यमूलक अनुसन्धानबाट प्राप्त सिकाइको मूल प्रवाहीकरण गर्दै समूहको विद्यमान अधिकारलाई कायम राखी वन विकास र सामुदायिक विकासलाई नयाँ गन्तव्यमा पुऱ्याउन सम्भव छ ।

## सन्दर्भसूची

Sharma, Anuja Raj and Dangi, Resham Bahadur 2014. Dualistic development and economic benefits: Experience from Community Forestry in Nepal. SAARC Forestry Journal, volume 3, December, SAARC Forestry Centre, Thimpu, Bhutan.

Todaro, Michael P. and Stephen C. Smith, 2004. Economic Development. Pearson Education, India. Eighth Edition.

वनविभाग, २०७१ छैठौं राष्ट्रिय सामुदायिक वन गोष्ठी प्रतिवेदन ।

# जलवायु परिवर्तनमा नेपालको राष्ट्रिय निर्धारित योगदान (NDC) तथा दिगो विकास लक्ष्यमा सामुदायिक वन विकास कार्यक्रम

प्रकाश लम्साल*


## सारांश

यस आलेखमा सामुदायिक वन विकास प्रक्रिया, विद्यमान कार्यान्वयन अवस्था, प्राप्त उपलब्धि र सामुदायिक वनले जलवायु परिवर्तनमा राष्ट्रिय निर्धारित योगदान (NDC) तथा दिगो विकास लक्ष्य (SDG) मा पुऱ्याउने योदानबारेमा विश्लेषण गरी प्रस्तुत गरिएको छ। नेपालको सामुदायिक वन विकास समुदायकेन्द्रित, सहभागितामूलक तथा समावेशी छ । यस प्रक्रियाले रेडप्लस कार्यान्वयनमार्फत नेपालको NDC को कोशेढुंगा हासिल गर्न र जलवायु परिवर्तन अनुकूलन कार्यमा टेवा पुऱ्याउन पूर्णरूपमा सक्षम छ भनी निष्कर्ष निकालिएको छ। सामुदायिक वनले दिगो विकास लक्ष्यका १७ मध्ये १० लक्ष्यमा प्रत्यक्ष योगदान र नेपालसँग सम्बन्धित अन्य लक्ष्य हासिल गर्न अप्रत्यक्ष योगदान पुऱ्याउने निष्कर्ष निकालिएको छ । सामुदायिक वन कमी-कमजोरी तथा सीमित दायराबाट मुक्त भने छैन । रोजगारीको सिर्जना र वन पैदावारमा आधारित उद्योगसहित दिगो तथा वैज्ञानिक वन व्यवस्थापन गर्न नीति निर्माणकर्ता, स्थलगगत कार्यान्वयनकर्ता तथा नजिकबाट सहयोग गर्ने सरोकारवालाले अनुसन्धानकर्ता, विज्ञ तथा निजी क्षेत्रको आवाज सुनेर तद्नुरूपको साथ-सहयोग दिनुपर्छ भनी औंल्याइएको छ ।


## १. पृष्ठभूमि

नेपालकको १ लाख ४७ हजार १ सय ८१ वर्गकिमि कुल क्षेत्रफल (CBS, 2016) को ४४.७४ प्रतिशत क्षेत्रपफल वनक्षेत्रले ढाकेकामा जम्मा वनक्षेत्रको करिब १८ प्रतिशत संरक्षित क्षेत्रभित्र र बाँकी ८२ प्रतिशत वनक्षेत्र राष्ट्रिय वनका रूपमा विभिन्न वन व्यवस्थापन प्रणालीअन्तर्गत व्यवस्थापन भएको छ । सहभागितामूलक तथा वन सम्वर्धनमा आधारित व्यवस्थापनबाट वनक्षेत्रले उपलब्ध गर्ने सेवा एवं वस्तुको उत्पादन र उत्पादकत्व बढाई स्थानीय तथा राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने वनक्षेत्रको मुख्य लक्ष्य रहेको छ। वन ऐन, २०४९ ले व्यवस्था गरेअनुसार राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, गरिबी न्यूनीकरण तथा व्यवसायका लागि कबुलियती वन, साझेदारी वन र धार्मिक वनका रूपमा विभाजन गरी व्यवस्थापन गरिएको छ। समुदायमा आधारित वन व्यवस्थापनको रूपमा सामुदायिक वन, साझेदारी वन तथा गरिबी न्यूनीकरणका लागि कबुलियती वन व्यवस्थापन पद्धति कार्यान्वयनमा छन्। सबै किसिमका वन व्यवस्थापन पद्धतिबाट जैविक विविधता एवं वातावरणीय सेवाको संरक्षण गर्दै स्थानीय तथा राष्ट्रिय स्तरमा वन पैदावारको आपूर्ति, वनमा आधारित उद्यम विकास, आयआर्जन तथा रोजगारी सिर्जनामार्फत नेपाल सरकारले लिएको समृद्ध नेपाल र सुखी नेपाली भन्ने संकल्प पूरा गर्न उल्लेख्य टेवा पुऱ्याउने वनक्षेत्रको उद्देश्य रहेको छ ।

आजभन्दा चार दशकअगाडिदेखि नेपालले समुदायको निर्णायक नियन्त्रण तथा सहभागितामा सामुदायिक वन विकास कार्यक्रम कार्यान्वयनमा ल्याएर यस कार्यक्रमलाई वनक्षेत्रको सबभन्दा प्राथमिकता प्राप्त कार्यक्रमका रूपमा निरन्तरता दिएको छ। यस आलेखमा नेपालको सामुदायिक वनको कार्यान्वयन स्थिति र कार्यान्वयन प्रक्रिया प्रस्तुत गर्दै

* सामुदायिक वन विकास अधिकृत, वन विभाग

यसले दिगो विकास लक्ष्य हासिल तथा नेपालको NDC हासिल गर्नमा पुऱ्याउन सक्ने योगदानका बारेमा चर्चा तथा विश्लेषण गरिएको छ। सामुदायिक वनका विद्यमान सवाल, चुनौतीहरू तथा आगामी कार्यदिशाका बारेमा विचार राख्दै दिगो विकास लक्ष्य तथा NDC हासिल गर्नमा अझ बढी योगदान पुऱ्याउन लिनुपर्ने आगामी कार्यदिशाका बारेमा छलफल गरी निष्कर्ष प्रस्तुत गरिएको छ।

## २. सामुदायिक वन विकास कार्यान्वयन प्रक्रिया

जिल्ला वन अधिकृतद्वारा स्वीकृत कार्ययोजनाअनुसार अविछिन्न संरक्षण, व्यवस्थापन तथा स्वतन्त्र रूपमा वन पैदावारको उत्पादन तथा उपभोग र बिक्री वितरण गर्न सक्ने गरी स्थानीय सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वनको भोग नै सामुदायिक वन हो। सामुदायिक वन उपभोक्ता समूह गठन, समूहको विधान तथा वनको कार्ययोजना तयारी गर्ने प्रक्रियालाई वन ऐन, २०४९, वन नियमावली, २०५१ तथा सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ ले स्पष्ट दिशानिर्देश गरेका छन् (चार्ट १)। उल्लिखित कानुनी तथा कार्यविधिगत व्यवस्थाले सामुदायिक वन विकास प्रक्रियामा संलग्न जिल्ला वन कार्यालय, अन्य सरकारी तथा गैरसरकारी निकाय एवं सरोकारवालाको पहिचान गरी तिनीहरूको सम्भावित भूमिकाका बारेमा समेत स्पष्ट व्यवस्था गरेका छन्।

सम्भावित सामुदायिक वन र उक्त वनमा आश्रित स्थानीय उपभोक्ताको पहिचानबाट सामुदायिक वनको कार्यान्वन सुरु हुन्छ। त्यसपछि उपभोक्ता समूह गठन, समूहको विधान तथा वनको कार्ययोजना तयारी, जिल्ला वन अधिकृतवाट विधान तथा कार्ययोजना स्वीकृति, सामुदायिक वन हस्तान्तरण, कार्ययोजना कार्यान्वयन र अनुगमन तथा मूल्यांकन गरिन्छ (चार्ट २)। एकपटक कार्यान्वयनमा आएपछि सामुदायिक वन विकास एक अन्तहीन प्रक्रियाका रूपमा जारी रहन्छ। तर, सम्बन्धित जिल्ला वन कार्यालय र सहयोगी अन्य निकायको साथ-सहयोग र सहजीकरणको आवश्यकता भने निरन्तर रहिरहन्छ। सामुदायिक वन विकासको निर्णय तथा नियन्त्रण प्रक्रियामा समावेशी तथा समानुपातिक सहभागितामार्फत आदिवासी जनजाति, महिला, दलित तथा पिछडिएका वर्गको हक अधिकारको पहिचान र व्यवस्थापन सुनिश्चित गरिएको हुन्छ। अपवादका रूपमा समूहबाहिर बिक्री भएको साल र खयर प्रजातिमा राजस्व दरको १५ प्रतिशत रकमबाहेक सामुदायिक वनबाट प्राप्त आम्दानीमा उपभोक्ता समूहले शतप्रतिशत उपभोग गर्ने अधिकार राख्छ।

सक्रिय सामुदायिक वनले वन पैदावारको दिगो उत्पादन तथा बिक्री वितरणका साथै थप योगदानका रूपमा जैविक विविधता संरक्षण, दिगो वन व्यवस्थापनमार्फत कार्बन सञ्चिति, जलवायु परिवर्तन अनुकूलन तथा वातावरणीय सेवा व्यवस्थापन पनि स्वतः गरिराख्न सक्छ। सक्रिय सामुदायिक वन व्यवस्थापनमा जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण वातावरणीय सेवाका कार्यक्रमलाई समेत मूल प्रवाहीकरण गर्ने व्यवस्था विद्यमान मार्गदर्शनमा गर्ने गरी आवश्यक कार्य भइरहेको अवस्था छ (वन विभाग, २०७५)।

## ३. सामुदायिक वन विकासको विद्यमान कार्यान्वयन स्थिति :

हालसम्म नेपालमा २२ लाख ३७ हजार ६ सय ७० हेक्टर वनक्षेत्र सामुदायिक वनको रूपमा २२ हजार २ सय ६६ समूहलाई हस्तान्तरण भइसकेको छ। यो क्षेत्र देशको कुल वनक्षेत्रको ३३ प्रतिशत र राष्ट्रिय वनक्षेत्रको ४१ प्रतिशत हुन आउँछ। सामुदायिक वन व्यवस्थापनमा करिब २९ लाख घरधुरी संलग्न देखिएको छ (वन विभाग, २०७५)। नेपालको सामुदायिक वनको समग्र अवस्था राम्रो भएको तथ्य सामुदायिक वनका बारेमा सर्वसाधारणको दृष्टिकोण, जिल्ला वन कार्यालयहरू तथा वन विभागमा भएका प्रगति अभिलेख, सामुदायिक वनका कार्ययोजना र अनुसन्धानका प्रतिवेदनले पुष्टि गरेका छन्। सामुदायिक वनको क्षेत्रफल बढ्दै र समूहबाट संरक्षण हुँदै जाँदा क्षतिग्रस्त वनक्षेत्रको

पुनरुत्थान, वनको घनत्वमा वृद्धि, बढ्दो वन्यजन्तुसहित प्रजाति विविधता, पानीका मुहान संरक्षणजस्ता अनेकौं उपलब्धि भएका छन् । साथै, वन डढेलोका घटनामा न्यूनता, वन अतिक्रमण नियन्त्रणमा समूहको सहभागिता, अवैध कटानी र ओसारपसारमा कमी आएको उपलब्ध अभिलेखबाट देखिएको छ ।

उपभोक्ता समूह स्वयंले वन संरक्षण गरेको तथा ओसार पसारमा नियन्त्रण गरेका कारण वन पैदावार चोरी तथा वनक्षेत्रमा निषेधित कार्य भएका उजुरी र वन मुद्दामा न्यूनता आएको छ । उपभोक्ता समूहको नेतृत्वमा महिला तथा पछाडि पारिएको वर्गको प्रतिनिधित्व तथा पहुँच उल्लेख्य रूपमा बढेको छ । जिल्ला वन कार्यालयलगायत सामुदायिक वनलाई नजिकबाट सहयोग गर्ने निकायमा दक्ष तथा तालिमप्राप्त जनशक्तिको उपलब्धता बढ्दै छ । समावेशीकरण, सहभागिता, लाभको न्यायोचित वितरण तथा सकारात्मक विभेदप्रति जिल्ला वन कार्यालयका कर्मचारी र गैरसरकारी संस्था तथा सेवाप्रदायक निकायमा कार्यरत जनशक्तिमा आएको उच्चस्तरको चेतना र संवेदनशीलता देखिएको छ । समूहको निर्णय प्रक्रियामा विपन्न वर्गको पहुँच तथा उनीहरूको आयआर्जनका लागि सामुदायिक वनको जग्गा छुट्याउने कार्यसमेत बढिरहेको पाइएको छ । ७० प्रतिशतभन्दा बढी सामुदायिक वनमा न्यूनतम ३३ प्रतिशत महिलाको प्रतिनिधित्व पाइएको छ । कोसी तथा धवलागिरि पहाडी क्षेत्रमा मुख्य निर्णय गर्ने पदमा ३८ प्रतिशत महिला तथा ८५ प्रतिशत जनजाति तथा दलित वर्गको प्रतिनिधित्व पाइएको छ (MSFP, 2016b) । सामुदायिक वनको समग्र उपलब्धिलाई सारांशमा भन्नुपर्दा यसले समुदायमा वातावरणीय पुँजी, भौतिक पुँजी, मानवीय, सामाजिक तथा संस्थागत पुँजीको नवनिर्माण तथा विस्तार र व्यवस्थापन भएको छ ।

## ४. जलवायु परिवर्तन र सामुदायिक वन

सन् १९७० को दशकमा हिमालय क्षेत्रमा वन विनास तथा क्षयीकरणको समस्याले पिरोलेपछि समाधानको प्रयासस्वरूप नेपालमा सामुदायिक वनको औपचारिक सुरुआत भएको मानिन्छ । तत्कालीन अवस्थामा क्षतिग्रस्त वनक्षेत्रको पुनरुत्थान तथा वृक्षारोपणबाट हरियाली पुनर्प्राप्ति गर्नु नै सामुदायिक वनको प्रमुख उद्देश्य थियो । त्यसपछिका दुई दशकसम्म सामुदायिक वन विकास कार्यक्रममार्फत क्षतिग्रस्त भीरपाखाको पुनरुत्थान तथा वृक्षारोपणका लागि स्थानीय समुदाय र वनक्षेत्रका सहयोगी सरकारी निकायलाई बढी मात्रामा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइएको थियो । समुदायमार्फत भएको वृक्षारोपण तथा पुनरुत्थान कार्यले सफलता हासिल गर्दै गएपछि सामुदायिक वन विकासमा नयाँ पुस्ताका सवाल खासगरी (वनक्षेत्रबाट समुदायलाई आम्दानी र निर्णय, नियन्त्रण एवं सामुदायिक वनबाट प्राप्त लाभमा लैंगिक तथा सामाजिक समावेशीकरण, सुशासनजस्ता सवालले प्राथमिकता पाएको देखिन्छ ।

जलवायु परिवर्तनको विश्वव्यापी प्रभाव नेपालको सामुदायिक वनमा पनि परेको छ । नीति निर्माणकर्ताले सामुदायिक वनबाट जलवायु परिवर्तन अनुकूलन तथा रेडप्लस (REDD+) कार्यक्रममार्फत न्यूनीकरणमा योगदान दिने र कार्बन व्यापारमा सहभागी हुने महत्त्वाकांक्षी लक्ष्यको अपेक्षा गरेको देखिन्छ । समयक्रममा यस्ता लक्ष्यलगायत वातावरणीय सेवाको भुक्तानी, सामुदायिक वनमा पर्या-पर्यटनमार्फत आयआर्जन र रोजगारीजस्ता विषय सामुदायिक वन व्यवस्थापनका उद्देश्यमा थपिँदै गएका छन् । सुरुआती उपलब्धिलाई निरन्तरता दिँदै उद्देश्य थपिने कार्यले सामुदायिक वन विकास कार्यान्वयन र त्यसका सफलता निर्धारण गर्ने कार्यमा थप जटिलता थपिदिएको छ (Gilmour 2016) ।

राष्ट्रिय स्तरमा विस्तृत तथ्य तथ्यांकसहित व्यवस्थित सूचना प्रणाली स्थापना तथा सञ्चालन गरी विस्तृत परिणाम उपलब्ध गराउन नसकिए पनि दिगो विकास लक्ष्य, जलवायु परिवर्तन अनुकूलन, रेडप्लस कार्यान्वयनमार्फत कार्बन सञ्चितिजस्ता मुद्दा सम्बोधन गर्न सामुदायिक वन एक महत्त्वपूर्ण वन व्यवस्थापन पद्धतिका रूपमा अगाडि आएको छ ।

### ४.१ जलवायु परिवर्तनमा नेपालको राष्ट्रिय निर्धारित योगदान (NDC) तथा सामुदायिक वन विकास

जलवायु परिवर्तनको कारक मानिएको हरितगृह ग्यास उत्सर्जनमा अत्यन्तै न्यून भूमिका भए पनि जलवायु परिवर्तनबाट अतिप्रभावित मुलुकमध्येमा नेपाल पनि पर्छ (GON, 2016)। कुल जनसंख्याको करिब २१.६ प्रतिशत गरिबीको रेखामुनि रहेको नेपाल जलवायु परिवर्तनबाट उच्च जोखिममा छ (NPC, 2017)। राष्ट्रिय अनुकूलन योजना (NAPA, 2010) का अनुसार नेपालका ७७ जिल्लामध्ये २९ जिल्ला पहिरो तथा भूक्षय, २२ जिल्ला सुख्खा तथा १२ जिल्ला हिमताल फुट्ने, ९ जिल्ला बाढीजस्ता प्राकृतिक विपत्तिबाट उच्च जोखिममा देखिएका छन् । हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलनमार्फत समुदायको संकटासन्नता न्यूनीकरण (Reducing vulnerability) तथा समुदायको समानुकूलन क्षमता अभिवृद्धिजस्ता कार्यलाई जलवायु परिवर्तनका लागि नेपालको राष्ट्रिय प्रतिबद्ध योगदानले बृहत् रूपमा समेटेको छ । नेपालको राष्ट्रिय प्रतिबद्ध योगदान प्रतिवेदनमा उल्लिखित निम्न लक्ष्य समग्र रूपमा नेपालको वनक्षेत्रसँग र खासगरी सामुदायिक वन विकास प्रक्रियासँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्ध राख्छन् । तसर्थ, सामुदायिक वन नीति, कार्यक्रम तथा कार्यविधि नेपालको प्रतिबद्धता कार्यान्वयनका लागि महत्त्वपूर्ण मानिएको छ ।

- नेपालले कुल क्षेत्रफलको ४० प्रतिशत भूभाग वनक्षेत्रको रूपमा व्यवस्थित गर्ने, दिगो वन व्यवस्थापनमार्फत वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउने ।
- वन क्षेत्रको सुशासन सुदृढीकरण, वन विनास तथा क्षयीकरणका कारक तत्त्वलाई सम्बोधन गर्दै उपराष्ट्रिय स्तरमा (sub-national) रेडप्लस (REDD+) योजना कार्यान्वयनमार्फत सन् २०२० सम्ममा १४ मिलियन टन कार्बन्डाइअक्साइड ($CO_2$-eq) उत्सर्जन घटाउने ।
- १३०,००० घरायसी, १००० संस्थागत तथा २०० वायोग्यास जडान गर्ने ।
- ४७५,००० उन्नत चुल्हो जडान गर्ने ।

### ४.२ सामुदायिक वन र रेडप्लस (REDD+) कार्यान्वयन

नेपालको जलवायु परिवर्तन नीति, राष्ट्रिय अनुकूलन योजना (NAPA) तथा रेडप्लस कार्यान्वयनमा लिइएका रणनीतिक पहलले जलवायु परिवर्तनको नेपालको कार्यसूचीमा वनक्षेत्रको भूमिका राम्रोसँग उजागर गरिदिएको छ (GON, 2011)। सामुदायिक वन विकास प्रक्रिया समग्र वन संरक्षण तथा दिगो व्यवस्थापनमार्फत स्थानीय तथा राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने नेपालको वनक्षेत्रको लक्ष्यसँग पूर्णरूपमा तालमेल राख्छ ।

वनक्षेत्रको खण्डीकरण, संकुचन, मिचाहा प्रजातिको प्रकोप, वन डढेलो, अव्यवस्थित कटानी, अति चरिचरनजस्ता रेडप्लस रणनीति, २०७४ ले औँल्याएका वन विनास तथा क्षयीकरणका कारक तत्त्वलाई सामुदायिक वन विकासका एकीकृत पहलबाट सबैभन्दा राम्रोसँग सम्बोधन गर्न सकिने देखिएको छ । उत्सर्जन घटाउने यस्ता कार्यले जलवायु परिवर्तन न्यूनीकरणमा योगदान मात्र दिने छैनन्, गरिबी न्यूनीकरण, एकीकृत सामुदायिक विकास तथा जलवायु परिवर्तन अनुकूलका लागि यथेस्ट सहलाभ (co-benefits)पुऱ्याउने छन् । सामुदायिक वनले सुशासन, लैंगिक तथा सामाजिक समावेशीकरण तथा आदिवासी जनजातिको सहभागितामार्फत सुदृढ रेडप्लस (REDD+) कार्यान्वयनका लागि अरू सहयोग पुऱ्याउनेछ । यसरी एकीकृत वन संरक्षण, विकास तथा समुदायको जीविकोपार्जनका लागि मात्र नभई सामुदायिक वनले नेपालको वनक्षेत्रलाई विनास तथा क्षयीकरणबाट बचाई दिगो वन व्यवस्थापनमार्फत कार्बन सञ्चिति बढाउने रेडप्लस कार्यान्वनको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउनेछ ।

### ४.२ जलवायु परिवर्तन अनुकूलन

मिचाहा प्रजातिको प्रकोप, वन डढेलो, पानीका मुहान सुक्ने तथा भूक्षय, बाढी, लामो खडेरीजस्ता घटना जलवायु

परिवर्तनका प्रतिकूल प्रभावका कारण सिर्जना भएको मानिन्छ । सामुदायिक वनले यस्ता घटनाको सामना गर्दै प्रभावित समुदाय तथा वन्य पारिस्थितिकीय प्रणालीको समानुकूलन क्षमता सुदृढ बनाउने क्षमता राख्ने देखिएको छ। स्थानीय सामुदायिक वन उपभोक्ता समूहले आफ्ना सुदृढ संस्थागत संरचनामार्फत समुदायमा आधारित अनुकूलनका योजना तर्जुमा तथा कार्यान्वयन गर्ने/गराउने आधार दिएका छन्। समावेशी, सुशासित तथा पारदर्शी प्रक्रियामा सञ्चालित उपभोक्ता समूहले जलवायु परिवर्तनबाट अति संकटमा रहेका आफ्ना सदस्यहरूको समानुकूलन क्षमता बढाउने कार्यक्रम कार्यान्वयन गर्ने क्षमता राख्छन् । संकटमा रहेका यस्ता परिवार तथा समूहसँग जलवायु परिवर्तनबाट सिर्जित भूक्षय, बाढी, लामो खडेरीजस्ता जलवायु परिवर्तनबाट सिर्जित प्रकोपजन्य मौसमी घटना सामना गर्ने क्षमता अत्यन्त न्यून हुन्छ ।

महिला, विपन्न, पछाडि परेका वर्ग तथा वन स्रोतमा अतिनिर्भर परिवार जलवायु परिवर्तनबाट झन् बढी जोखिममा रहेका हुन्छन् । सामुदायिक वन प्रक्रियाले उपभोक्ता समूहमार्फत यस्ता समस्या समाधानका अभिन्न अंगको रूपमा काम गरिरहेको पाइएको छ । सामुदायिक वनले आफ्ना सदस्यलाई विभिन्न कार्यक्रममार्फत जलवायु परिवर्तनबाट सिर्जित यस्ता घटना सामना गर्न साथ-सहयोग दिने गरेका छन्। समूहका सदस्यले उपभोक्ता समूहमार्फत बोल्ने र आफ्ना समस्या राख्ने तथा समाधानका उपायको योजना तर्जुमा गर्ने गर्छन् । अर्कोतर्फ समूहबाट संरक्षित र व्यवस्थित वनले अनिकालमा खाद्य सुरक्षा गर्ने, भिरालो जमिनमा पहिरोबाट आएका ढुंगा रोकी सुरक्षा गर्ने, समथर भूभागमा बाढी तथा नदी कटानबाट बचाउने एवं जलाधार क्षेत्रमा पानीको उचित सम्भार गर्ने काम गर्दछ ।

सामुदायिक वनबाट प्राप्त आम्दानीले स्थानीय उपभोक्ता समूहमार्फत जलवायु परिवर्तनका प्रतिकूल प्रभावको सामना गर्न र समुदायको समानुकूलन क्षमता सुदृढ गराउन अरू बढी सहयोग गर्न सकिन्छ । सुदृढ तथा सक्रिय उपभोक्ता समूह जलवायु परिवर्तन सामनाका लागि पनि उत्तिकै सक्रिय हुन सक्छन् र बाह्य सकट झेल्ने क्षमता राख्छन् । यस्ता सहयोगी सामुदायिक वन तथा उपभोक्ता समूह सहभागी समुदायको संकटका साथीको रूपमा देशैभरि फैलिएका छन् । यसरी सामुदायिक वनले जलवायु परिवर्तनका प्रतिकूल प्रभावबाट बचाउने मात्र होइन, रेडप्लस कार्यान्वयनमार्फत यस्ता प्रभाव सिर्जना गर्ने स्रोतमै न्यूनीकरण गर्ने भूमिका खेल्न सक्छन् । तर, सामुदायिक वनको अधिकतम क्षमताको पूर्ण उपयोग गर्न अझै धेरै बाँकी छ ।

## ५. सामुदायिक वन व्यवस्थापन र दिगो विकास लक्ष्यमा योगदान

सहस्राब्दी विकास लक्ष्यको अवधि सन २०१५ को डिसेम्बर महिनामा सकिएपछि विश्व विकास मञ्च संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य २०३० तर्फ अग्रसर छ । सन् २०३० सम्ममा शान्त, समावेशी तथा दिगो विकासको दूरदृष्टि भएको यस अभियानमा १७ वटा दिगो विकास लक्ष्य (SDGs) तथा १६९ वटा Targets छन्। यी लक्ष्यले दिगो विकासका सामाजिक, आर्थिक तथा वातावरणीय आयामलाई सम्बोधन गरेका छन् । दिगो विकास लक्ष्य प्राप्त गर्न नेपालले बृहत् कार्यक्रमसहित कार्यान्वयनको राष्ट्रिय प्रतिवेदन तयार पारेको छ। सामुदायिक वन विकास कार्यक्रमको दिगोपना र दिगो विकास लक्ष्य हासिल गर्न यस कार्यक्रमको योगदान परीक्षणका लागि सामुदायिक वनका विद्यमान नीतिगत, कानुनी, कार्यविधिगत तथा कार्यक्रमिक व्यवस्था र यसको अन्तरवस्तुलाई राम्रोसँग हेर्न जरुरी छ ।

वन ऐन, २०४९ को दफा ४३ ले सामुदायिक वन उपभोक्ता समूहलाई अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्थाका रूपमा मान्यता दिएको छ। उपभोक्ता समूहले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग र बेचबिखन गर्न सक्छ । यस हैसियतमा उपभोक्ता समूहले सामुदायिक वनभित्र र समुदायको बस्ती क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमको दिगो कार्यान्वयन गर्ने भरपर्दो वातावरण सिर्जना गर्न सक्छन् । कानुनी

व्यवस्थासहित यसअघि वर्णन गरिएको सहभागितामूलक तथा समावेशी कार्यविधिगत प्रक्रियाले वातावरणीय, सामाजिक तथा संस्थागत दिगोपनाको सुनिश्चितता गरेको छ । सामुदायिक वन व्यवस्थापनबाट उत्पादन हुने वस्तु तथा सेवा बिक्रीबाट प्राप्त आम्दानीले आर्थिक दिगोपनाको आधारशिला खडा गर्दछ । वातावरणीय, सामाजिक तथा संस्थागत दिगोपनाका लागि वन नियमावली, २०५१ तथा सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ ले उपभोक्ता समूहको विधान तथा वन कार्ययोजनाको अन्तरवस्तु र कार्यान्वयन पद्धति (सर्वसम्मति, सहभागिता, समावेशिता, सम्झौता तथा बहुसरोकार पक्षको सहभागिता) व्यवस्थित गरेका छन् ।

राष्ट्रिय वनको केही भाग सामुदायिक वनको रूपमा हस्तान्तरण भएर (चार्ट १) सामुदायिक वन विकासको कार्यान्वयन सुरु हुनासाथ उपभोक्ता समूहले कार्यक्रम विस्तार गरेर ससाना विकास कार्यक्रम हुँदै एकीकृत सामाजिक विकासमा रुपान्तरण गरेको अवलोकन गरिएको छ । सुदृढ उपभोक्ता समूह र सामुदायिक वनको बढ्दो आम्दानीले सामुदायिक विकासका अन्य आयामका लागि प्रवेश बिन्दुको काम गर्न सक्छ । तसर्थ, सामुदायिक वन विकास प्रक्रियाले आर्थिक, सामाजिक तथा वातावरणीय स्रोतको दिगोपना सुनिश्चित गर्ने मात्र होइन, वनको दिगो व्यवस्थापन र स्थानीय सामाजिक विकास कार्यलाई अरू विकास तथा विस्तार गर्न टेवा पुऱ्याउँछ ।

सन् २०३० सम्ममा अति गरिबी, भोकमरीको निराकरण तथा खाद्य सुरक्षा सुनिश्चित गर्नु दिगो विकासको प्रथम तथा दोस्रो लक्ष्य छ । सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ ले उपभोक्ता समूहको कुल आम्दानीको ३५ प्रतिशत रकम समूह सदस्यको गरिबी न्यूनीकरणका कार्यमा खर्च गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । सामुदायिक वनमा वैज्ञानिक व्यवस्थापनको सुरुआतपछि वन व्यवस्थापनमार्फत उपभोक्ता समूहको आम्दानी बढेको पाइएको छ । वन विभागले २०७३ मा जारी गरेको सामुदायिक वन उपभोक्ता समूहका लागि आर्थिक कार्यविधि निर्देशिकाले समूहको आर्थिक क्रियाकलाप पारदर्शी राख्न र गरिबी न्यूनीकरणमा आम्दानीको ३५ प्रतिशत लगानी गरेको देखिने गरी अभिलेख राख्न मद्दत पुऱ्याउने विश्वास गरिएको छ ।

यो निर्देशिकाले सामुदायिक वन उपभोक्ता समितिको दुई महत्त्वपूर्ण पद (अध्यक्ष र सचिव) मध्ये एकजना महिला रहनुपर्ने व्यवस्था गरेको छ । समूहको बैंक खाता सञ्चालक दुईमध्ये एकजना महिला हुनुपर्ने व्यवस्थासमेत गरिएको छ । मार्गदर्शन र कार्यविधिका यस किसिमका व्यवस्थाले निर्णय तथा नियन्त्रण प्रक्रियमा महिला सशक्तीकरण तथा नेतृत्व विकासमा समान अवसरको ढोका खोलिदिएको छ । यसबाट दिगो विकासको पाँचौं लक्ष्य हासिल गर्न सोझै योगदान पुग्ने देखिन्छ । यस्तै प्रकारले उपभोक्ता समितिमा महिलाको ५० प्रतिशत सहभागिता तथा जनजाति, दलित, पछाडि पारिएका वर्गको समानुपातिक प्रतिनिधित्वको व्यवस्थाले निर्णय तथा नियन्त्रण प्रक्रियामा विद्यमान असमानतालाई हटाउन टेवा पुग्नेछ । नेपालमा महिलाबाट मात्र नेतृत्व गरिएका १ हजारभन्दा बढी सामुदायिक वन भएको अभिलेखबाट देखिएको छ ।

महिला-पुरुष मिश्रित नेतृत्व भएको समूहको तुलनामा महिलाको एकल नेतृत्व भएका उपभोक्ता समूहले राम्रो परिणाम दिएको देखिएको छ । यसका साथै वार्षिक रूपमा गरिने सार्वजनिक सुनुवाइ तथा लेखापरीक्षण कार्यले जिम्मेवार, उत्तरदायी, चुस्त तथा सक्षम संस्था निर्माण तथा विस्तारमार्फत दिगो विकासका पाँचौं र सोह्रौं लक्ष्य हासिल गर्न प्रत्यक्ष योगदान पुग्नेछ ।

उपभोक्ता समूहले स्थानीय विद्यालय भवन निर्माणमा लगानी गर्ने, शिक्षक राख्ने, सदस्य घरधुरीमा शौचालय जडित बायोग्यास प्लान्ट जडान गर्ने, उन्नत चुल्हो जडान गर्ने तथा स्थानीय भौतिक पूर्वाधार निर्माण गर्नेजस्ता कार्य गरिरहेको छ । यस्ता सामुदायिक विकास कार्यले दिगो विकासका छैटौं, आठौं तथा एघारौं लक्ष्य हासिल गर्न प्रत्यक्ष योगदान पुऱ्याउनेछन् । वन ऐनको दफा ३० 'क' ले सामुदायिक वनको कुल आम्दानीको न्यूनतम २५ प्रतिशत

रकम सामुदायिक वन व्यवस्थापनमा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । सामुदायिक वनमा यस किसिमको लगानीले जैविक विविधता संरक्षण, मरुभूमिकरणको रोकथाम तथा जलवायु परिवर्तन अनुकूलन गरी दिगो विकासका तेह्रौं, पन्ध्रौं तथा सोह्रौं लक्ष्य हासिल गर्न प्रत्यक्ष योगदान दिनेछ। बहुसरोकारवाला प्रक्रिया भएकाले सामुदायिक वन प्रक्रियाले स्वाभाविक रूपमा स्थानीय, प्रदेश तथा राष्ट्रिय स्तरमा सरोकारवालाको सहभागिता र साझेदारी स्थापना र विस्तार गर्न सहयोग पुऱ्याउनेछ ।

नेपालमा रेडप्लस कार्यान्वयनमार्फत सामुदायिक वनले यस कार्यमा अन्तर्राष्ट्रिय साझेदारी तथा सहकार्यसमेत गर्न सक्नेछ । तसर्थ, दिगो विकासका १७ लक्ष्यमध्ये १० वटा लक्ष्यमा प्रत्यक्ष योगदान र नेपालसँग सम्बन्धित अन्य लक्ष्य हासिल गर्न अप्रत्यक्ष टेवा पुऱ्याउनेछ ।

## ६. महत्त्वपूर्ण सवाल तथा आगामी कार्यदिशा

सामुदायिक वन कार्यान्वयनमा विकास तथा विस्तार हुँदै जादा यसका कमजोर पक्ष तथा सीमित दायरा पनि बाहिर देखिएका छन। अनुसन्धानकर्ता तथा विज्ञहरूले सामुदायिक वन संरक्षित मात्र भएका र सम्बन्धित उपभोक्ता समूहले वनको उत्पादन क्षमताको पूर्णरूपमा उपयोग औंल्याएका छन् । नीतिगत ध्येय र कार्यान्वनको शैलीमा पूर्ण तादम्य हुन नसकेको समेत औंल्याइएको छ । सामुदायिक वनका उपलब्धिका तथ्यांक छरिएका र स्थान तथा जिल्ला विशेषका रूपमा मात्र उपलब्ध छन् । स्थानीय तथा राष्ट्रिय स्तरमा सामुदायिक वनबाट उत्पन्न भएको आयआर्जन, रोजगारी तथा राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानका बारेमा विस्तृत अध्ययन तथा अनुसन्धान हुन सकेको छैन । वन पैदावार आपूर्ति गर्ने सिलसिलामा वन पैदावारमा आधारित उद्योग तथा निजी क्षेत्रसँगको सहकार्य तथा साझेदारी न्यून तथा नगन्य मात्रामा मात्र हुन सकेको छ। सामुदायिक वन राज्यका लागि कतै बोझ मात्र त भएको छैन भनी प्रश्न आएका छन् । खासगरी सरकारी पक्षमा पारदर्शिता तथा सुशासनका बारेमा उत्तिकै प्रश्न गरिएका छन् ।

यसका साथै राज्य पुनर्संरचनाको सँघारमा सामुदायिक वनको भविष्य कस्तो हुने हो, छलफलकै विषय बनेको छ। सामुदायिक वनको भविष्यको कार्यदिशा वनक्षेत्रमा संघीय, प्रदेश तथा स्थानीय सरकारको भूमिका तथा अधिकारको बाँडफाँटसहितको नीतिगत, कानुनी तथा कार्यविधिगत व्यवस्थामा निर्भर देखिएको छ ।

भविष्यमा सामुदायिक वनको सबल कार्यान्वयनका लागि यसका कमी-कमजोरी तथा सीमित दायरालाई राम्रोसँग बुझ्न जरुरी छ । नीति-निर्माणकर्ता, स्थलगत कार्यान्वयनकर्ता तथा सहयोगी सहजकर्ताले वन व्यवस्थापन तथा सुशासनका सबै समस्या सामुदायिक वनबाट मात्र समाधानको आशा गर्नुभन्दा वास्तविकतामा आधारित हुनुपर्नेछ (Gilmour 2016) । यसका अलावा सामुदायिक वनलाई अविछिन्न रूपमा अगाडि बढाउन उपभोक्ता समूह तथा सहयोगी कर्मचारीलाई आवश्यक सेवा-सुविधा निर्वाध रूपमा व्यवस्था हुन उत्तिकै जरुरी छ। वन सम्वर्द्धनमा आधारित सामुदायिक वन व्यवस्थापनका लागि जिल्ला वन कार्यालयहरूमा आवश्यक संख्यामा दक्ष तथा तालिमप्राप्त कर्मचारीको व्यवस्था तथा स्थानीय उपभोक्ता समूहको आवश्यक प्राविधिक सीप विकास भोलिको सामुदायिक वन विकासको सबैभन्दा महत्त्वपूर्ण तथा ठूलो चुनौतीका रूपमा देखिन्छ ।

तसर्थ, सामुदायिक वनबाट आशातीत प्रतिफल प्राप्त गर्न आगामी दिनका प्रयास स्थानीय उपभोक्ता समूह र सहयोगी कर्मचारीको क्षमता विकास तथा आयआर्जनका लागि निजी तथा सहकारी क्षेत्रसँग तालमेल मिलाउनेतर्फ केन्द्रित हुन जरुरी छ। बजार मागअनुसारको वन पैदावार उत्पादन, वन पैदावारमा आधारित उद्यम विकास, वन सम्वर्द्धनमा आधारित व्यवस्थापनजस्ता कार्य र उपयुक्त अनुसन्धान तथा विकास कार्यमा जोड दिन जरुरी छ । यसका अलावा सामुदायिक वनबाट समूहभित्र र बाहिर सिर्जित आयआर्जन, रोजगारी तथा सामुदायिक वनबाट राष्ट्रिय अर्थतन्त्रमा पुगेको योगदानको स्पष्ट अवस्था देखिने गरी स्थानीय तथा राष्ट्रिय स्तरमा व्यवस्थापन सूचना

प्रणाली स्थापना तथा सञ्चालन गरी नीति निर्माणकर्तालाई तथ्यांकगत उपलब्धि देखाउन सक्ने हुनुपर्दछ ।

### ७. निष्कर्ष

सामुदायिक वन विकास कार्यान्वयनको विस्तार र विस्तृतीकरणको विद्यमान स्थितिलाई हेर्दा यो प्रक्रिया नेपालको वन व्यवस्थापनका लागि सफल पद्धतिका साथै जलवायु परिवर्तनका प्रतिकूल प्रभाव सामना गर्न सहभागी समुदायको क्षमता सुदृढीकरण, कार्बन सञ्चितिकरणमार्फत उत्सर्जन न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका लागि भरपर्दो साधन हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । सहभागितामूलक, समावेशी तथा समुदाय केन्द्रित भएका कारण सामुदायिक वन विकास नेपालको रेडप्लस कार्यान्वयन (REDD+ implementation) का साथै NDC को लक्ष्य पूरा गर्न पूर्णरूपमा सहयोगीसिद्ध छ । सामुदायिक वन विकासले दिगो विकास लक्ष्यका १७ लक्ष्यमध्ये १० लक्ष्य प्राप्त गर्न प्रत्यक्ष योगदान र नेपालसँग सम्बन्धित अन्य लक्ष्य हासिल गर्न अप्रत्यक्ष योगदान पुऱ्याउने निष्कर्ष निकाल्न सकिन्छ । तसर्थ, सामुदायिक वन प्रक्रिया तथा यसका उपलब्धि नेपालको दिगो विकास लक्ष्य हासिल गर्न महत्त्वपूर्ण साधन बन्न सक्दछ ।

यद्यपि, सामुदायिक वन प्रक्रिया कमी-कमजोरी र सीमित दायराबाट भने मुक्त छैन । रोजगारीको सिर्जना र वन पैदावारमा आधारित उद्योगसहित दिगो तथा वैज्ञानिक वन व्यवस्थापन गर्न सामुदायिक वनका नीति निर्माणकर्ता, स्थलगगत कार्यान्वयनकर्ता तथा नजिकबाट सहयोग गर्ने सरोकारवालाले अनुसन्धानकर्ता, Academia तथा निजी क्षेत्रको आवाज सुनेर तद्अनुरूपको साथ-सहयोग दिनुपर्दछ ।

### ८. सन्दर्भ सामग्री


GON, 2016Nationally Determined Contributions. Ministry of Population and Environment, Kathmandu.

GON 2017National Review of Sustainable Development Goals. National Planning Commission. Kathmandu.

FRA, 2015 Forest Resource Assessment of Nepal. Ministry of Forests and Soil Conservation. Kathmandu, Nepal.

MSFP 2016, Scientific Forest Management Initiatives in Nepal. M S F P Experience and learning. Multi Stakeholder Forestry Programme. Kathmandu, Nepal. A Program of the Government of Nepal (GoN)

MSFP, 2016b Sustainable Forest Management in Nepal, A MSFP Working Paper.

Gilmour, 2016 Forty years of community-based forestry A review of its extent and effectiveness. FAO Forestry Paper 176, Food And Agriculture Oganization of the United Nations.

GON, 1991 Forest Act 991. Law Book Management Society. Kathmandu, Nepal.

GON, 1995 Forest Regulations 1995. Law Book Management Society. Kathmandu, Nepal.

GON 2014 Forestry Sector Policy. Ministry of Forest and Soil Conservation, Government of Nepal.

# म्याग्दी जिल्लाका केही वन उद्यमहरू

प्रेमप्रसाद शर्मा*

वनक्षेत्र एउटा नवीकरणीय स्रोत हो। यसलाई उत्पादनमुखी बनाउन हरित उद्यम स्थापना गरी जनताको रोजगारी वृद्धि गर्दै मुलुकको अर्थतन्त्रमा टेवा पुऱ्याउन आवश्यक छ। स्थानीयको सहभागितालाई अनिवार्य सर्त मान्दै स्रोतको संरक्षण र उपयोगबीचको सन्तुलन कायम गरी समृद्ध नेपाल र सुखी नेपालीको नारालाई साकार पार्न वनक्षेत्रको योगदान महत्त्वपूर्ण हुने गर्छ।

प्राकृतिक स्रोतको समुचित उपयोग विनास होइन। वन भनेको स्वच्छ हावापानी र वातावरणका लागि मात्र हो भन्ने विगतको सोचबाट बाहिर आउन सक्नुपर्छ। देशको शासन व्यवस्था परिवर्तन भए पनि मनस्थिति पुरातन हुँदा यस क्षेत्रमा पनि विभिन्न समस्या देखिन सक्छन्। त्यस प्रकारका बाधा-व्यवधान चिर्दै जान सक्नुपर्दछ। परम्परागत वन संरक्षणबाट समाजका सीमित वर्गले मात्र फाइदा लिने परिपाटीले समाजमा वर्गबीचको खाडल बढ्दो छ, जसलाई लाभको न्यायपूर्ण वितरणले मात्र असमानताको खाडल भर्न र पूर्ण बनाउन सकिन्छ।

अर्थशास्त्रको परिभाषाअनुसार बाकसमा रहेको धन र बाँझो जमिन पुँजी होइनन्। देशको प्रमुख प्राकृतिक स्रोतका रूपमा रहेको पानीलाई पुँजीकृत गर्न ठूलो लगानी आवश्यक पर्ने तर वनक्षेत्रमा कम लगानीले पनि पुँजीकृत गर्न सकिन्छ। अर्थतन्त्रको सामान्य वृद्धिमा सन्तोष नगरी अर्थतन्त्रको ज्यामितीय हिसाब अगाडि बढाउन वातावरण र विकासबीचको सन्तुलन कायम राख्दै अगाडि बढ्नु आजको आवश्यकता हो। नेपाल सरकारले विगत वर्षदेखि वन पैदावारमा आधारित काष्ठ तथा गैरकाष्ठ उद्यम स्थापना तथा विकासका लागि रकम विनियोजन गर्दै आएको छ। यसै सिलसिलामा म्याग्दीमा सञ्चालित केही वन उद्यमको अवलोकन गरी वस्तुस्थितिको जानकारी लिइएको थियो।

यस अध्ययनको मूलभूत उद्देश्य निजी, साझेदारी तथा समूह स्वयंले स्थापना तथा सञ्चालन गरेका वन पैदावारमा आधारित उद्यमको अनुगमन, उद्यमीसँग छलफल, अन्तर्क्रिया गरी तिनीहरूको सफलता/असफलताबारे जानकारी लिनु रहेको थियो। यसै क्रममा म्याग्दीमा स्थापना भएका वन उद्यममध्ये हिमाली अल्लो कपडा लघु उद्यम, घोर्लास सामुदायिक वन उपभोक्ता समूहले निजी क्षेत्रसँगको सहकार्यमा सञ्चालन गरेको फर्निचर उद्योग र गलेश्वर ठूलो सल्लेरी सा.व.उ.स.बाट सञ्चालित स:मिल तथा फर्निचर उद्योगको स्थलगत अनुगमन गरी यो आलेख तयार पारिएको हो।


प्रदेश ४ मा पर्ने म्याग्दीको जिल्ला वन कार्यालय पहाडी एवं हिमाली क्षेत्रको भू-भागमा अवस्थित छ। जिल्लाको केही भाग अन्नपूर्ण संरक्षण क्षेत्र र ढोरपाटन सिकार आरक्षमा पर्छ। कालीगण्डकी र म्याग्दी नदीको संगम रहेको बेनीबजार यस जिल्लाको सदरमुकाम हो। जिल्ला वन कार्यालय म्याग्दीको रेकर्डअनुसार जिल्लामा सामुदायिक वन विकास कार्यक्रम, राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, वृक्षारोपण तथा निजी वन कार्यक्रम आदि सञ्चालित छन्। ८ वटा इलाका वन कार्यालय रहेको जिल्लाको कुल क्षेत्रफल २,२९,७०६ हेक्टर छ भने भू-उपयोगिताको विवरण तल प्रस्तुत गरिएको छ।

आव ०७३/०७४ को रेकर्डअनुसार जम्मा ३ सय १० वटा सामुदायिक वन उपभोक्ता समूहबाट २४,२०२.८७ हेक्टर वनक्षेत्र, ३५,८३६ घरधुरीको १,९८,६२५

* उपसचिव (प्रा.), वन विभाग

जनसंख्याबाट व्यवस्थापन भइरहेको छलफलमा सहभागीले बताए । जिल्लामा रहेका सामुदायिक वनको प्रतिहेक्टर मौज्दात १२५.७ घ.मि. र बेसल एरिया प्रतिहेक्टर करिब १८.९७ वर्गमिटर रहेको देखिन्छ ।

जिल्ला वन कार्यालय म्याग्दीको रेकर्डअनुसार वन कार्यालयको कार्यक्षेत्रभित्र काठमा आधारित सानाठूला गरी काष्ठजन्य २७ वटामध्ये ६ वटा बन्द अवस्थामा र जडीबुटी




स्रोत: म्याग्दी जिल्लाका सा.व.उ.स.को अनुगमन प्रतिवेदन - ०७३/०७४

प्रशोधन, सिस्नु तथा टिमूर धूलो, हाते कागजजस्ता १८ वटा गैरकाष्ठजन्य वन उद्यम दर्ता भएकामा सबै सञ्चालित अवस्थामा छन् ।


जिल्लामा सञ्चालित उद्यममध्ये हिमाली अल्लो कपडा लघु उद्यम, घोर्लास सामुदायिक वन उपभोक्ता समूहले निजी क्षेत्रसँगको सहकार्यमा सञ्चालन गरेको फर्निचर उद्योग र गलेश्वर ठूलो सल्लेरी सा.व.उ.स.बाट सञ्चालित स:मिल तथा फर्निचर उद्योगको स्थलगत निरीक्षण गरी विश्लेषण तयार गरिएको हो ।



## हिमाली अल्लो कपडा लघु उद्यम

अल्लो (स्थानीय भाषामा चाल्ने सिस्नु) बहुवर्षीय झार प्रजाति (perennial herbaceous shrub) हो । १.५ मिटरदेखि ३ मिटरसम्म अग्लो हुने यस प्रजातिको वैज्ञानिक नाम Girardinia diversifolia हो । यसलाई Himalayan **nettle** का रूपमा पनि चिनिन्छ। यो प्रजाति नेपाल, भारत, चीनको १२ सयदेखि ३ हजार मिटरसम्मको खोल्साखोल्सी तथा ओसिलो जमिनमा पाइन्छ । यसै अल्लोको रेशाबाट कपडा तयार गरी रोजगारी प्रवर्द्धन र खेर गइरहेको स्थानीय स्रोतको प्रयोग गरी आयआर्जन बढाउने उद्देश्यका साथ २०६६ मा १० जना महिलाको समूह गठन गरिएको रहेछ ।

उक्त समूहका सदस्यको कुल रु. २,५०००००। (प्रतिव्यक्ति २,५००००) को लगानीमा उद्यम स्थापना भएको हो । यस कार्यमा नेपाल सरकारका तर्फबाट जिल्ला वन कार्यालय,



घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला विकास समितिसमेतका कार्यालय र लघु उद्यम विकास कार्यक्रमको सहयोग रहेको थियो ।

सुरुमा काठ प्रयोग गरी बनाइएका तानबाट उत्पादन सुरु गरिएको थियो । यस्ता तानको प्रयोगबाट उत्पादन कम हुनुका साथै काम गर्नेको तल्लो पेट, ढाड, कम्मर दुख्ने समस्या रहेकामा २०७२ मा जिल्ला वन कार्यालय म्याग्दीबाट ८ वटा सुधारिएको तान (स्थानीय भाषामा बंगाली तान) अनुदान सहयोगमा प्राप्त भए । काठे तानभन्दा झन्डै दोब्बर मूल्य पर्ने (रु.४५०००।-) भए पनि उत्पादनकर्मी उल्लिखित स्वास्थ्य समस्याबाट मुक्त हुनुका साथै दैनिक उत्पादनमा समेत वृद्धि भएको देखियो ।

गाउँमा उत्पादित धागो प्रतिकेजी रु. १२००।- मा खरिद गरी एउटा आधुनिक तानबाट दैनिक करिब ६ मिटर कपडा उत्पादन हुने गर्छ । यसरी उत्पादित कपडा स्तर तथा बुट्टाको प्रकार हेरी प्रतिमिटर रु. ५०० देखि १५०० सम्मको मूल्य निर्धारण गरी प्रशोधित कपडा पोखरा, काठमाडौं र विदेशसमेत निर्यात हुँदै आएको छ । अल्लोको कपडाबाट कोट पाइन्ट, झोला, सल पर्स जुत्ता आदि उपभोग्य वस्तु उत्पादन हुन सक्ने भए पनि उद्यमबाट हालसम्म कपडा मात्र उत्पादन हुने गरेको पाइन्छ ।

यस कार्यबाट हरेक कामदारले मासिक रु. १८,००० देखि २५,००० सम्मको आम्दानी लिँदै आएका छन् । सदस्य सुश्री नेकसरा पुनले १५ लाख बैंक मौज्दात गरेकी र अर्को एक सदस्यले छोरीलाई स्टाफ नर्सका लागि आवश्यक रकम जुटाएको स्रोत-व्यक्ति संस्थाकी अध्यक्ष विष्णुकुमारी गुरुङको भनाइ छ ।

स्थापनाकालमा संस्थागत सदस्यमध्ये ३ जना सदस्यले पोखरामा यस्तै उद्यम स्थापना गरिसकेका छन् भने कैयौं महिला यसै उद्यमबाट प्रशिक्षित भई अन्यत्र रोजगारीमा संलग्न रहेको छलफलमा जानकारी दिइएको थियो । यस उद्यममा प्रयोग हुने धागो अन्यत्रबाट खरिद गरी प्रयोग भइरहेको अवस्थामा उद्यमीका लागि तालिम, मेसिन प्रविधि तथा न्यून ब्याजदरमा ऋण अनुदान प्राप्त भए उद्यम स्वयंले धागोसमेत उत्पादन गरी वनक्षेत्रमा खेर गइरहेको स्रोतको उपयोग गर्न सक्नेछन् ।

अल्लोबाट दिगो रूपमा उद्यम सञ्चालन भई स्थानीय रूपमा रोजगारी सिर्जना गर्दै वैदेशिक मुद्रासमेत आर्जन गर्न सकिने स्रोत-व्यक्ति म्याग्दीका जिल्ला वन अधिकृत माधवप्रसाद देव र संस्थाकी अध्यक्ष विष्णुकुमारी गुरुङ बताउँछन् ।


### घोर्लास सामुदायिक वन उपभोक्ता समूह र निजी क्षेत्रसँगको सहकार्यमा सञ्चालित फर्निचर उद्योग


म्याग्दी सदरमुकाम बेनीबजारदेखि उत्तरमा करिब २ घन्टाको पैदल यात्रा तथा करिब १२ किलोमिटरको ग्रामीण कच्ची सडक यात्राद्वारा पुगिने साविक घतान गा.वि.स.-३ र हाल बेनी नगरपालिक वडा-१० मा तोरीपानी गाउँमा रहेको यो सामुदीयक वनक्षेत्र कैयौं वर्षअगाडिसम्म घोरलको बासस्थानका रूपमा थियो । पछि घोरलबास भन्ने शब्द परिस्कृत हुँदै घोर्लास भएको समूहका अग्रज सदस्य बताउँछन् ।

धवलागिरि हिमशृंखलासँग मितेरी गाँस्दै नजिकै रहेको १९.७८ हेक्टर क्षेत्रफलमा फैलिएको यस हरित क्षेत्रका

काष्ठजन्य प्रजातिमा मूलतः ठिंग्रे सल्ला, उत्तिस, चिलाउने, कटुस, ओखरका साथै गैरकाष्ठ प्रजातिमा टिमूर, अल्लो, लोक्ता र स्थायी रूपमा विचरण गर्ने जंगली जनावरमा घोरल रतुवा, दुम्सी, चितुवा प्रमुख हुन् ।

विसं २०५० मा सामुदायिक वनका रूपमा हस्तान्तरित यस सामुदायिक वन उपभोक्ता समूहले वन विकास तथा सामुदायिक विकासका विविध क्षेत्रमा उत्कृष्ट कार्य गरेबापत वनक्षेत्रको सबैभन्दा उच्च सम्मान मानिने गणेशमान सिंह प्रथम पुरस्कार २०६२ मा प्राप्त गरिसकेको छ । महिला ६




स्रोतः सामुदायिक वन उपभोक्ता समूहको विधान तथा कार्ययोजना

र पुरुष ५ गरी ११ जनाको कार्यसमिति छ, जुन समूहको नेतृत्वको अध्यक्षता कृष्णबहादुर खत्रीले गरिरहेका छन् । यस समूहको जातीय तथा सम्पन्न स्तरीकरणको अवस्था पनि यसै लेखमा प्रस्तुत गरिएको छ ।

२०५८ मा अध्यक्षमा नरबहादुर बानिया (नारायण बानिया) र सचिव गणेश बानियाको नेतृत्वले वनक्षेत्रको विकासका लागि नर्सरी स्थापना, काठ-दाउराको समुचित वितरण गर्न हलोजुवा निर्माण समूह, निजी क्षेत्रसँगको साझेदारीमा फर्निचर उद्योग स्थापना गरेको थियो । सदस्यहरूको आयआर्जनका लागि पाडापाडीपालन समूह, तरकारी खेती समूह, राडीपाखी/गलैँचा उत्पादनका लागि तानधागो समूह बनाएर काम पनि सुरु गरिएको थियो ।

समूहले सञ्चालन गरेका यिनै क्रियाकलापमध्ये पाडापाडीपालनको प्रतिफलस्वरूप समूहका सदस्यले दुग्ध उत्पादन व्यवसाय सञ्चालन गरिरहेका छन् भने तरकारी खेती समूहले जिल्ला कृषि विकास कार्यालयसँगको सहकार्यमा मकै र गहुँको बिउ उत्पादन गरी सदस्यहरूको आम्दानी बढाइरहेका छन् । यस क्षेत्रमा उत्पादन हुने टिमूर अन्यत्रको भन्दा गुणस्तरीय भएकाले विदेशमा समेत निर्यात हुँदै आएको छ । समूहले सामुदायिक वनक्षेत्र एवं निजी क्षेत्रबाट उत्पादन भएको टिमूर सामान्य प्रोसेसिङदेखि पाउडर उत्पादन गर्ने उद्देश्यले १० लाख रुपैयाँको सामग्री व्यवस्था भई यसै आवमा द्वैध स्वामित्वको उद्यम स्थापना गर्न लागेको बताइन्छ ।

यस समूहले हलोजुवा उत्पादन तथा फर्निचर उद्यम, नर्सरी सञ्चालन र गुणस्तरीय बिरुवा उत्पादन सुरु गरे पनि यीमध्ये केही कार्यक्रम सफल र केही असफलजस्तै देखिएका छन् ।

## फर्निचर उद्योग

समूहका सदस्यलाई आवश्यक पर्ने काठलगायत चौकोस खापा एवं फर्निचरजस्ता सामग्रीलाई सरल, सुलभ र वितरण प्रणाली चुस्त गराउन तत्कालीन समूहका नेतृत्वकर्ता एवं

समूहका उद्यमी, समूह स्वयं र सदस्य योगेन्द्र केसीसमेतको संयुक्त लगानीमा साझेदारीमा फर्निचर उद्योग स्थापना गरिएको थियो। उत्पादित वस्तुको प्रकारअनुसार समूह तथा निजी क्षेत्रको सहमतिमा मूल्य निर्धारण गरी वनक्षेत्रबाट उत्पादन भएको काठ फर्निचर उद्योगलाई उपलब्ध गराउने र उत्पादित सामग्री तोकिएको मूल्य लिई उपभोक्ता समूह सदस्यलाई वितरण भइरहेको थियो। जसबाट समूहका सदस्यले रोजगारी पाउनुका साथै प्रभावकारी बिक्री-वितरण प्रणालीको विकास हुँदै आएको थियो।

तर, उक्त फर्निचर उद्योग प्रचलित ऐन-कानुन विपरीत (वनक्षेत्र र उद्यमबीचको दूरी) रहेको भनी जिल्ला वन कार्यालयका जिम्मेवार कर्मचारी स्वयं र छिमेकी समूहमार्फत बन्द गर्न दबाब दिइएपछि बन्द भएको रहेछ। यस उद्यमलाई योगेन्द्र केसीले एकल स्वामित्वमा निरन्तरता दिँदै आएका छन्।

## हलोजुवा उत्पादन

कार्यक्रममध्ये हलोजुवा उत्पादन पनि एक थियो। यसका लागि समूहमा हलोजुवा निर्माण गर्ने सीप भएका सदस्यको एउटा समूह बनाई वनक्षेत्रमा उत्पादित काठ सहुलियत दरमा उत्पादन समूहलाई उपलब्ध गराउन समूह तथा उत्पादनकर्ताको सहमतिबमोजिम समूहका सदस्यलाई प्रतिसेटको रु. ५००।- र समूहबाहिर रु. ६००।- मा बिक्री वितरण हुने गर्दथ्यो। यस कार्यबाट वन व्यवस्थापनको सिलसिलामा उत्पादित काठको सदुपयोग हुनुका साथै समूह सदस्यहरूको आम्दानीको स्रोत वृद्धि भइरहेको थियो।

वैदशिक रोजगारीको सिलसिलामा कृषि मजदुरको अपर्याप्तता र कृषि विकास कार्यालयको ५० प्रतिशत अनुदानमा (६५ देखि ७० हजारमा) मिनी ट्याक्टर पाइने र रु. ७००।- प्रतिघन्टाको दरमा सहजै उपलब्ध हुँदा लागत मूल्यसमेत कम पर्नुका साथै औँशीपूर्णिमा बार्नुपर्ने स्थानीय परम्परा र गोरु पाल्ने झन्झटबाट मुक्त भएका कारण हलोजुवाप्रति विकर्षण बढेकाले हलोजुवा उत्पादन समूह निस्कृय रहेको छ।

## नर्सरी सञ्चालन तथा बिरुवा उत्पादन

यस समूहले स्थापनाकालमा विभिन्न प्रजातिका बिरुवा समूह नर्सरीमा उत्पादन गरे पनि क्रमशः समूहलाई टिमूर पकेट क्षेत्रका रूपमा विकास गर्ने उद्देश्यले आवश्यक पर्ने गुणस्तरीय बिरुवा उत्पादनका लागि समूहका तत्कालीन सचिव गुमानसिं बानियालाई जिम्मा दिइएको रहेछ। २०६८ मा वन सम्वर्द्धन महाशाखा हात्तीसार काठमाडौंको रु.तीन लाख अनुदान सहयोग तथा स्थानीय स्रोत-साधनको प्रयोग गर्दै २५०० बिरुवा रोपण गरी संरक्षण र बिस्तारलाई टिमूर बगैँचाका रूपमा निरन्तरता दिइएको छ। समूहको वनक्षेत्रबाट प्रतिफल लिने क्रम सुरु भइसकेको छ। समूह सदस्यहरूले आफ्नो निजी जग्गाबाट उत्पादन गरेको टिमूर बिक्रीबाट प्रतिवर्ष करिब एक करोडको आम्दानी लिँदै आएको हुने गरेको अन्तर्क्रियामा सहभागी पूर्वअध्यक्ष ज्ञानबहादुर वि.क. र सचिव गणेश बानिया तथा वर्तमान सचिव ईव गिरीको भनाइ छ।

## गलेश्वर ठूलो सल्लेरी सा.व.उ.स.बाट सञ्चालित स:मिल तथा फर्निचर उद्योग

करिब १५० वर्षअगाडि नांगो पाखाका रूपमा रहेको क्षेत्रमा सोही ठाउँका टले बानियाँ नाम गरेका व्यक्तिले स्याङ्जा, पर्वत र बाग्लुङबाट बिउ ल्याई खनजोत गरी बिउ रोपेर संरक्षण गरी यो वन क्षेत्र हुर्काएका थिए। अहिले यो वनक्षेत्रमा खोटे सल्ला प्रजाति र उत्तरतर्फको ओसिलो पाखामा मौवा र चिलाउनेको समिश्रण रहेको छ। ४०.२ हेक्टर क्षेत्रफलमा फैलिएको यस वनक्षेत्रलाई प्रजातिको समिश्रण तथा व्यवस्थपानमा सरलता ल्याउने उद्देश्यले ४ खण्डमा बाँडिएको छ। साविक घतान-६ हाल बेनी नगरपालिका वडा- ९ र १० मा रहेको गलेश्वर ठूलो सल्लेरी सामुदायिक वन उपभोक्ता समूहमा जनजाति ६%, दलित ३१% र ब्राह्मण क्षेत्री ६३% गरी जम्मा ६ सय २ घरधुरी रहेका छन्।

२०५१ भन्दाअगाडि चोरी कटानी, आगलागी तथा चरिचरणका कारण विनास हुन थालेको यस वनक्षेत्रलाई

संरक्षण तथा विकास गर्ने उद्देश्यले उपभोक्ता समूह गठन गरी २०५३ मा विधिवत रूपमा सामुदायिक वनमा हस्तान्तरण भई संरक्षण तथा सम्वर्द्धन हुँदै आएको छ। २०५७ मा गणेशमान सिंह तेस्रो पुरस्कार प्राप्त गरेको यस सामुदायिक उपभोक्ता समूहले ०५९ देखि ०६४ सम्म खोटो संकलन गराएको थियो। अत्यधिक खोटो संकलनका कारण समूहको आम्दानीको स्रोत बढे पनि सिम्ठा (Cone)



कम फल्ने, रुख सुक्ने क्रममा बढोत्तरी भएपछि यसलाई बन्द गरी २०६४ मा ६० वर्षे वन कार्ययोजना स्वीकृत भई व्यवस्थापन भइरहेको छ।

गलेश्वर ठूलो सल्लेरी समुदायिक वन उपभोक्ता समूहले वनक्षेत्रबाट उत्पादित काठको प्रभावकारी वितरण तथा समूहमा रोजगारी सिर्जना गर्ने उद्देश्यले २०६१ मा **गलेश्वर महादेव सामुदायिक फर्निचर** नामक उद्यम स्थापना भई सञ्चालनमा छ। सुरुमा यस उद्यमबाट समूहका सदस्यहरूको काठ चिरान तथा फर्निचर उत्पादन भएको रहेछ । एकै व्यक्तिलाई वनक्षेत्रको संरक्षण तथा उत्पादन जिम्मा दिइएका कारण उद्यम घाटामा पुग्न गयो। त्यसैकारण उद्यम व्यवस्थापनको तरिका परिवर्तन गर्दै समूहका सदस्य चक्रबहादुर खड्कालाई मासिक ५,०००।- भाडा लिने गरी सञ्चालन व्यवस्थापनको जिम्मा दिइएको छ। यसमा समूह सदस्यलाई प्रतिघनफुट रु.९०।- र समूहबाहिरका व्यक्तिलाई रु. १००।- लिई काठ चिरान भइरहेको छ । यसबाट मासिक २ लाखसम्मको आम्दानी हुँदै आएको छ भने २ जना स्थायी र आवश्यकताअनुसार ४-५ जनासम्मलाई रोजगारी पाउँदै आएका छन् । यस उद्यम सञ्चालनमा मूलतः नियमित रूपमा विद्युत् आपूर्ति नहुने, नियमित काठ प्राप्त नहुने, अन्य उद्यमभन्दा कम मूल्यमा चिरान गर्नुपर्ने, वनक्षेत्र नजिक भएका कारण आगलागीको जोखिमलगायतका प्रमुख समस्या रहेका छन् ।

नेपाल सरकारले वन पैदावारमा आधारित उद्यमको प्रवर्द्धन गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्दै मुलुकको अर्थतन्त्रमा टेवा पुऱ्याउन अनुदान दिन थालेपछि उद्यम स्थापना गर्ने क्रम बढेको छ । अन्य जिल्लाजस्तै यस जिल्लाको अवलोकन गर्दा उचित व्यवस्थापनको अभावमा अधिकांश उद्यमहरू प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन्। स्थापना भएका उद्यममध्ये समुदाय स्वयंले सञ्चालन गरेका उद्यमको तुलनामा निजी क्षेत्रको स्थापना तथा व्यवस्थापनमा सञ्चालित उद्यम गुणात्मक रूपमा सफल देखिएका छन्। नेपालको सामुदायिक वन उपभोक्ता समूह वनको संरक्षण तथा विकासका लागि जति सक्षम देखिएका छन्, त्यति उद्यमको प्रवर्द्धन तथा व्यवस्थापनमा अझै प्रयास गर्नुपर्ने देखिन्छ।

विश्वका धेरै देशले स्रोतको उचित उपयोगबाट देशको उन्नति गरिरहेका छन् (उदाहरणका लागि मलेसिया) । झन्डै ४५ प्रतिशत भू-भाग वनक्षेत्रले ढाकेको नेपालमा समृद्धिका लागि वन उद्यम स्थापना र सञ्चालन देश विकासको मेरुदण्ड हो । तर, उद्यमलाई आवश्यक पर्ने कच्चा पदार्थका लागि आवश्यक बूढा, पुराना, वृद्धि रोकिएका केही रुख नियमको परिधिभित्र रही काट्दासमेत वन विनास नै भयो भनी अनावश्यक विवाद खडा गर्ने गरिन्छ । वन स्रोत 'गाईको थुनमा न बाच्छीको मुखमा' भन्ने नेपाली उखानजस्तै स्रोत सीमित वर्गको कब्जामा रहने तर देशको ढुकुटीमा खासै योगदान नभएको देखिएकाले देशको समृद्धिका लागि काष्ठ तथा

गैरकाष्ठ उद्यम स्थापना गर्ने । आवश्यक पर्ने कच्चा पदार्थ आपूर्ति गर्न मौजुदा स्रोतले धान्न नसक्ने अवस्था भएमा स्रोतको सुधार (Reform) गर्ने र विभिन्न तहको प्रशोधन तथा वस्तु उत्पादन गरी देशको आवश्यकता पूरा गर्दै निर्यातमुखी हुने सोच राख्नुपर्छ । वन उद्यमहरू स्थापनाका लागि वनक्षेत्र र उद्यमबीचको दूरीको प्रावधान बाधक रहनुका साथै व्यवस्थापकको जिम्मेवारीमा खटिने जिल्ला वन अधिकृतहरूको धारणामा समेत एकरूपता (Consistency) देखिँदैन । अत: ऐन-कानुनबाटै स्पष्ट पारेर 'समृद्धिका लागि वन' भन्ने सोचलाई साकार पार्नु वर्तमानको आवश्यकता हो ।

## अध्ययनको क्रममा अवलोकन गरिएका केही उद्यमका तस्बिर



जि.व.का.को केन्द्रीय नर्सरीमा बिरुवा Transplant गर्दै नर्सरी सहयोगी




अल्लो कपडा उद्यमको अवलोकन तथा समूह अध्यक्ष र जि.व.अ. माधवप्रसाद देवसँगको छलफल



सुधारिएको बंगाली तानमा अल्लो कपडा बुनिँदै



घोर्लास सा.व.उ.स. को टिमुर बगैचा



घोर्लास सा.व.उ.स. को वनक्षेत्रमा रहेका टिमुर बगैंचामा ढुंगाको बीचबाट हुर्कदै गरेका टिमुरको रुख



गलेश्वर ठूलो सल्लेरी सामुदायिक वनक्षेत्र



गलेश्वर महादेव सामुदायिक फर्निचर उद्योग

# दिगो विकासका लक्ष्य र सामुदायिक वनको भूमिका

गणेश पौडेल*, शंकर अधिकारी**

## पृष्ठभूमि

समयक्रमको विकाससँगै विश्वमा विकासका विभिन्न अवधारणा विकसित हुँदै गइरहेका छन् । पहिले आर्थिक विकासलाई अत्यन्तै महत्त्वका साथ हेरिन्थ्यो भने अहिले आएर आर्थिक विकास मात्र पर्याप्त नभएको निष्कर्ष विभिन्न विद्वान्ले निकालेका छन् । विशेषगरी सन् १९८७ मा हाम्रो साझा भविष्य नामक प्रतिवेदन प्रकाशित भएपछि दिगो विकासलाई नै विकासको मार्गदर्शक र गन्तव्यको रूपमा लिनुपर्ने तर्क स्थापित भएको छ । दिगो विकासलाई संस्थागत गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहल हुँदै आइरहेका छन् । यसैक्रममा विश्वव्यापी रूपमा नै दिगो विकासलाई हासिल गर्न संयुक्त राष्ट्रसंघको महासभाबाट २५ नोभेम्बर २०१५ मा हाम्रो विश्वको रुपान्तरण : दिगो विकासका एजेन्डा, २०३० नाममा सन् २०३० सम्ममा प्राप्त गर्ने गरी १७ वटा उद्देश्य तयार गरिए जसलाई दिगो विकासका लक्ष्यको नामले चिनिन्छ (UN, 2015) । दिगो विकासका लक्ष्यले आर्थिक, सामाजिक, वातावरणीय तथा मानव अधिकारका पक्षलाई समेटेको छ । यसमा १७ वटा उद्देश्य र १६९ वटा लक्षित समूह रहेका छन् । दिगो विकासका लक्ष्य पूरा गर्न कुनै एक क्षेत्रको मात्र प्रयासले सम्भव छैन । यसका लागि सबै क्षेत्रको उत्तिकै योगदान हुनुपर्दछ । वन र दिगो विकासको अन्योन्याश्रित सम्बन्ध रहेको छ । अझ नेपाललगायत अन्य देशमा कार्यान्वयनमा रहेका समुदायमा आधारित वन व्यवस्थापन पद्धति जनताको जीविकोपार्जनसँग सोझै सम्बन्धित भएकाले यस्ता क्षेत्रमा दिगो विकास हासिल गर्न वनको झन् महत्त्वपूर्ण भूमिका हुन्छ । यसअघि सन् २००० देखि २०१५ सम्मको अवधिका लागि तय गरिएको सहस्राब्दी विकास लक्ष्य पूरा गर्न पनि सामुदायिक वनले उल्लेखनीय भूमिका खेलेका थिए । सामुदायिक वनका दोस्रो पुस्ताका सवाल सशासन, दिगो वन व्यस्थापन र जीविकोपार्जन सुधारलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सकेको खण्डमा सामुदायिक वनले सहस्राब्दी विकास लक्ष्यका जम्मा आठवटा उद्देश्यमध्ये पाँचवटा उद्देश्य- गरिबी निवारण, प्राथमिक शिक्षामा पहुँच, लैंगिक समानता तथा महिला सशक्तीकरण, वातावरणीय दिगोपना तथा विकासका लागि विश्वव्यापी साझेदारी प्राप्त गर्नका लागि प्रत्यक्ष योगदान पुर्‍याउँछ भनी सामुदायिक वनको चौथो राष्ट्रिय गोष्ठीमा प्रस्तुत गरिएको थियो (Kanel, 2004) । सहस्राब्दी विकास लक्ष्य जस्तै, सामुदायिक वनले दिगो विकासका लक्ष्य हासिल गर्न पनि उत्तिकै महत्त्वपूर्ण भूमिका खेल्छन् । यस आलेखमा सामुदायिक वनले कसरी दिगो विकासका लक्ष्य पूरा गर्न भूमिका खेल्छन् भनी चर्चा गर्ने प्रयास गरिएको छ ।

## सामुदायिक वन र दिगो विकासका लक्ष्य

हाल कार्यान्वयनमा रहेको दिगो विकासका लक्ष्य पूरा गर्न सामुदायिक वनले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्छन् । तालिका १ मा उल्लेख भएअनुसार सामुदायिक वनले १७ वटा दिगो विकासका लक्ष्यमध्ये ५ वटा उद्देश्य प्रत्यक्ष र ८ वटा अप्रत्यक्ष गरी १३ वटा उद्देश्य पूरा गर्न योगदान गर्छन् भने अन्य ४ वटा लक्ष्य अलि कम सान्दर्भिक वा असान्दर्भिक देखिएका छन् ।

* सहायक योजना अधिकृत, वन विभाग, बबरमहल, काठमाडौं
** सहायक वन अधिकृत, वन विभाग, बबरमहल, काठमाडौं

**तालिका १: दिगो विकासका लक्ष्य र सामुदायिक वनको योगदान**

| दिगो विकासका लक्ष्यहरू | योगदान | | |
|---|---|---|---|
| | प्रत्यक्ष | अप्रत्यक्ष | कम सान्दर्भिक |
| लक्ष्य १. सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने (End poverty in all its form everywhere) | ✓ | | |
| लक्ष्य २. भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने (End hunger, achieve food security and improve nutrition and promote sustainable agriculture) | ✓ | | |
| लक्ष्य ३. स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याणको प्रवर्द्धन गर्ने (Ensure healthy lives and promote well-being for all at all ages) | | ✓ | |
| लक्ष्य ४. सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने (Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all) | | ✓ | |
| लक्ष्य ५. लैंगिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीको सशक्तीकरण गर्ने (Achieve gender equality and empower all women and girls) | ✓ | | |
| लक्ष्य ६.सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने (Ensure availability and sustainable management of water and sanitation for all) | | ✓ | |
| लक्ष्य ७. सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, दिगो तथा आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने (Ensure access to affordable, reliable, sustainable and modern energy for all) | | ✓ | |
| लक्ष्य ८. सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने (Promote sustained, inclusive and sustainable economic growth, full and productive employment and decent work for all) | | ✓ | |
| लक्ष्य ९. बलियो पूर्वाधार निमार्ण गर्ने, औद्योगिकीकरणलाई दिगो बनाउने तथा नवीन खोजलाई प्रोत्साहन गर्ने (Build resilient infrastructures, promote inclusive and sustainable industrialization and foster innovation) | | ✓ | |
| लक्ष्य १०. देशभित्रै वा देशहरूबीच रहेको असमानतालाई न्यून गर्ने (Reduce inequality within and among countries) | | ✓ | |
| लक्ष्य ११. सहरलाई समावेशी, सुरक्षित, सबल र दिगो बनाउने (Make cities and human settlements inclusive, safe, resilient and sustainable) | | | ✓ |
| लक्ष्य १२. दिगो उपभोग तथा उत्पादनको ढाँचा सुनिश्चित गर्ने (Ensure sustainable consumption and production patterns) | | | ✓ |
| लक्ष्य १३. जलवायु परिवर्तन तथा यसका प्रभावविरुद्ध लड्न तत्काल कारबाही थाल्ने (Take urgent action to combat climate change and its impacts) | ✓ | | |
| लक्ष्य १४. समुद्र, महासागर र समुद्री स्रोतको संरक्षण तथा दिगो प्रयोग (Conserve and sustainably use the oceans, seas and marine resources for sustainable development) | | | ✓ |

| | | | |
|---|---|---|---|
| लक्ष्य १५. वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरणविरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने (Protect, restore and promote sustainable use of terrestrial ecosystems, sustainably manage forests, combat desertification, and halt and reverse land degradation and halt biodiversity loss) | ✓ | | |
| लक्ष्य १६. न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने (Promote peaceful and inclusive societies for sustainable development, provide access to justice for all and build effective, accountable and inclusive institution at all levels) | | ✓ | |
| लक्ष्य १७. दिगो विकासका लीग विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने (Strengthen the means of implementation and revitalize the Global Partnership for Sustainable Development) | | | ✓ |

सामुदायिक वनले कसरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्य हासिल गर्न भूमिका खेल्छन् भनी यहाँ उल्लेख गरिएको छ :

**लक्ष्य १: सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने**

सामुदायिक वनको गरिबी निवारणमा महत्त्वपूर्ण भूमिका रहेको छ। नीतिगत रूपमै सामुदायिक वनको कुल आम्दानीको कम्तीमा ३५ प्रतिशत रकम विपन्न वर्गको जीवनस्तर सुधार गर्ने खालका आयआर्जनका क्रियाकलापमा खर्च गर्नुपर्ने प्रावधान छ (नेपाल सरकार, २०७१) । त्यस्तै, सामुदायिक वनले सञ्चालन गर्ने सामुदायिक विकास तथा गरिब तथा विपन्न वर्गलाई काठ-दाउरा प्रयोगमा गरिने सकारात्मक विभेदले विपन्न वर्गको गरिबी निवारणमा उल्लेखनीय योगदान पुग्छ । Angelson and Wunder (2003) ले वन गरिबीबाट बाहिर आउने बाटो (pathways out of poverty) भनी उल्लेख गरेका छन् । विगतमा गरिएका थुपै अध्ययनले (eg. Chhetri et al., 2015; Devkota et al., 2018; Gilmour et al., 2004; Maharjan et al., 2009) सामुदायिक वनले गरिबी निवारणमा महत्त्वपूर्ण भूमिका खेल्ने कुरा उल्लेख गरेका छन् ।

**लक्ष्य २ : भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने**

वनक्षेत्रले विश्वको खाद्य सुरक्षाका लागि तीन तरिकाले योगदान गर्न सक्छ । ती हुन् : (१) वनमा आधारित खाद्यान्न र कन्दमूल, (२) वन क्षेत्रबाट प्राप्त हुने आम्दानीले जनताको खाद्यान्न क्रयशक्ति बढाउने र (३) वातावरण संरक्षण गरी कृषि खाद्यान्नको उत्पादनमा वृद्धि (Pimentel et al., 1997) । नेपालका सामुदायिक वनमा गरिएको अध्ययनबाट Karki et al. (2018) ले सामुदायिक वनबाट खाद्य सुरक्षामा योगदान पुऱ्याउने चारवटा बाटो उल्लेख गरेका छन्, जसअनुसार (१) आम्दानी र रोजगारी, (२) खाद्यान्न उत्पादन वृद्धिमा सहयोग, (३) वनबाट सोझै खाद्यान्न वस्तु र (४) पकाउनका लागि नवीकरणीय ऊर्जा पर्छन् । त्यस्तै, Adhikari et al. (2016) ले गरेको अध्ययनबाट पनि नेपालका सामुदायिक वनले खाद्य सुरक्षामा उल्लेखनीय योगदान गरिरहेको उल्लेख छ ।

**लक्ष्य ३ : स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याणको प्रवर्द्धन गर्ने**

नेपालका सामुदायिक वनले दुई तरिकाले स्वस्थ जीवन सुनिश्चित गर्न योगदान गरिरहेका छन् । पहिलो, सामुदायिक वनले वन स्रोतको संरक्षणमार्फत स्वस्थ वातावरण कायम राख्न सहयोग गरिरहेका छन् । सहरी क्षेत्रका सामुदायिक वनले पार्क निमार्ण गरी वृद्धवृद्धा तथा अन्य नागरिकलाई फुर्सदको समय सफा र स्वच्छ वातावरणमा रमाउने अवसर सिर्जना गरिरहेका छन् । दोस्रो, सामुदायिक वनले कतिपय ठाउँमा स्थानीय स्तरमा स्वास्थ्य केन्द्रको स्थापना तथा सञ्चालनमा पनि सहयोग गरिरहेका छन् ।

**लक्ष्य ४ : सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने**

सामुदायिक वन आजीवन सिक्ने र सिकाउने थलोका रूपमा विकास भइरहेका छन् । विशेषगरी वयस्क सिकाइलाई सामुदायिक वनले संस्थागत नै गरेका छन् । त्यसका अलावा कतिपय अवस्थामा सामुदायिक वनले स्थानीय स्तरमा विद्यालयलाई सहयोग गरी शिक्षाको गुणस्तर सुधार गर्न सहयोग गरिरहेका छन् । त्यस्तै, सामुदायिक वनले गरिब र असहायलाई छात्रावृत्ति प्रदान गरी शिक्षालाई समावेशी बनाउन योगदान गरेका छन् ।

**लक्ष्य ५ : लैंगिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीको सशक्तीकरण गर्ने**

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५ ले सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितिमा अध्यक्ष वा सचिवमध्ये कम्तीमा एकजनासहित पूरै समितिमा कम्तीमा ५० प्रतिशत महिला हुनुपर्ने उल्लेख गरेको छ । त्यस्तै, सोही मार्गदर्शनले समितिको खाता सञ्चालनमा पनि कम्तीमा एकजना महिला अनिवार्य हुनुपर्ने उल्लेख गरेको छ । यस मार्गदर्शनमा भएको व्यवस्थाअनुसार सामुदायिक वनले निर्णयप्रक्रिया तथा लाभ वितरणमा महिलाको सहभागितालाई सुनिश्चित गरिरहेका छन् । नेपालभर करिब १ हजारभन्दा बढी सामुदायिक वनमा महिलाको मात्र समिति रहेको छ । यसका अलावा सामुदायिक वनले महिला लक्षित कार्यक्रम सञ्चालन गरेर महिला तथा किशोरीको सशक्तीकरण गरिरहेका छन् ।

**लक्ष्य ६ : सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने**

नेपालमा पछिल्लो समय विभिन्न कारणले गर्दा पानीका मुहान सुक्दै गइरहेका छन्, जसले गर्दा जनताको सफा पानीको पहुँचमा चुनौती थपिएको छ । वनले पानीको उपलब्धता तथा पानीको गुणस्तर कायम गर्न मद्दत गर्दछ (FAO, 2013) । त्यसका साथै सामुदायिक वनले स्थानीय स्तरमा खानेपानीमा पनि लगानी गरेका छन् भने कतिपय स्थानमा सरसफाइका क्रियाकलाप सञ्चालन गरिरहेका छन् । सामुदायिक वनको प्रभावकारी व्यवस्थापनमार्फत दिगो विकासको यस लक्ष्यलाई पूरा गर्न सहयोग पुग्छ ।

**लक्ष्य ७ : सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, दिगो तथा आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने**

सामुदायिक वन उपभोक्ता समूहले समुदायमा वैकल्पिक ऊर्जासम्बन्धी गोबरग्यास, वायोग्यासलगायतका क्रियाकलाप सञ्चालन गरिरहेका छन् । त्यसका अलावा कतिपय सामुदायिक वनले ग्रामीण विद्युतीकरणको कार्यक्रम पनि गरिरहेका छन् । यसले गर्दा ग्रामीण भेगमा रहेका गरिब घरधुरीको पनि दिगो तथा आधुनिक ऊर्जामा पहुँच बढ्छ ।

**लक्ष्य ८ : सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने**

वन विभाग सामुदायिक वन महाशाखाले आ.व. ०७२/७३ र ०७३/७४ मा देशभरिका १ सय ९५ वटा सामुदायिक वनले सञ्चालन गरेका उद्यमको अध्ययनअनुसार एक सामुदायिक वन उद्यमबाट करिब १ हजार ३ सय ६२ श्रमदिन रोजगारी सिर्जना भएको देखिन्छ (वन विभाग, २०७४) । सामुदायिक वनमा सिर्जना हुने रोजगारीमा गरिब तथा विपन्न वर्गलाई प्राथमिकता दिने गरिएको छ, जसले गर्दा रोजगारीमा समावेशीकरण हुन्छ ।

**लक्ष्य ९ : बलियो पूर्वाधार निर्माण गर्ने, औद्योगिकीकरणलाई दिगो बनाउने तथा नवीन खोजलाई प्रोत्साहन गर्ने**

नेपालका सामुदायिक वनले वनजस्तो एक महत्त्वपूर्ण प्राकृतिक स्रोतलाई जोगाएका छन्, जुन वन पैदावारमा आधारित उद्यम विकास गर्न कच्चा पदार्थको दिगो स्रोत बन्न सक्छ । थुपै सामुदायिक वनले वन पैदावारमा आधारित उद्योगको विकास तथा प्रवर्द्धन गरिरहेका छन् (Subedi, et al., 2002 and Subedi et al., 2014) ।

**लक्ष्य १० : देशभित्रै वा देशहरूबीच रहेको असमानतालाई न्यून गर्ने**

सामुदायिक वनबाट प्राप्त हुने आम्दानीले समुदायमा रहेको असमानतालाई घटाउन भूमिका खेल्छ । नेपालमा गरिएका विभिन्न अध्ययनले (Adhikari, 2005; Baral et al., 2008; Chhetri, 2005; Ghimire, 2007; Kafle, 2008; Paudel,

2015 and Rayamajhi et al., 2012) सामुदायिक वनले समूहका घरधुरीबीच रहेको आम्दानीको असमानतालाई घटाउन भूमिका खेलिरहेका छन् ।

**लक्ष्य १३ : जलवायु परिवर्तन तथा यसका प्रभावविरुद्ध लड्न तत्काल कारबाही थाल्ने**

जलवायु परिवर्तनको असरसँग जुध्न न्यूनीकरण तथा अनुकूलन गरी दुईवटा तरिका रहेका छन् । सामुदायिक वन व्यवस्थापनले ती दुवै तरिकाबाट जलवायु परिवर्तनको असरलाई कम गर्न मद्दत गरिरहेका छन् । सामुदायिक वनले उल्लेखनीय मात्रामा कार्बन सञ्चिति गरिरहेका छन् (Bhattarai et al., 2012; Khanal, 2008; Oli and Shrestha, 2009; Shrestha, 2009; Tripathi et al., 2017) । त्यस्तै, सामुदायिक वन उपभोक्ता समूहले स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलन योजना निर्माण तथा कार्यान्वयन गरिरहेका छन् (Acharya and Paudel, 2016; Regmi and Bhandari, 2013; Regmi and Karki, 2010)।

**लक्ष्य १५ : वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरणविरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने**

नेपालको कुल वनक्षेत्रमध्ये करिब एक तिहाई क्षेत्रफल सामुदायिक वनको रहेको छ (वन विभाग, २०७३) । यसरी नेपालका सामुदायिक वनले दिगो विकासको १५ नम्बर लक्ष्यअनुरूप वनको दिगो व्यवस्थापनमा महत्त्वपूर्ण योगदान गरिरहेका छन् । सामुदायिक वन कार्यक्रम सफल भएको मध्य पहाडी क्षेत्र जैविक विविधताको दृष्टिकोणले निकै नै धनी रहेको छ । तर, त्यहाँ संरक्षित क्षेत्र कम छन् (Shrestha et al., 2010) र त्यहाँको जैविक विविधताको संरक्षणमा सामुदायिक वनको भूमिका महत्त्वपूर्ण रहेको छ ।

**लक्ष्य १६. न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने**

सामुदायिक वनले वन स्रोतको संरक्षण गर्नुका साथै स्थानीय स्तरमा सामाजिक न्यायका प्रवर्द्धनका लागि पनि कार्य गरिरहेका छन् (Timsina, 2003) । समाजलाई एकताबद्ध गरी निर्णयप्रक्रिया तथा लाभ बाँडफाँडमा सामुदायिक वनले समावेशिता कायम गर्न उल्लेख्य भूमिका खेलिरहेका छन् ।

**निष्कर्ष :**

वन विनासलाई रोक्ने र जनताको वन पैदावारको आवश्यकता परिपूर्ति गर्ने उद्देश्यसहित सुरु भएको सामुदायिक वनको भूमिका अहिले आएर वृद्धि भएको छ । सन् २०३० सम्म हासिल गर्ने उद्देश्य रहेका १७ वटा दिगो विकासका लक्ष्य मध्ये ५ वटा उद्देश्य प्रत्यक्ष र ८ वटा अप्रत्यक्ष गरी १३ वटा उद्देश्य पूरा गर्न सामुदायिक वनले महत्त्वपूर्ण भूमिका खेल्छन् । आगामी दिनमा सामुदायिक वन व्यवस्थापनलाई प्रभावकारी बनाउन सके नेपालले लिएको दिगो विकासका लक्ष्य पूरा गर्न थप मद्दत पुग्ने देखिन्छ ।

**सन्दर्भ सामग्री**

Acharya, R. and Paudel, G. 2016. Implementation status of community adaptation plans: a case study from Parbat District, Nepal. *International Journal of Environment*, 5(3): 119-126.

Adhikari, B. 2005. Poverty, property rights and collective action: Understanding the distributive aspects of common property resource management. *Environment and Development Economics*, 10: 7-31.

Adhikari, J., Ojha, H. and Bhattarai, B., 2016. Edible forest ? Rethinking Nepal's forest governance in the era of food insecurity. International Forestry Review, 18(3): 265-279.

Angelsen, A., Wunder, S. 2003. Exploring the forest-poverty link: key concepts, issues and research implications. CIFOR Occasional Paper no. 4

Baral, S., Sekot, W. and Vacik, H., 2008. Significance of community forestry for rural households: An economic analysis of community forest user groups in Nepal. Department of Economics and Social Sciences, University

of Natural Resources and Applied Life Sciences Vienna.

Bhattarai, T., Skutsch, M., Midmore, D. and Rana, E.B. 2012. The carbon sequestration potential of community based forest management in Nepal. *International Journal of Climate Change*, 3(2):233-254.

Chhetri, B. B. K. 2005. Community Forestry Programs in the Hills of Nepal: Determinants of User Participation and Household Dependency. M.Sc. Thesis, Norwegian University of Life Sciences (UMB).

Chhetri, B. B. K., Larsen, H. O. and Smith-Hall, C. 2015. Environmental resources reduce income inequality and the prevalence, depth and severity of poverty in rural Nepal. Environmental Development and Sustainability, 17: 513-530.

Devkota, B., Thwaites, R. and Race, D.,2018. Community forestry, rural livelihoods and poverty reduction in Nepal. In *Community Forestry in Nepal: Adapting to a Changing World* (pp. 59-81). Routledge.

FAO, 2013. Forests and Water, International Momentum and Action. Food and Agricultural Organization of the United Nations (FAO), Rome.

Gilmour, D., Malla, Y. and Nurse, M. 2004. Linkages between community forestry and poverty. *Bangkok: Regional Community Forestry Center for Asia and the Pacific.*

Ghimire, G. P. 2007. Contribution of Community Forestry in Community Development and Household Income: A case Study from Kavrepalanchowk District, Nepal. M.Sc. Thesis, Tribhuvan University, Institute of Forestry, Nepal.

Kafle, M. R. 2008. Contribution of Community Forestry to Users Household Income: A Financial Analysis, A case study from three community forest of Gorkha District, Nepal. M. Sc. thesis, Tribhuvan University, Institute of Forestry, Nepal

Kanel, K. R. 2004. Twenty Five Year's of Community Forestry: Contribution to Millennium Development Goals. In Kanel, K. R., Prakesh, M., Kandel, B. R., Niraula, D. R., Sharma, A. R. and Gautam, M. (Eds.) Proceedings of the Fourth National Workshop on Community Forestry, pp, 4-18.

Karki, R., Shrestha, K. R., Ojha, H., Paudel, N., Khatri, D. B., Nuberg, I. and Adhikari, A. 2018. From forests to food security: Pathways in Nepal's community forestry. Small-Scale Forestry, 17: 89-104.

Khanal, Y. 2008. Valuation of carbon sequestration and water supply services in community forests of Palpa district, Nepal. A thesis submitted for the partial fulfillment of the requirements of the Master's degree of Science in Forestry, Tribhuvan University, Institute of Forestry, Pokhara, Nepal, pp. 1-63.

Maharjan, M.R., Dhakal, T.R., Thapa, S.K., Schreckenberg, K. and Luttrell, C. 2009. Improving the benefits to the poor from community forestry in the Churia region of Nepal. *International Forestry Review*, *11*(2): 254-267.

Oli, B.N. and Shrestha, K. 2009. Carbon status in forests of Nepal: an overview. *Journal of Forest and Livelihood*, 8(1): 62-66

Paudel, G. 2015. Forest resource income variation in the mid-hills of Nepal: A case study from two CFUGs of Parbat district, Nepal. *International Journal of Environment*, 4(3): 1-10.

Pimentel, D., McNair, M., Buck, L., Pimentel, M. and Kamil, J. 1997. The value of forests to world food security. *Human Ecology*, 25(1): 91-120.

Rayamajhi, S., Smith-Hall, C. and Helles, F. 2012. Empirical evidence of the economic importance of Central Himalayan forests to rural households. *Forest Policy and Economics*, 20:25-35.

Regmi, B. R. and Bhandari, D., 2013. Climate change adaptation in Nepal: Exploring ways to overcome the barriers. *Journal of Forests and Livelihood*, 11(1):43-61

Regmi, B.R. and Karki, G. 2010. Local adaptation plans in Nepal. Tiempo, pp. 21-25

Shrestha, B. P. 2009. Carbon sequestration in Schima-Castanopsis forest: A case study from Palpa District. *The Greenery-A Journal of Environment and Biodiversity*, 7(1): 34-40.

Shrestha, U.B., Shrestha, S., Chaudhary, P. and Chaudhary, R.P. 2010. How representative is the protected areas system of Nepal? A gap analysis based on geophysical and biological features. *Mountain Research and Development*, 30(3): 282-294.

Subedi, B. P., Ojha, H. R., Nicholson, K. Binayee, S. B. 2002. Community Based Forest Enterprises in Nepal: Case Studies, Lessons and Implications. Asia Network for Sustainable Agriculture and Bioresources (ANSAB) and Nepal Netherlands Development Organization (SNV).

Subedi, B.P., Ghimire, P.L., Koontz, A., Khanal, S. C., Katwal, P., Sthapit, K.R. and Mishra, S. K. 2014. Private Sector Involvement and Investment in Nepal's Forestry: Status, Prospects and Ways Forward. Study Report, Multi Stakeholder Forestry Programme - Services Support Unit, Babarmahal, Kathmandu, Nepal.

Timsina, N. P. 2003. Promoting social justice and conserving montane forest environments: a case study of Nepal's community forestry programme. *The Geographical Journal*, ***169***(3): 236-242.

Tripathi, S., Thapa, C. B., Sharma, A. and Paudel, G. 2017. Biomass carbon content in Schima-Castanopsis forest of midhills of Nepal: A case study from Jaisikuna community forest, Kaski. *International Journal of Environment*, 6(4): 72-83.

UN, 2015. Sustainable Development Goals. United Nations.

वन विभाग, २०७३ । हाम्रो वन, २०७२/७३ । नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन विभाग, बबरमहल, काठमाडौं, नेपाल ।

वन विभाग, २०७४ । सामुदायिक वन उद्यमको अवस्था । नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन विभाग, सामुदायिक वन महाशाखा, बबरमहल, काठमाडौं, नेपाल ।

नेपाल सरकार, २०७१ । सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (परिमार्जित तेस्रो संस्करण) । नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन विभाग, सामुदायिक वन महाशाखा, बबरमहल, काठमाडौं, नेपाल ।

# नेपालमा वैज्ञानिक वन ब्यवस्थापन: वर्तमान अवस्था, समस्या र सुझाव

शान्त राम वराल* सञ्जीवराज ढकाल*

## १. पृष्ठभूमि

नेपालमा वन संरक्षण तथा विकासको ईतिहांस हेंर्दा विभिन्न समयमा कुनै न कुनै किसिमबाट वनलाई महत्व दिई संरक्षण एवं व्यवस्थापन गरिदै आएको पाइन्छ । वन ऐन २०१८, वन संरक्षण (विशेष व्यवस्था) ऐन २०२४, राष्ट्रिय वन योजना २०३३, पंचायती वन नियमावली २०३५, पंचायत संरक्षित वन नियमावली २०३५, वन विकास गुरुयोजना २०४५ हुँदै वन ऐन २०४९ तथा वन नियमावली २०५१जारी भए पश्चात मध्यपहाडी क्षेत्रका वनहरू क्रमश:स्थानीय समुदायहरूलाई समूह गठन गरी सामुदायिक वनको रुपमा हस्तान्तरण गर्दै लगियो भने तराई तथा भित्री मधेसका वनलाई सरकारबाट नै व्यवस्थापन गर्ने नीति अंगिकार गरियो । तर तराई तथा भित्री मधेसको वन क्षेत्र जनसंख्याको बढ्दो चापका कारण वन पैदावार चोरी निकासी तथा वन अतिक्रमणको चपेटामा पर्न गयो र ती क्षेत्रका वनको प्रभावकारी संरक्षणका लागि सरकारले विभिन्न प्रयासहरू गरेतापनि वन विनाशको दरमा कमी आउन सकेन । साथै वन क्षेत्रबाट टाढा बसोवास गर्ने जनताहरू वन पैदावारको पहुँचबाट विमुख हुने अवस्थाको सिर्जना समेत भयो । सो अवस्थालाई सम्वोधन गर्न वन क्षेत्रको नीति २०५७ ले तराईको वन संरक्षण तथा विकास गर्न समुदायमा आधारित वन व्यवस्थापन पद्धतिलाई अंगिकार गर्दै साझेदारी वनको अवधारणा अगाडी सार्‍यो । समुदायमा आधारित वन ब्यबस्थापनका प्रयासले वनको हैसियतमा सुधार आएतापनि स्थानिय उपभोक्ताहरूको काठ,दाउराको माग मात्र सम्वोधन गर्न सक्यो तर उत्पादन र उत्पादकत्वलाई वढाउन आशातित उपलब्धी हांसिल गर्न सकेन । तसर्थ वनको वैज्ञानिक ब्यबस्थापन गरी काठ दाउराको उत्पादन वृद्धि गर्दै रोजगारी तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान जरुरी देखिन्छ । यसो भएमा नेपालका पहुंच र सम्भाव्यवन जंगलको दिगोएवम् वैज्ञानिक व्यवस्थापन गरी स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने, गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने, वातावरण सन्तुलन कायम राख्ने र स्थानीय तथा राष्ट्रिय रुपमा बढ्दो वन पैदावारको मागलाई दिगो रुपमा आपूर्ति गराउने तथा विदेशवाट हुने काठको आयत प्रतिस्थापन गर्नमा वैज्ञानिक वन ब्यबस्थापन कार्यक्रम सफल हुने कुरामा निविकल्प देखिन्छ ।

## २. वैज्ञानिक वन ब्यबस्थापनका लागि नीतिगत ब्यबस्था

राष्ट्रिय वन योजना २०३३ ले वनको वैज्ञानिक ब्यबस्थापन गर्ने परिकल्पना सहित कार्यक्रमहरू संचालन गर्ने लक्ष्य लिएता पनि आशातित उपलब्धी हांसिल हुन नसकेको सन्दर्भमा वन विकास गुरुयोजना २०४६ ले समेत दिगो वन ब्यबस्थापन गर्ने प्रवन्ध गरेको थियो । साथै परिमार्जित वन नीति २०५७ ले तराई तथा भित्री मधेसको वन व्यवस्थापनमा स्थानीय जनताको सहभागिता तथा सवै सरोकारवालाहरूको संलग्नता रहने गरी वनको व्यवस्थापन गर्न अवधारणा अघि बढायो । यही नीति मार्फत् नै तराईमा साझेदारी तथा चक्ला वन व्यवस्थापनको अवधारणा लागू भएको हो । यस्तो साझेदारी वनको कार्यान्वयनको लागि साझेदारी वन व्यवस्थापन दिग्दर्शन, २०६० लागू गरियो । यस दिग्दर्शनमा साझेदारी वन व्यवस्थापनका प्रमुख साझेदारहरूमा वन उपभोक्ता (नजिक र टाढा), स्थानीय निकाय गा.वि.स./न.पा., जि.वि.स.) तथा केन्द्रीय सरकार रहने व्यवस्था गरियो । यसको लागि वन तथा वातावरण मन्त्रालयले साझेदारी वनको निर्देशिका, २०६८ समेत लागू गरेको छ । साझेदारीमा व्यवस्थापन गर्न नसकिने वा बाँकी रहेका केही जिल्लाका चक्ला वनहरूको जिल्ला वन कार्यालयहरूबाट व्यवस्थापन योजना बनाई स्वीकृत योजना अनुरुप सरकारद्धारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गरिएको छ । हालैसंशोधन भएको वन

* सहायक वन अधिकृत, वन विभाग

ऐन, २०४९ (दोस्रो संशोधन २०७३) मा साझेदारी वन र चक्ला वन व्यवस्थापन सम्वन्धी कानुनी व्यवस्था गरी तराई तथा भित्री मधेसका वनहरूको व्यवस्थापनको थप वलियो आधार तय भएको छ । वन नीति २०७१, चौधौ त्रिवर्षिय योजना तथा वन क्षेत्रको रणनीति २०७३ ले समेतले दिगो व्यवस्थापनबाट वन पैदावारको उत्पादकत्व र उत्पादन बढाएर आन्तरिक माग
सकिने कुरा समेत उल्ले
तथा समुदायद्वारा व्यवस्थि
आधारित कार्ययोजना
उल्लेख भएको छ । वै
२०७१ ले सबै वन क्षेत्र
मार्ग प्रशस्त गरेको छ ।

### ३. वैज्ञानिक वन व्यवस्

वन श्रोत सर्भेक्षणको प्रति
वन व्यवस्थापन गर्न
तालिका १ मा प्रस्तुत ग

| सि.नं. | विव |
|---|---|
| १ | • चुरे तथा त भन्दा कम भिरा बाहिरको वनक्षेत्र हे. (३० डिग्री भि व्यवस्थापन गर्न बढी क्षेत्रफलमा |
| २ | • मध्ये पहाडी डिग्री भन्दा कम क्षेत्र बाहिरको व सम्म भिरालोमा सकिने भएकोले हुने) |

उल्लेखित तालिका बमो
नसकिएतापनि कम्तिमा

वैज्ञानिक वन व्यबस्थापन गर्न सकेमा मात्र निम्नानुसारको आसातित उपलब्धी हासिल हुनसक्ने देखिन्छ ।

१. तीन लाख हे. भन्दा बढी वन क्षेत्र वैज्ञानिक व्यवस्थापन भई वनको हैसियतमा सुधार आउने, जसबाट वातावरणिय लाभ समेत अभिवृद्धि हुने



: अर्गेली, पाँचथर

त्रको पुनरोत्थान

त, पाल्पा



२०१२

नवलपरासी



२०१२

गरिबी न्यूनीकरणका लागि


## कबुलियती वन विकास कार्यक्रम

हरियो वन नेपालको धन

वृक्ष रोपौं, वन जोगाऔं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन विभाग
सामुदायिक वन महाशाखा
कबुलियती वन शाखा
बबरमहल, काठमाडौं
२०७५

वनको साझेदारी व्यवस्थापन हाल आएर मोरङ्ग, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी (सुस्ता पूर्व र सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु र कैलाली गरी देशका १२ जिल्लामा ३० वटा साझेदारी वन समूह गठन भई स्वीकृत वन व्यबस्थापन कार्ययोजना अनुसार कार्यान्वयनमा आएका छन्। आर्थिक वर्ष अनुसार स्थापित साझेदारी वनको अवस्थालाई चित्र १ मा प्रश्तुत गरिएको छ।




## ४.२ चक्ला वन


वन नीति, २०५७ लागू भए पश्चात तराइ तथा भित्री मधेसका जिल्लाका गाउँ वस्ती देखि टाढा रहेका ठूला ठूला चक्ला वनलाई सरकारद्धारा व्यवस्थित उत्पादनशील वनको रुपमा व्यवस्थापन गर्न जिल्ला वन कार्यालयहरूले कार्ययोजना तयार पारी स्विकृत योजना अनुशार व्यवस्थापन गरिँदै आएको छ। हालसम्म बाँके, दाङ्ग, नवलपरासी, रौतहट, उदयपुर र सुनसरी जिल्ला गरी ६ जिल्लाका ६ वटा उत्पादनशील चक्ला वनहरूको वन सम्वर्धन प्रणालीमा आधारित कार्ययोजना वनाई बैज्ञानिक वन व्यवस्थापनको कार्य हुँदै आएको छ। तराई र भित्री मधेसका यी ६ वटा चक्ला वनहरूको अलावा पहाडी जिल्ला धनकुटाको सल्लेरी वनको समेत यस्तो कार्ययोजना तयार पारी व्यवस्थापन गरिएको छ। यस्ताचक्ला (सरकारद्धारा व्यवस्थित) वनहरूको विस्तृत विवरण तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

हाल यी वनहरूको वन सम्वर्धन प्रणालीमा आधारित व्यवस्थापन योजना बनाइ अनुशार वन क्षेत्रको उत्पादकत्व एवं वन पैदावारको उत्पादनमा बृद्धि भई काठ दाउराको आपूर्तिमा बृद्धि हुने, रोजगारी सिर्जना हुने, स्थानीय एवं राष्ट्रिय आयमा बृद्धि हुने तथा वातावरणीय सन्तुलन कायम भई वनको दिगो व्यवस्थापन हुने लक्ष्य राखिएको छ।

## ४.३ सामुदायिक वन

विश्वमा उदाहरणीय वन्न सकेको सामुदायिक वन, विभिन्न आरोह अवरोह पार गर्दैभ्रुण्डै चार दशकपार गरिसकेको छ र यस स्थिति सम्म आईपुग्दा वनको हैसियतमा सुधार हुनुका साथै वन हराभरा भएको, काठ दाउराको सहज आपूर्ति भएको, सामुदयिक वन कार्यक्रमवाट गरिवी न्यूनिकरण तथा सामुदायिक विकास भएको यर्थातता विभिन्न अध्ययनहरूले समेत उजागर गरेका छन्। शुरुआती चरणमा संरक्षणमुखी अवस्थामा रहेका सामुदायिक वनहरू दोश्रो फेजमा आईपुग्दा दोश्रो पुस्ताका सवालहरू जस्तै दिगो वन व्यवस्थापन, सूशासन, तथा जिविकोपार्जन सुधारमाकेन्द्रित हुदै आएकोमा हालको अवस्थामा भने वजार केन्द्रित अवधारणा प्रति अग्रसर भएको देखिन्छ। यति हुंदा हुदैं पनि आम उपभोक्ताहरूको धारणा वनको सघन व्यबस्थापन गर्दा नासिन्छ कि भन्ने त्रासले अधिकांस सामुदायिक वनहरू वैज्ञानिक वन व्यबस्थापन हुन सकेको छैन।

चालु आ.व. २०७३/७४ सम्मको तथ्याकं हेर्दा ४० वटा जिल्लाका २८५ वटा सामुदायिक वनमा वैज्ञानिक वन ब्यबस्थापन पद्धति अपनाएर कार्ययोजना कार्यान्वयन भएको छ। वैज्ञानिक वन व्यवस्थापन भएका सामुदायिक वनहरूको प्रदेशगतफैलावटको अवस्थालाई चित्र नं. ३ मा उल्लेख गरिएको छ।



## ५. वैज्ञानिक वन व्यवस्थापनमा देखिएका समस्याहरू

वन सम्वर्द्धनमा आधारित प्रणालीको अवलम्वनबाट वैज्ञानिक व्यवस्थापन गर्दा पूनरोत्पादन देखि अन्तिम कटानको व्यवस्था गरिएको हुन्छ, तथापी विद्यमान कार्यविधि-२०७१ मा विचको अवधिमा गरिने गतिविधि जस्तै पत्ल्याउने कार्यको प्रजातिगत रुपमा मार्गदर्शन तयार हुन सकेको छैन। हाल कार्यान्वयनमा आएका प्राय: सवै प्रकारका वनहरूमा सामान्यतया Irregular Shelterwood System को अवलम्वन भएको देखिन्छ तर भूगोलगत र प्रजातिगत वन व्यवस्थापनको model को अवलम्वन हुन नसक्दा सवै अवस्थाका वनको सही व्यवस्थापन हुनसक्दैन। सामुदायिक वनहरू प्रायजसो सा–साना टुक्राको रुपमा रहेका छन्। ति वनमा वैज्ञानिक वनको सिद्धान्त अनुरुप व्यबस्थापन गर्न आर्थिक रुपमा सम्भाव्य छैन।

अर्कोतर्फ नेपालको अस्थिर राजनैतिक अवस्था, वनक्षेत्र राज्यको प्राथमिकतामा पर्न नसक्नु, वन व्यवस्थापन भन्दा पनि संरक्षणमा प्राथमिकता दिनु, सरोकारवाला बीच साझा बुझाईको अभाव हुनु, उपयुक्त कार्य वातावरणको अभाव हुनु, श्रोत साधन जनशक्ति र आधुनिक उपकरणको कमी हुनु, साझेदारी वन समितिको नयां समूह गठन हुन नसक्नु वा म्याद समाप्त हुनु, कर्मचारीहरूमा वैज्ञानिक वन व्यबस्थापन गर्ने दृढ ईच्छा शक्ति, ज्ञान सिप नहुनुआदिको कारणले अपेक्षाकृत रुपमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयनमा आउन सकेको देखिदैंन।

साथै, राजनैतिक एवं संचार जगतमाझ वैज्ञानिक वन व्यवस्थापनको महत्वलाई प्रयाप्त मात्रामा सुसूचित गर्न नसक्दा समय समयमा यसको कार्यान्वयनको चरणमा व्यबधान सृजना हुने गरेको छ।

त्यसैगरी वढ्दो जनसंख्या, विकास निर्माणमा तिव्रता लगायतका कारणवाट वन पैदावर मुख्यत: काठ दाउराको माग वढ्दै जानाले वजारमा माग अनुसार काठ दाउराको आपूर्ति हुन सकेको छैन। वन क्षेत्रवाट आशातित उत्पादन वढ्न नसक्दा वनक्षेत्रले राष्ट्रिय र स्थानिय रोजगारी तथा राजस्वमा पुर्‍याउदै आएको योगदान समेत वढ्न सकेन। वन व्यवस्थापनको अभावमा वनक्षेत्रको सुशासनमा समेत थप समस्या देखा पर्न थालेको अनुभव छ। वैज्ञानिक व्यबस्थापन भएको फिल्डमा हेर्दा प्रायजसो रुखहरूमा वुढा (Over mature) भई धोदर समेत पसेको देखिदां काठको गुणस्तर पनि कमजोर छ। वजारमा स्वदेशी काठको सहज आपूर्ति नहुनाले विदेशबाट कमसल गुणस्तरको काठ आयात हुनाले क्रमिक रुपमा अलमुनियम, फाईवर लगायतका बस्तुको प्रयोगहरू वढ्न थालेको छ। जसबाट ठूलो रकम बिदेशिने अवस्थाका सृजना हुने देखिन्छ। यसरी काठ आयात गर्दा मुस्किलले कमाएको वैदेशिक मुद्रा पुन बिदेशिने समस्या झन बढ्दै जाने क्रममा छ।

## ६. सुधारका लागि सुझावहरू

### क. कार्यक्रम तथा नीतिगत सुधार

हाल सम्मको वन व्यबस्थापनको अध्ययन तथा सिकाइवाटवैज्ञानिक वन ब्यबस्थापन कार्यविधि २०७१ लाई समयानुकुल वनको प्रकार अन'सार ब्यबस्थापनक ढांचाको सपष्ट सिफारिस सहित संशोधन गर्नुपर्ने। त्यसैगरीवन तथा वातावरण मन्त्रालयले सन् साठिको दशकमा व्यावसायिक रुपमा वृक्षारोपण गरिने शिसौ लगायत ५ वटा प्रजाति तथा सामुदायिक वनको हकमा झाडी व्यवस्थापन सहित ४ प्रकारका पत्ल्याउने मार्गदर्शनजारी गरेकोमा यसको दायरालाई अझ फराकिलो पार्नका लागि अझै बढी प्रजातिका पत्ल्याउने मार्गदर्शन तयारी गर्नुपर्ने आवश्यक्ता देखिएको छ।

### ख. वजेटको व्यवस्था

वजेट नभएका सामुदायिक वनको हकमा व्यवस्थापनको लागि शुरुमा एक पटक मात्र अनुदान सहयोग आवश्यक पर्ने हुंदा र एक वटा समूहको लागि करिव रु. १० लाख वजेट आवश्यक पर्ने तर साझेदारी वनमा समूहको आम्दानीबाट समेत खर्च गर्न सकिने भएकोले सरकारद्वारा व्यवस्थित वनको तुलनामा साझेदारी वनमा सरकारले कम रकमबिनियोजन गर्दा पनि कार्यान्वयनमा समस्या पर्दैन ।तसर्थ साझेदारी वन व्यवस्थापनको लागि प्रति हजार हे. रु. १ करोड र सरकारद्वारा व्यवस्थित वनको लागि प्रति हजार हे. रु. १ करोड२५ लाख वजेट आवश्यक

पर्ने हिसावले देखिन्छ । अतः वैज्ञानिक वन व्यवस्थापनमा प्रयाप्त वजेट विनियोजन गर्नुपर्ने देखिन्छ ।

**ग. कार्यान्वियन पक्षमा सुधार**

वैज्ञानिक वन व्यवस्थापन प्राविधिक रुपले तुलनात्मक रुपमा सरल भएतापनि ब्यवस्थापकिय हिसावले निकै चुनौतिपूर्ण छ । त्यसैले यसलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्न निम्न कुराहरू गर्नु पर्ने देखिन्छ ।

क) मानव संशाधन ब्यबस्थापनलाई अझ वढि पारदर्शी वनाई वैज्ञानिक वन व्यवस्थापन गर्ने क्षेत्रफल तोकी कार्यसम्पादन करार गरी खटाउने, उपयुक्त सहायक टिम पठाउने र त्रैमासिक कार्यसंपादन मुल्याँकनको ब्यबस्था गर्ने ।

ख) वैज्ञानिक वन व्यवस्थापनको लागि सहज वातावरण सृजना गरी सहज र निरन्तर रुपमा काम गर्ने वातावरण सृजना गर्ने ।

ग) आधुनिक तथा उच्च प्रविधिको प्रयोगलाई जोड दिने । ढांचा (Format) तथा प्रकृयाहरू प्रविधि मैत्री वनाउने र सो बमोजिमको वातावरण सृजना गर्ने ।

घ) प्रक्रियामूखी भन्दा नतिजामुखी कार्यशैलीको विकास गर्ने र नतिजालाई Incentive सँग जोड्ने

ङ) काठ विक्रि वितरण सहज वनाउन र बजारमा काठको मुल्य घटाउन काठ दाउरा लिलाम बिक्रिलाई सरलिकृत गर्ने र वन नियमावली २०५१ बमोजिम न्यूनतम मुल्य हुने गरी लिलाम गर्ने प्रावधान लागू गर्ने, प्रकृया पुरा गरी लिलाम भएकोमा विवाद हुन नदिने वातावरण सृजना गर्ने ।

च) संघीय, प्रदेश तथा स्थानिय सरकारको सहकार्य एवं समन्वयमा कार्यक्रम संचालन गर्ने ।

छ) वैज्ञानिक वन ब्यबस्थापन कार्यका लागि प्रचार प्रसारको कार्यक्रमहरू संचालन गर्ने ।

ज) समान उद्धेश्य भएका र जोडिएर रहेका सामुदायिक वनहरूलाई Cluster को रुपमा ब्यबस्थापन गर्ने ।

झ) राजनैतिक वृतमा वैज्ञानिक वन व्यबस्थापनको महत्वलाई सुसुचित गराउनुपर्ने ।

## ६. उपसंहार

वैज्ञानिक वन व्यबस्थापनको कार्यान्वयनवाट वनको दिगो ब्यबस्थापन भई राज्यलाई नियमित रुपमा राजस्व प्राप्त हुने, स्थानिय तथा राष्ट्रिय स्तरमा काठदाउराको आपूर्ति सर्वसुलभ हुने, स्थानिय स्तरमा रोजगारी श्रृजना हुने, वनमा आधारित उद्योगहरू तथा आयमूलक कार्यक्रमहरू संचालन भई गरिवी न्यूनिकरणमा सहयोग पुग्ने, जैविक विविधताको संरक्षण र सम्वर्धन हुने,वन क्षेत्र अतिक्रमण, चोरी कटानी, आगलागी तथा चरिचरणको रोकथाम हुने, वन क्षेत्रको संरक्षण, विकास तथा व्यवस्थापनका लागि स्थानीय स्रोत साधनको परिचालन हुने र स्थानीय क्षमता एवं सीपको विकास हुने र वनको व्यवस्थापन भई वनक्षेत्रको हैसियतमा सुधार हुने देखिन्छ । अतः दिगो/वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम देशैभरि कार्यान्वयनमा ल्याउनुका विकल्प छैन ।

## सन्दर्भ सामाग्री


Amatya, Swayambhu Man, Shrestha, Kanhaiya Raj and Cedamon, Edwin. (2016). Nepali Forestry Handbook.Nepal Foresters Association, Kathmandu, Nepal.

DoF, 2015 . State of Nepal's forest. Department of Forests, Ministry of Forests and Soil Conservation, Kathmandu, Nepal.

GoN, 2016. Forest Act1993 (Second amendement 2016). Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation; Kathmandu, Nepal.

Government of Nepal, Ministry of Forests and Soil Conservation 2012-2016 published papers, reports and websites.

Kharal, D. K. and B.N. Oli, 2008 . An Estimation of Tree Species Diversity in Rural Farmland of Nepal. Banko Janakari. Vol.18 (1) pp 3-9.

MFSC, 2000. Revised Forestry Sector Policy 2000. Ministry of Forest and Soil Conservation. Kathmandu, Nepal.

MFSC, 2003. Collaborative Forest Management Guidelines. Ministry of Forest and Soil Conservation. Kathmandu, Nepal.

वन विभाग, २०७१ । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१

# महिला सिर्जना सामुदायिक वनमा सुशासनको अवस्था

हेमचन्द्र महतो*

**विषय प्रवेश :**
सामुदायिक वनक्षेत्र त्यस्तो राष्ट्रिय वनक्षेत्र हो जुन वन ऐन, २०४९ को दफा २५ अनुसार जिल्ला वन कार्यालयमा विधान




दर्ता गरी संगठित वन उपभोक्ता समूहका नामले चिनिन्छ । आफ्नो व्यवस्थापन गर्न सक्ने क्षमता, प्रचलित कानुन, स्वीकृत वन कार्ययोजनाअनुसार वनको संरक्षण, सम्वर्द्धन, सदुपयोग र व्यवस्थापन गर्न नजिकका उपभोक्तालाई सुम्पिएको वनक्षेत्र हो । यों निश्चित समुदायलाई सामूहिक हितका लागि निश्चित भूगोलको चार किल्ला तोकी निश्चित उद्देश्य जस्तै, स्वीकृत कार्ययोजनाअनुसार काठ-दाउरा, स्याउला, घाँस, जडीबुटी आदि संकलन, बिक्री-वितरण, सदुपयोग गर्न हस्तान्तरण गरिएको हुन्छ । सामुदायिक वनको संरक्षण, वन विकास, वन सम्वर्द्धन एवं वनको वैज्ञानिक व्यवस्थापन गर्न नेपाल सरकारले ऐन, कानुन, नीति, नियमावली, निर्देशिका, कार्यविधि, मार्गदर्शन इत्यादि लागू गरेको छ । सोहीअनुरूप सामुदायिक वन उपभोक्ता समूहले विभिन्न क्रियाकलाप सञ्चालन र कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

सामुदायिक वनको आम्दानी, खर्चका बारेमा निर्णय गर्दा, सामुदायिक वनबाट निस्किने काठ-दाउरा आदि वन पैदावार संकलन, बिक्री-वितरण, उपभोक्तामा काठ वितरणजस्ता प्रणालीमा सुशासन हुनुपर्दछ । सुशासन लोकतान्त्रिक व्यवस्थाको गहना हो । लोकतान्त्रिक व्यवस्था कार्यान्वयन गर्न सामुदायिक वनसम्बन्धी प्रत्येक क्रियाकलापमा आमउपभोक्तालाई निर्णय प्रक्रियामा सामेल हुन पाउने नैसर्गिक अधिकार छ (वन ऐन, २०४९ र वन नियमावली २०५१) मा । सामुदायिक वनमा सामाजिक, आर्थिक न्याय सुनिश्चित गर्न तथा गरिबी न्यूनीकरण रणनीतिअनुरूप सामुदायिक वनको विकास प्रक्रियामा गरिब विपन्नको समावेशितालाई दसौं पञ्चवर्षीय योजनामा समेत जोड दिएको छ (एमएफएससी, २००२) ।

सुशासन सुनिश्चित गर्न सामुदायिक वन उपभोक्ता समूहमा वन विकास, वन संरक्षण, वनको व्यवस्थापनका लागि गरिने सबै क्रियाकलापमा मितव्ययी, जवाफदेहिता, सहभागिता, विधिको शासन, पारदर्शिता, उत्तरदायित्व, प्रभावकारिताजस्ता सवाल लागू हुनुपर्छ, जुन प्रायः कम नै रहेको पाइन्छ (पोखरेल एट अल, २००४) । सामुदायिक वन उपभोक्ता समूहमा सुशासन मूल्यांकन गर्न प्रायः सहभागिता, जवाफदेहिता, पारदर्शिता र दूरदर्शिता गरी मुख्य रूपले जम्मा ४ वटा सूचक प्रयोग गरिन्छ (चौधरी, २००४) । सुशासन दोस्रो पुस्ताको सवालमध्ये एक हो (कँणेल, २००३) । सुशासन कायम नभएको कुनै पनि संस्थाको भविष्य दिगो हुन सक्दैन । सामुदायिक वनको दिगो व्यवस्थापन गर्न सुशासन अपरिहार्य विषय हो ।

सुशासन कायम भएका कुनै पनि संघ-संस्थामा कमजोर व्यक्तिको आवाजलाई गम्भीरताका साथ सुनिन्छ । गरिब, विपन्न, महिला उपभोक्तालाई सम्मानजनक व्यवहार गरिन्छ, उनीहरूको मत सबैखाले निर्णय प्रक्रियामा निर्णायक हुन्छ । उनीहरूका आवश्यक्ता, माग प्राथमिकतासाथ सम्बोधन गरिन्छ । यति मात्रै होइन, सुशासनको आफ्नै महत्त्व

* सहायक वन अधिकृत, जिल्ला वन कार्यालय, सिन्धुपाल्चोक

र फाइदा पनि छन्। सुशासनमा गरिब, विपन्न, दलित, महिला, निमुखा उपभोक्ताको जीविकोपार्जन, आयआर्जनमा वृद्धि हुने, वनको दिगो रूपले व्यवस्थापन हुने, प्रत्येक उपभोक्ताको वनसँग सम्बन्धित सबैखाले कार्यक्रममा अपनत्व बढ्ने, सामुदायिक वनमा समता, समन्याय सुनिश्चित हुने, वनलाई असर पार्ने गतिविधि नियन्त्रण हुने विशेषता रहेका हुन्छन्।

सुशासनको महत्त्व हुँदाहुँदै पनि सामुदायिक वनमा यो विषय कायम राख्नु चुनौती देखिन्छ। व्यवहारमा यसलाई उतार्न कठिनाइ पनि छ। किनभने, सामुदायिक वन उपभोक्ता समूहभित्र रहेका सदस्य विभिन्न आस्था, सोच-विचार, सिद्धान्तका हुन्छन्। उनीहरू राम्रो काममा पनि मतैक्य गर्न सकिरहेका हुँदैनन्।



**परिचय :**

सुशासनको अवस्थाबारे विश्लेषण एवं आकलनका लागि महिला सिर्जना सामुदायिक वन उपभोक्ता समूह छनोट गरिएको थियो, जुन हेटौंडा वडा-८ मा रहेको छ। यसको स्थापना वि.सं. २०५५ मा भएको थियो। यस वनको क्षेत्रफल ५४.४ हेक्टर थियो। दुई खण्ड रहेको यो वन उपभोक्ता समूहको जनसंख्या १ हजार ३ सय ८२ रहेको थियो। मिश्रित साल प्रजातिको बाहुल्य रहेको यस वनको चार किल्ला पूर्वमा नगर विकासको जग्गा र खहरे खोला, पश्चिममा कच्ची बाटो, रातोमाटे सामुदायिक वन, राजमार्ग, उत्तरमा औद्योगिक क्षेत्रको कम्पाउन्ड र दक्षिणमा आवादी बस्ती रहेको थियो। सामुदायिक वन उपभोक्ता समूहको सुशासन विश्लेषण अध्ययन सिलसिलामा वनका उपभोक्तासँग गरिएको छलफलअनुसार उक्त वनक्षेत्रमा स्वीकृत वन कार्ययोजनामा उल्लिखित कार्य जस्तै, घेरा पर्खाल लगाउने, अग्निपथ निर्माण, वृक्षारोपण, वन डढेलो नियन्त्रण, सरसफाइ, गोडमेल, आलोपालो वन संरक्षण गस्ती, संरक्षण पोखरी निर्माण, पर्या-पर्यन प्रवर्द्धन कार्य आदि मुख्य क्रियाकलाप अवलोकन गरिएको थियो।

**अध्ययनका उद्देश्यहरू :**

सुशासन आकलन एवं विश्लेषणका उद्देश्य निम्नानुसार थिए :

- सामुदायिक वन उपभोक्ता समूहको निर्णय प्रक्रिया तथा सोको कार्यान्वयनको अवस्थाबारे पत्ता लगाउन।
- सामुदायिक वनमा सुशासनका विभिन्न तत्त्व जस्तै, पारदर्शिता, जवाफदेहिता, सहभागिता, दूरदर्शिताको अवस्थाबारे पत्ता लगाउन।


**अध्ययनको औचित्य :**

महिला सिर्जना सामुदायिक वन उपभोक्ता समूहमा रहेका आमउपभोक्ता, उपभोक्ता समितिका सदस्यमा र सामुदायिक वनक्षेत्रभित्र निम्नानुसारका विषय सुनिश्चित गर्न उक्त समूहमा अध्ययन, विश्लेषण र मूल्यांकन गरिएको थियो।

- सामुदायिक वनबाट प्राप्त हुने अवसर, फाइदा सम्पूर्ण उपभोक्तालाई समतामूलक एवं समन्यायिक ढंगले वितरण सुनिश्चित गर्न।
- सामुदायिक वनको व्यवस्थापन कार्यमा सामाजिक समावेशीकरणको सिद्धान्त कार्यान्वयनका लागि।
- उपभोक्ता सदस्यको क्षमता अभिवृद्धि गरी वनको संरक्षण, सम्वर्द्धन, विकास र व्यवस्थापन कार्यमा सक्रियता बढाउन।
- पछाडि परेका र पारिएका, वनबाट प्राप्त हुने फाइदा कहिल्यै नलिएका व्यक्ति/समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउन।
- सामुदायिक वन व्यवस्थापन कार्यमा अपनत्व कायम गर्न।

- वनको विकास, संरक्षण, व्यवस्थापनमा सक्रिय सहभागिता सुनिश्चित गर्न ।
- महिला, दलित, विपन्न वर्गको सामाजिक आर्थिक उत्थानका लागि ।
- जैविक विविधताको संरक्षण गर्दै बुद्धिमतापूर्ण सदुपयोग गर्ने कार्यलाई बढावा दिन ।


**अध्ययन विधि र अध्ययन सामाग्री :** यसको अध्ययन कार्यलाई अघि बढाउन ब्राउन पेपर, मेटा कार्ड, रुलर, क्यामेरा, विभिन्न रंगका मार्कर आदि प्रयोग गरिएको थियो । उक्त सामुदायिक वनमा सुशासन अध्ययन मूल्यांकन गर्न माकुराको जालो विधि, समूह छलफल, की पर्सन इन्टभ्यु, फोकस ग्रुप छलफल, पीआरए सर्भे, व्यक्तिगत अन्तर्वार्ता आदि विधि एवं तरिका






अपनाइएको थियो । माकुराको जालो सुशासनका सूचक विश्लेषण गर्ने एउटा महत्त्वपूर्ण औजार हो । यसले कुनै पनि संस्थाको दिगोपना र त्यसको क्षमता अनुगमनमा सहयोग गर्छ । यसले संस्थाको र संस्थाबाट सञ्चालित कार्यक्रमहरू, प्रवाह हुने सेवा-सुविधाको सही रूपमा जानकारी प्रदान गर्छ । साथै, यसले सुशासनको अवस्थाबारे प्रस्ट रूपमा बुझ्न चित्ररूपी परिणाम दिन्छ । जसबाट निरक्षर उपभोक्ता सदस्यले पनि सामुदायिक वनमा सुशासनको विद्यमान अवस्था कस्तो छ भन्ने कुरा सजिलै बुझ्छन् । माकुराको जालो विधि प्रयोग गरी सुशासन आकलन मूल्यांकन गर्न मुख्य रूपमा सातवटा चरण अपनाइएको थियो । ती हुन् : पहिलो चरण-सुशासन आकलनका लागि बढी प्रयोग गरिने ४ सूचक पारदर्शिता, जवाफदेहिता, सहभागिता र दूरदर्शिताका परिसूचक तयार गर्नु, दोस्रो चरण-प्रत्येक ४ वटा सूचकको चार-चारवटा परिसूचक तयार गरिएको थियो । तेस्रो चरण-प्रत्येक परिसूचकलाई चार-चार भ्यालु दिइएको थियो । चौथो चरण-समूह छलफलबाट प्रत्येक परिसूचकलाई दिइएको चार अंकमध्ये प्रत्येकले कति-कति नम्बर प्राप्त गरे, सो स्कोर अंक पहिचान गरिएको थियो । पाँचौं चरण-प्रत्येक सूचकको अधिकतम अंक १६ अनुसार माकुराको जालो ब्राउन पेपर र मार्करको सहायताले तयार गरिएको थियो । छैटौं चरण-प्रत्येक सूचकले छलफलबाट प्राप्त भएका अंक भ्यालुअनुसार रेखांकन गरिएको थियो । सातौं चरण-यसरी तयार भएका माकुराको जालो चित्रबाट सुशासनको अवस्थाबारे विश्लेषण गरिएको थियो ।





**नतिजा**

| Attributes | Indicators | Score | Attributes | Indicators | Score |
|---|---|---|---|---|---|
| पारदर्शिता (१२) | आम्दानी स्रोतमा पारदर्शिता | ४ | जवाफदेहिता (११) | उपभोक्ता समितिको भूमिका दायित्व | ३ |
| | खर्चमा पारदर्शिता | ३ | | साधारण उपभोक्ताको भूमिका जवाफदेहिता | २ |
| | विधान तथा कार्ययोजनामा पारदर्शितासम्बन्धी व्यवस्था | २ | | गरिब विपन्नप्रति जवाफदेहिता | ३ |
| | वन पैदावार बिक्री-वितरणमा पारदर्शिता | ३ | | वन पैदावारको समन्यायिक वितरणमा जवाफदेहिता | ३ |
| सहभागिता (९) | महत्त्वपूर्ण निर्णयमा महत्त्वपूर्ण उपभोक्ताको सहभागिता | ३ | दूरदर्शिता (१०) | निर्देशिका, मार्गदर्शन तयारी | २ |
| | निर्णय प्रक्रियामा सहभागिता | २ | | सरोकारवालासँग सन्जाल | २ |
| | कार्यान्वयनमा सहभागिता | २ | | सहयोग तथा समन्वय | ४ |
| | लाभ बाँडफाँड प्रक्रियामा सहभागिता | २ | | स्पष्ट नीति, उद्देश्य, दूरदृष्टि | २ |

यसरी माथिका चित्रमा देखाइएबमोजिम प्राप्त नतिजाअनुसार सुशासन आकलनका निम्ति अपनाइएका महत्त्वपूर्ण चार सूचक जस्तै, पारदर्शिताले १२ अंक, जवाफदेहिताले ११ अंक, सहभागिताले ९ अंक र दूरदर्शिताले १० अंक प्राप्त गरेका थिए । प्राप्त नतिजाका आधारमा महिला सिर्जना सामुदायिक वन उपभोक्ता समूहमा सहभागिता ज्यादै कम पाइयो भने पारदर्शिताको अवस्था राम्रो पाइयो । समष्टिगत रूपमा भन्ने हो भने उक्त सामुदायिक वनमा सुशासनको अवस्था ६६ प्रतिशत रहेको थियो भो ३४ प्रतिशत कमी रहेको पाइयो । किनभने, सूचकको जम्मा स्कोर ६४ मध्ये चित्रमा देखाइएअनुसार जम्मा ४२ अंक मात्र प्राप्त भएको थियो ।

## निष्कर्ष तथा सुझाव

सामुदायिक वनको विकास एवं दिगोपनका लागि सामुदायिक वनको सामाजिक, आर्थिक, वातावरणीय स्रोतको व्यवस्थापन गर्न सुशासन एउटा महत्त्वपूर्ण साधन हो । सुशासनको मूल मर्म भनेको गरिब, विपन्न, पछाडि पारिएका/परेका, आवाजविहीन निमुखा उपभोक्तालाई निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाउन उनीहरूलाई सशक्त बनाउनु नै हो । महिला सिर्जना सामुदायिक वन उपभोक्ता समूहमा सुशासनको अवस्था औसतमा राम्रो रहेको पाइयो । तर, सामुदायिक वनको दोस्रो पुस्ताका मुख्य सवालको रूपमा रहेको सुशासनलाई अझ बढी सुनिश्चित गर्न उक्त सामुदायिक वनको दिगो वन व्यवस्थापनमा आमउपभोक्ताको सक्रिय सहभागितालाई जोड दिनुपर्ने देखिन्छ । वनको संरक्षण एवं सम्बर्द्धन, वन विकास कार्यक्रम कार्यान्वयनमा आमउपभोक्ता कार्ययोजनामा तोकिएका विधि र व्यवस्थाअनुसार निर्णय प्रक्रिया अपनाई गरिब विपन्नमुखी आयआर्जन कार्यक्रम सञ्चालन गर्नुपर्छ । आमउपभोक्ताको जीविकोपार्जनको स्रोतको रूपमा सामुदायिक वन एउटा उपयुक्त माध्यम हो भन्ने जनविश्वासलाई प्रमाणित गर्दै जनताको सामाजिक, आर्थिक, वातावरणीय समस्या समाधान गर्न सक्नुपर्छ ।

## सन्दर्भ सामग्री


Bhatta, B. and Gentle P. 2004. Strengthening the internal governance of the CFUGs: experience of SAMARPAN project IN Proceeding of the Forth workshop on community Forestry, 25 years of community forestry, Dec. 2004 Community Forestry Division, DOF

Brown, D., K. Shreckenberg, G.shepherd and wells, A. 2002. IN Proceeding of the Forth workshop on community Forestry,Dec. (2004),Community Forestry Division,DOF,25 years of community forestry,

Chowdhary, C.L. (2004). Governance in community Forest user groups in the perspective of post formation support IN proceeding of the Forth workshop on community Forestry, 25 years of community forestry, Dec. 2004. Community Forestry Division, DOF.

HMG/N ,2002 10th five year plan, National planning commission, Nepal

Kanel K.R. and Niraula, D.R, 2004: Can rural livelihoods be improved in Nepal through Community Forestry? Banko Jankari, 14 (1): 19-26

Khanal, M.D., 2004: Good governance in Community Forestry. A paper presented in Fourth National Community Forestry Workshop held in Aug 4-8 Kathmandu, Nepal

Mahila Srijana CFUG, Hetauda- 8, Makawanpur OP and constitution, Minute register, Financial and Audit Reports, Forest product distribution register of the CFUG.

Pokhrel B.K. and Niraula D.R., 2004: Community Forestry Governance in Nepal: Achievements, challenges and Option for the Future. A paper presented in the fourth National Worksho held on 4-8 Aug 2004, Kathmandu Nepal.

Sharma, N. and Acharya, B. 2004. "Good governance in Nepal's Community Forestry: Translating Concepts into actions". IN Proceeding of the Forth workshop on community Forestry, 25 years of community forestry, Dec. 2004. Community Forestry Division, DOF

# के सामुदायिक वनहरू केन्द्रीकरणको जोखिममा परेका हुन् ?

गणेश पौडेल*, प्रविण भूसाल**

## पृष्ठभूमि

वन जनताको जीविकोपार्जनसँग परापूर्वकालदेखि नै जोडिँदै आएको छ। जनताको वनसँगको आवश्यकता र चाहनाको परिवर्तनसँगै वन व्यवस्थापनका पद्धति पनि परिस्कृत हुँदै गए। प्रभावकारी वन व्यवस्थापन पद्धतिको खोजी कार्यले गर्दा यसका विभिन्न अवधारणा र पद्धतिको विकास हुँदै गयो (Ojha, Cameron, & Kumar, 2009)। सन् १९८० पछाडिको दशकलाई नियाल्ने हो भने वन व्यवस्थापनमा विकेन्द्रीकरणलाई जोड दिइएको देखिन्छ। जसअन्तर्गत समुदायको सहभागितालाई सुनिश्चित गर्न विभिन्न वन व्यवस्थापनसम्वन्धी अधिकार प्रत्यायोजन गरियो। हालैका दशकमा वातावरण र विकास नीतिमा विकेन्द्रीकरण एक प्रभावकारी औजारका रूपमा देखापरिरहेको छ (Agrawal & Gupta, 2005)। विकेन्द्रीकरणले प्रभावकारी रूपमा स्रोतको व्यवस्थापन गर्न प्रजातान्त्रिक पद्धति र संस्थाहरूलाई सशक्त बनाउँछ। नेपाल विकेन्द्रीकरणमैत्री कानुन र कार्यक्रम लागू गरी जनसहभागितामा आधारित विकेन्द्रीकृत शासनपद्धति अवलम्बन गरी प्राकृतिक स्रोत-साधन व्यवस्थापन गर्ने एक उदाहरणीय देशको रूपमा रहेको छ (Pokharel et al., 2007)।

नेपालमा करिब चार दशक पहिलेदेखि समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको अवलम्बन गरिँदै आएको छ। यस बीचमा सामुदायमा आधारित विभिन्न किसिमका वन व्यवस्थापनका पद्धति विकास हुँदै गएका छन्। हाल नेपालमा कुल क्षेत्रफलको करिब ४० प्रतिशत वनक्षेत्र समुदायद्वारा व्यवस्थापन भइरहेका छन्। सामुदायिक वन, कवुलियती वन, साझेदारी वन, धार्मिक वन, मध्यवर्ती सामुदायिक वन, मध्यवर्ती कवुलियती वन, मध्यवर्ती धार्मिक वन, संरक्षित वन आदि समुदायमा आधारित वन व्यवस्थापन पद्धति रहेका छन्। विगत एक डेढ दशकदेखि वन पैदावारको उत्पादकत्व बढाई दिगो वन व्यवस्थापन सुनिश्चित गर्न नेपालका सामुदायिक वनमा वैज्ञानिक पद्धति र प्राविधिक विषयको प्रयोगलाई निरन्तर रूपमा बढाउँदै लगिएको छ। यसरी वैज्ञानिक र प्राविधिक विषयलाई अनिवार्य गराउँदै गर्दा उपभोक्ताको भन्दा पनि प्राविधिक विशेषगरी सरकारी कर्मचारीको वन व्यवस्थापनमा भूमिका बढ्दै जाने कुरा सामुदायिक वनसम्बन्धी अधिकारकर्मी तथा प्राज्ञहरूको बीचमा बहस भइरहेको छ। यस परिवेशमा सामुदायिक वन व्यवस्थापन सम्बन्धमा उठेका यी विभिन्न दृष्टिकोणको समीक्षा गर्न जरुरी देखिन्छ। यस आलेखमा वन व्यवस्थापनमा विकेन्द्रीकरणको विगतको बाटो र हाल सामुदायिक वनको पुन:केन्द्रीकरणसम्बन्धी अध्ययनहरूले देखाएका विभिन्न दृष्टिकोणको समीक्षा गरिएको छ।

## विकेन्द्रीकरणको विगतको बाटो

नेपालको सामुदायिक वन विश्वभरि नै प्रख्यात वन व्यवस्थापनको नमुनाका रूपमा रहेको छ। यसका साथै वनमा समुदायको अधिकार प्रत्यायोजनको हिसाबले पनि यसलाई निकै प्रगतिशील मानिन्छ (Ojha, 2008; Acharya, 2002)। वन व्यवस्थापनमा स्वशासनको अभ्यासमार्फत नांगा पाखाहरूलाई हरिया पाखामा रुपान्तरण गर्न सामुदायिक वन सफल भएका छन्। यस अवस्थासम्म आइपुग्नका लागि थुप्रै नीति, कानुन तथा पहलको योगदान रहेको छ। नेपालमा वन व्यवस्थापन पद्धतिमा कसरी विकेन्द्रीकृत शासनपद्धति विकसित भयो भन्ने घटनाक्रम तालिका १ मा प्रस्तुत गरिएको छ।

---

*सहायक योजना अधिकृत, वन विभाग, बबरमहल, काठमाडौं
** उप-प्राध्यापक, वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस, पोखरा

**तालिका १: नेपालमा भएका विभिन्न घटनाक्रम तथा नीतिहरूको विकेन्द्रीकृत वन व्यवस्थापनमा भूमिका**

| वर्ष (सन्) | घटनाक्रम/नीति | भूमिका |
|---|---|---|
| १९७६ | राष्ट्रिय वन योजना | नीतिगत रूपमा पहिलोपटक वन संरक्षणमा समुदायको सहभागितालाई आत्मसात् गरिएको । |
| १९८२ | विकेन्द्रीकरण ऐन | गाउँ पञ्चायतहरूको काम र कर्तव्य तोकिएको । |
| १९८८ | वन क्षेत्रको गुरुयोजना | निजी तथा सामुदायिक वन कार्यक्रमलाई मुख्य कार्यक्रमका रूपमा लिइएको । |
| १९९२ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको चौथो संशोधन | संरक्षित क्षेत्र व्यवस्थापनमा मध्यवर्ती क्षेत्रको अवधारणा समावेश गरिएको । |
| १९९३ | वन ऐन | सामुदायिक वन, कबुलियती वन तथा धार्मिक वनको हस्तान्तरण प्रक्रियालाई कानुनी रूपमा प्रष्ट्याइएको । |
| १९९५ | वन नियमावली | |
| २००० | वन क्षेत्रको नीति | तराई तथा भावरको वन व्यस्थापनमा नयाँ अवधारणा ल्याइएको । |
| २००९ | सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन | सामुदायिक वन हस्तान्तरण तथा सञ्चालनको विस्तृत प्रक्रिया उल्लेख गरिएको । |
| २०१५ | वन नीति | सामुदायमा आधारित वन व्यवस्थापन पद्धतिलाई पारिस्थितिकीय, आर्थिक र सामाजिक रूपले थप सक्षम बनाउँदै लाभको न्यायोचित वितरण सुनिश्चित गर्ने नीति रहेको । |
| २०१५ | नेपालको संविधान | सरकारका तीन तह उल्लेख गरिएको र प्राकृतिक स्रोतको व्यवस्थापनका लागि हरेकको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको । |
| २०१६ | वनक्षेत्रको रणनीति | समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको विकास र बिस्तार गर्ने रणनीति अपनाइएको । |


(स्रोत: Dahal and Chapagain, 2008 र अन्य नीतिहरू)

## केन्द्रीकरणको बहस

वनलाई राष्ट्रियकरण गर्ने नीति असफल भएपछि नेपालमा सन् १९७० को दशकपछि सामुदायिक वनको सुरुवात भएको हो । त्यसबेला यसको मुख्य उद्देश्य वन विनास रोकी वातावरणीय ह्रासलाई नियन्त्रण गर्ने र जनताको आधारभूत वन पैदावारको आवश्यकतालाई परिपूर्ति गर्ने थियो । वन ऐन, १९९३ ले सामुदायिक वनलाई एक अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ भनी उल्लेख गऱ्यो । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा सामुदायिक वनले वन व्यवस्थापनको कार्ययोजना बनाउने र त्यसलाई जिल्ला वन अधिकृतबाट स्वीकृत गरी समूहले कार्ययोजना कार्यान्वयन गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। त्यसका अलावा जिल्ला वन कार्यालयले नियमित फिल्ड अनुगमन गरी वन व्यवस्थापनलाई सहजीकरण गर्दै आएको थियो (Pokhrel et.al., 2007) । तर, वन ऐन, १९९३ को पहिलो संशोधन १९९९ पछि वन व्यवस्थापनमा प्राविधिक आवश्यकता जटिल हुँदै गएको देखिन्छ (Basnyet et.al., 2018)। यससँगै वन कर्मचारीको भूमिका सामुदायिक वन कार्ययोजना निर्माण प्रक्रियामा बृहत् हुँदै गयो (Nightingale & Ojha, 2013) । अर्कोतर्फ विभिन्न समयमा परिपत्रद्वारा समुदायको अधिकारको प्रयोगमा अंकुश लगाउने काम भइरहेका छन् भन्ने तर्क पनि उठ्ने गरेका छन् ।

अहिले विश्वव्यापी रूपमै विभिन्न लेखकहरूले सामुदायिक वन केन्द्रीकरणको जोखिममा परेको कुरा उठाएका छन् । केन्द्रीय सरकारहरूले वन व्यवस्थापनमा विकेन्द्रीकरण गर्ने क्रममै विभिन्न रणनीति अपनाएर वन स्रोतको पुनः केन्द्रीकृत गर्छन् भनी Ribot et al. (2006) ले उल्लेख गरेका छन् । उनीहरूले सेनेगल, युगान्डा, नेपाल, इन्डोनेसिया, बोलिभिया र निकारागुआ गरी ६ वटा देशमा गरेको अध्ययनबाट अपर्याप्त अधिकार हस्तान्तरण तथा अनुपयुक्त स्थानीय संस्थागत संरचना निर्माण गरी वन स्रोत व्यवस्थापनमा पुनःकेन्द्रीकरण गर्ने उल्लेख गरेका छन्, जुन चित्र नं १ मा प्रस्तुत गरिएको छ । वन व्यवस्थापनमा प्रभावकारी विकेन्द्रीकरणका लागि समुदायस्तरसम्म विभिन्न अधिकार दिनुपर्नेमा यस्तो अधिकारको हस्तान्तरण अपूर्ण हुन्छ र वास्तवमा त्यहाँ सह-व्यवस्थापनको अवस्था सिर्जना हुन्छ (Cronkleton et al., 2012) । त्यसैगरी Shackletion et al. (2006) ले पनि समुदायमा आधारित प्राकृतिक स्रोत व्यस्थापनमा केन्द्रीय सरकारहरूले अधिकारलाई वास्तविक रूपमा समुदायमा हस्तान्तरण नगर्ने र यो सैद्धान्तिक मात्र हुने भनेका छन् । पछिल्लो समय चर्चामा रहेको विकासोन्मुख मुलुकमा वन विनास र वनक्षयीकरणबाट हुने उत्सर्जन न्यूनीकरण (रेडप्लस) ले कार्बन संरक्षण र अनुगमनमा केन्द्रीय सरकारको संलग्नता बढाउने हुँदा यसले विकेन्द्रीकृत वन व्यवस्थापन पद्धतिमा चुनौती खडा गर्दछ (Phelps et al., 2010) भन्ने चर्चा हुने गरेको छ ।

**चित्र १: विकेन्द्रीकरणसँगै केन्द्रीकरण (Recentralizing while Decentralizing) (Ribot et al,. 2006)**



**तालिका २: नीति/घटना र यसको सामुदायिक वनमा पार्ने प्रभावसम्बन्धी दृष्टिकोणहरू**

| नीति/घटना | पक्षमा उठ्ने आवाज | आरोप |
|---|---|---|
| वनक्षेत्रको नीति, २०५७ | यसले तराई तथा भित्री मधेसको चक्ला वन व्यवस्थापनमा नयाँ अवधारणा ल्यायो । | पहाडका उपभोक्ताको तुलनामा तराईका उपभोक्तालाई वन स्रोत व्यवस्थापनमा अन्यायमा पार्‍यो (Bhattarai, 2006) । |
| सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ | सामुदायिक वनको कार्ययोजनालाई वैज्ञानिक रूप दिन सहयोग पुग्यो । | वन कार्ययोजना निर्माणमा वन मापनजस्तो प्राविधिक विषय थपेर सामुदायिक वन व्यवस्थापनमा समूहको संलग्नता घटायो (Baral et al., 2018) । |
| सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५ | यसले सामुदायिक वनको गठन, हस्तान्तरण तथा सञ्चालनलाई व्यवस्थित तुल्यायो । | सामुदायिक वनको म्याद तोकेर कार्ययोजना नविकरण गर्ने क्रममा कर्मचारीको संलग्नता बढेको (Basnyat et al., 2018a) । |
| सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापनको सुरुवात, २०७०/७१ | संरक्षणकेन्द्रित रहेका सामुदायिक वनमा वैज्ञानिक वन व्यस्थापन गरी वन पैदावार तथा वनको उत्पादकत्व वृद्धि गर्ने कार्यको थालनी भयो । | उपभोक्तालाई प्राविधिक ज्ञानको कमीले सामुदायिक वन व्यवस्थापनमा उपभोक्ताको भन्दा कर्मचारीको हालीमुहाली बढेको (Basnyat et al., 2018b) । |

Sunam et al. (2013) ले नेपालको कर्मचारी तन्त्रको प्रयोग गरी विभिन्न तीन तरिकाबाट सामुदायिक वनलाई पुन:केन्द्रीकरणका गर्न लागिएको उल्लेख गरेका छन् । ती तीन तरिकामा, (१) सामुदायिक वनका कार्यक्रम जिल्ला वन कार्यालयबाट स्वीकृत र अनुगमन हुने, (२) सामुदायिक वन पैदावारमा कर लगाउने प्रयास र (३) चुरे क्षेत्रमा सीमित प्रयोगको क्षेत्र घोषणा गर्ने कार्य रहेका छन् ।

पछिल्लो समय चर्चामा रहेको वन सम्बर्धन प्रणालिमा आधारित वन व्यस्थापनजस्तो प्राविधिक विषय सामुदायिक वनमा छिराएर वन व्यस्थापनलाई केन्द्रीकृत गर्न खोजेको पनि विभिन्न लेखकले उल्लेख गरेका छन् (Faye, 2015; Hull et al., 2010; Maryudi, 2012; Ojha, 2013; and Toft et al., 2015) । यसरी विभिन्न नीति तथा घटनाले सामुदायिक वन व्यवस्थापनमा पारेको प्रभावसम्बन्धी फरक-फरक दृष्टिकोण रहेको पाइन्छ, जुन तालिका २ मा प्रस्तुत गरिएको छ । एकथरिले यस्ता अवधारणाले वनको उत्पादकत्व बढाउने तथा दिगो व्यवस्थापन सुनिश्चित हुने तर्क अगाडि सारेका छन् भने अर्कोतर्फ यस्ता क्रियाकलापले समुदायको निर्णय गर्ने अधिकार र वन व्यवस्थापनमा हुनुपर्ने संलग्नतामा असर पुग्ने विषय उठान गरेका छन् । यस सम्बन्धमा कसको तर्क कुन हदसम्म ठीक हो अहिले नै भन्न सकिने अवस्था छैन । विगतमा नागा रहेका पाखा अहिले हरिया वनमा रुपान्तरण भइसकेका छन् । यस अवस्थामा वन सम्वर्द्धन प्रणालीलाई लागू गरी

वनको उत्पादकत्व वृद्धि तथा वन पैदावारको उत्पादन वृद्धि गर्न आवश्यक छ । त्यसकारण वनको वैज्ञानिक तवरले व्यवस्थापन गर्ने कुरामा दुईमत हुनुहुँदैन । तर, सामुदायिक वनको हकमा समूहको क्षमता विकास, वैज्ञानिक वन व्यवस्थापनको अपनत्व र यसबाट हुने सामाजिक, आर्थिक एवं पर्यावरणीय प्रभावको विश्लेषण गर्ने कार्यलाई ध्यान नदिई वैज्ञानिक वन व्यवस्थापन एकोहोरो रूपमा लागू गर्न खोजिए त्यो सफल नहुन पनि सक्छ ।

कतिपय स्थानमा सामुदायिक वनका उपभोक्तासमेत वैज्ञानिक वन व्यवस्थापन गर्दा वन विनास हुन्छ भनी यसलाई कार्यान्वयन गर्न इच्छुक देखिएका छैनन् । साथै, कतिपय अन्य सरोकारवालाले पनि वैज्ञानिक वन व्यवस्थापनले हरिया रुख काटेर वन सखापै हुने हुँदा यसलाई कार्यान्वयन गर्न नहुने तर्क अगाडि सारिरहेका छन् । वैज्ञानिक वन व्यवस्थापनको सामाजिक, आर्थिक तथा वातावरणीय फाइदाका बारेमा अनुसन्धानको कमीले गर्दा पनि यसको महत्त्वबारे सरोकारवालालाई बुझाउन सकिएको छैन । जसले गर्दा यसलाई कतिपय अवस्थामा केन्द्रीकरणको औजारको रूपमा स्वयं उपभोक्ताले समेत लिने गरेका छन् । सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापनका लागि समूहको जनचेतना अभिवृद्धि तथा क्षमता विकासलाई पूर्वसर्तका रूपमा लिनुपर्छ । वन व्यवस्थापन कार्ययोजनालाई प्राविधिक हिसावले पूर्ण तथा समुदायले बुझ्ने गरी सरल बनाउनुपर्दछ । कार्ययोजना निर्माण तथा कार्यान्वयनमा समूहको नेतृत्वदायी भूमिका हुनुपर्दछ । वन कर्मचारी तथा प्राविधिकले त्यसलाई सहजीकरण तथा अनुगमन गर्नुपर्दछ ।

यसरी हेर्दा नेपालमा अहिले नीतिगत रूपमै सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन र अन्य प्राविधिक कुरा लागू गरी वन पैदावारको उत्पादन वृद्धि गर्न खोजेको देखिन्छ, जुन अहिलको अवस्थामा एक अत्यावश्यक कार्य हो । यसको उद्देश्य वन पैदावारको उत्पादन वृद्धि गरी अहिले भइरहेको विदेशी काठ आयातलाई घटाउने भएकाले यो कार्य प्रभावकारी रूपमा अगाडि बढाउनुपर्छ । यसलाई लागू गर्ने क्रममा अपनाइएका विधि तथा तौरतरिकाले सामुदायिक वनको व्यवस्थापनमा वन कर्मचारी तथा प्राविधिकको भूमिका बढ्दै गएको देखिन्छ । वन व्यवस्थापन कार्यमा वन प्राविधिकको भूमिका वृद्धि हुनु राम्रो पक्ष हो तर यससँगै समुदायको सहभागिता तथा भूमिकालाई पनि बढाउँदै लैजानुपर्दछ । वैज्ञानिक वन व्यवस्थापनसम्बन्धी समूहलाई पर्याप्त रूपमा जनचेतना अभिवृद्धि नगर्नाले कतिपय अवस्थामा उपभोक्ताले यसलाई समूहको भन्दा पनि जिल्ला वन कार्यालयको कार्यक्रमका रूपमा बुझेकाले यो नै केन्द्रीकरणको माध्यम भएको भनी विभिन्न लेखकले निष्कर्ष निकालिरहेको पाइन्छ । यसरी अहिले उठेको केन्द्रीकरणको बहस र सरोकारवालाबीच रहेको फरक बुझाइले गर्दा सामुदायिक वनमा वन सम्वर्द्धनमा आधारित वन व्यवस्थापनलाई प्रभावकारी रूपमा अगाडि बढाउन सकिएको छैन । तसर्थ, समुदायको वन व्यवस्थापनमा क्षमता अभिवृद्धि गर्दै वन सम्वर्द्धनमा आधारित वन व्यवस्थानमार्फत वन पैदावारको उत्पादकत्व तथा वन पैदावारको उत्पादन वृद्धि गर्नु नै अहिले रहेको फरक विचारको मिलनबिन्दु हुनसक्छ । त्यसका लागि वन प्रशासन र सामुदायिक वन उपभोक्ता समूह तथा अन्य सरोकारवालाबीच छलफल गर्दै एक साझा बुझाइको विकास गरी वन व्यवस्थापनमा समझदारी कायम गर्नुपर्दछ ।

**निष्कर्ष**

यस आलेखमा विगत चार दशकदेखि अभ्यास हुँदै आएको र विश्वमै सफल रहेको सामुदायिक वन व्यवस्थापनको विगतको बाटो र हाल आएर चर्चामा रहेको पुन: केन्द्रीकरणका बारेमा प्राज्ञिक समुदाय र सरोकारवालामाझ उठेका विषयमा छलफल गरियो । वास्तवमा नेपालका विगतका नीति नियम तथा कानुनले सामुदायिक वन व्यवस्थापन पद्धतिलाई स्पष्ट रूपमा अँगालेर यो कार्यक्रम सफल भएको हो । यसको फलस्वरूप वन संरक्षण तथा जनताका वन पैदावारसम्बन्धी आधारभूत आवश्यकता पूरा गर्न सामुदायिक वन सफल भएको छ । पछिल्लो समय सामुदायिक वनको वन व्यवस्थापन सुधार्न विभिन्न नीतिगत पहल जस्तै, सामुदायिक वनको स्रोत सर्वेक्षण, सामुदायिक वनको अनुगमन, वैज्ञानिक वन व्यवस्थापन आदि विधि अपनाइएको छ । वन कर्मचारीले यस्तो अभ्यासले वन हैसियतमा वृद्धि गरी आर्थिक, सामाजिक लाभ वृद्धि हुने र

अन्ततोगत्वा दिगो वन व्यवस्थापनको लक्ष्य हासिल गर्न सकिने तर्क गर्छन् भने प्राज्ञ, गैरसरकारी संघ-संस्था तथा वनअधिकारकर्मी समूहले यस्ता पहलले सामुदायिक वनको स्वायत्ततामा असर पारेको भनी टिप्पणी गर्ने गरेका छन् । वन सरोकारवालाको फरक बुझाइ र उपभोक्ताको वन व्यवस्थापनमा हुनुपर्ने संलग्नता घट्दै जानुले सामुदायिक वन उपभोक्ता समूहमा सरकारप्रतिको विश्वास, आपसी समझदारी र सञ्चारमा असर पर्न गई समग्रमा सामूहिक कार्य (Collective action) लाई नकारात्मक प्रभाव पार्न सक्छ ।

वन व्यवस्थापन पद्धतिलाई वैज्ञानिक बनाउने र त्यसबाट वनको पर्यावरणीय अवस्थालाई सुधार गर्दै आर्थिक, सामाजिक विकास गर्ने उद्देश्यअनुसार हालका दिनमा सामुदायिक वनमा पनि विभिन्न वन व्यवस्थापनका प्रविधि प्रयोग गरिएको छ । तर, वन व्यवस्थापनमा समुदायको क्षमता विकास नभइसकेको सन्दर्भमा सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिवृद्धि गर्दै उनीहरूको पूर्ण सहभागितामा वन सम्वर्द्धन प्रणालीलाई सुदृढ बनाउँदै वन पैदावारको उत्पादन वृद्धि गर्नु आजको आवश्यकता हो । त्यसका लागि सरकार र सामुदायिक वन उपभोक्ता तथा अन्य सरोकारवालाबीच रहेको फरक बुझाइलाई थप समीक्षा गरी साझा बुझाइको विकास गर्नुपर्छ ।

## सन्दर्भ सामग्री


Acharya, K.P. 2002. Twenty-four years of community forestry in Nepal. Int. For. Rev. 4 (2), 149–156. http://dx.doi.org/10.1505/IFOR.4.2.149.17447.

Agrawal, A., & Gupta, K. 2005. Decentralization and participation: The governance of common pool resources in Nepal's Terai. *World Development,* 33(7): 1101–1114. https://doi.org/10.1016/j.worlddev.2005.04.009

Basnyat, B., Treue, T., Pokharel, R. K., Lamsal, L. N. & Rayamajhi, S. 2018a. Legal-sounding bureaucratic re-centralisation of community forestry in Nepal. *Forest Policy and Economics*. https://doi.org/10.1016/j.forpol.2017.08.010

Basnyat, B., Trute, T. & Pokharel, R. K. 2018b. Silvicultural madness: a case from the "Scientific Forestry" initiative in the community forests of Nepal. *Banko Jankari,* Special Issue 4: 54-64.

Cronkleton, P., Saigal, S., & Pulhin, J. 2012. Co-management in community forestry: How the partial devolution of management rights creates challenges for forest communities. *Conservation and Society*, *10*(2), 91. https://doi.org/10.4103/0972-4923.97481

Dahal, G. R., & Chapagain, A. 2008. Community forestry in Nepal: Decentralized forest governance. In C. J. P. Colfer, G. R. Dahal, & D. Capistrano (Eds.), *Lessons from Forest Decentralization: Money, Justice and the Quest for Good Governance in Asia-Pacific* (pp. 67–81). London: Earthscan.

DoF, 2017. Hamro Ban (Fiscal year 2016/17).Department of Forests (DoF), Nepal.

Faye, P. 2015. Choice and power: resistance to technical domination in Senegal's forest decentralization. Forest Policy and Economics, 60, 19–26.

Hull, J., Ojha, H., Paudel, K. P. 2010. Forest inventory in Nepal – technical power or social empowerment? In: Lawrence, A. (Ed.), Taking Stock of Nature: Participatory Biodiversity Assessment for Policy, Planning and Practice. Cam-

bridge University Press, pp. 165–184.

Maryudi, A. 2012. Restoring state control over forest resources through administrative procedures: evidence from a community forestry programme in central java, Indonesia. *Austrian Journal of South-East Asian Studies,* 5: 229–242.

Nightingale, A.J., Ojha, H.R. 2013. Rethinking power and authority: symbolic violence and subjectivity in Nepal's Terai forests. Dev. Chang. 44 (1), 29–51. http://dx.doi. org/10.1111/dech.12004.

Ojha, H. 2013. Counteracting hegemonic powers in the policy process: critical action research on Nepal's forest governance. *Critical Policy Studies,* 7(3): 242-262.

Ojha, H. R., Cameron, J., & Kumar, C. 2009. Deliberation or symbolic violence? The governance of community forestry in Nepal. *Forest Policy and Economics,* *11*(5–6), 365–374. https://doi.org/10.1016/j.forpol.2008.11.003

Ojha, H.R. 2008. Reframing Governance: Understanding Deliberative Politics in Nepal's Terai Forestry. Adroit Publishers, New Delhi, India.

Phelps, J., Webb, E. L., & Agrawal, A. 2010. Does REDD+ threaten to recentralize forest governance? *Science, 328*(5976), 312–313.

Pokharel, B. K., Branney, P., Nurse, M., & Malla, Y. B. 2007. Community forestry: Conserving forests, sustaining livelihoods and strengthening democracy. *Journal of Forest and Livelihood,* 12: 8-19.

Ribot, J. C., Agrawal, A., & Larson, A. M. 2006. Recentralizing while decentralizing: How national governments reappropriate forest resources. *World Development, 34*(11): 1864–1886. https://doi.org/10.1016/j.worlddev.2005.11.020

Shackleton, S., Campbell, B., Wollenberg, E., & Edmunds, D. 2002. Devolution and community-based natural resource management: Creating space for local people to participate and benefit. *Natural Resource Perspectives, 76*(1): 1–6.

Sunam, R. K., Paudel, N. S., & Paudel, G. 2013. Community forestry and the threat of recentralization in Nepal: Contesting the bureaucratic hegemony in policy process. *Society & Natural Resources, 26*(12): 1407–1421. https://doi.org/10.1080/08941920.2013.799725

Toft, M. N. J., Adeyeye, Y., Lund, J. F. 2015. The use and usefulness of inventory-based management planning to forest management: evidence from community forestry in Nepal. *Forest Policy and Economics,* 60: 35–49.

# सामुदायिक वनमा महिला सहभागिता : केही कानुनी तथा नीतिगत व्यवस्था

रीति आचार्य *

## पृष्ठभूमि

विश्व मानचित्रमा सानो आकारमा देखिने नेपाल क्षेत्रफलको हिसाबले सानो भए पनि यहाँका विविध जैविक विशेषता विश्वमै उदाहरणीय छन् । जैविक विविधतामा निकै धनी मानिने यहाँ कुल क्षेत्रफलको करिब ४० प्रतिशत भू-भाग वनक्षेत्रले ढाकेको छ । वर्तमान समयमा विश्वमा देखिएका गम्भीर वातावरणीय समस्या समाधान गर्न केही हदसम्म यहाँको वन क्षेत्रले महत्त्वपूर्ण योगदान दिइरहेको छ । केही दशक अगाडिसम्म नेपालमा वनक्षेत्र कुल भू-भागको करिव आधा क्षेत्रफलमा फैलिएको थियो । तर, जनसंख्या वृद्धिलगायत अन्य विविध कारणले गर्दा यहाँको वनक्षेत्र सन् १९९४ मा २९ प्रतिशतमा सीमित हुन पुगेको थियो । अहिले भर्खरै प्रकाशित वन स्रोत सर्वेक्षण प्रतिवेदनले नेपालमा वनक्षेत्र कुल भू-भागको ४०.३६ प्रतिशत रहेको भनी उल्लेख गरेको छ । यसरी नेपालमा दुई दशकमै करिब १० प्रतिशतले वनक्षेत्रमा वृद्धि हुनुमा विविध कारण रहेका छन् । तीमध्ये मुख्य कारण यहाँको वनक्षेत्रको व्यवस्थापनमा स्थानीय समुदायको संलग्नता रहनु र वन व्यवस्थापनमा उनीहरूले अपनत्व बोध गर्नु हो । सामुदायिक वनको सुरुवातसँगै पहिले नांगा रहेका डाँडा हरिया जंगलमा परिणत भएको हामीले प्रत्यक्ष देखेकै छौं ।

सामुदायिक वनका उपलब्धिलाई वन संरक्षणका रूपमा मात्र हेरियो भने त्यो अपूरो हुनसक्छ । यस कार्यक्रमको सुरुवात भएपछि एकातिर वनको हैसियतमा क्रमिक रूपमा सुधार आइरहेको छ भने अर्कातिर महिला, गरिब तथा अन्य विपन्न वर्गको वनस्रोतमा पहुँच बढ्न गई उनीहरूको जीवनस्तरमा क्रमशः सुधार भइरहेको छ । महिला र वनबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ । महिला नै वास्तविक रूपमा वन पैदावार संकलक तथा वनका संरक्षककर्ता पनि हुन् । उनीहरूलाई जीविकोपार्जन धान्नका लागि दैनिक रूपमा घाँस, दाउरा, स्याउलालगायतका वन पैदावार आवश्यक पर्छ । त्यसकारण वन संरक्षणमा उनीहरूको बढी चासो रहन्छ । सुरुवाती चरणमा सामुदायिक वनको कार्यसमितिमा महिलाको सहभागिता न्यून रहेको थियो । तर, विभिन्न कानुनी, नीतिगत संरचनागत तथा कार्यक्रमिक व्यवस्थाले गर्दा नेपालको सामुदायिक वन व्यवस्थापनमा महिलाको सहभागिता उल्लेख्य रूपमा वृद्धि भइरहेको छ । हाल करिब १ हजारभन्दा बढी सामुदायिक वन महिला मात्र भएको समितिले व्यवस्थापन गरिरहेका छन् । अन्य सामुदायिक वनमा पनि महिलाको सामुदायिक वनको निर्णय प्रक्रियामा सक्रिय सहभागिता बढिरहेको विभिन्न अध्ययनले देखाइरहेका छन् । तलको तालिकामा विभिन्न जिल्लामा सामुदायिक वन उपभोक्ता समितिमा महिलाको सहभागिता देखाइएको छ । उक्त तथ्यांकले सामुदायिक वनमा महिलाको सहभागिता राम्रो भए पनि कतिपय जिल्लामा अझै बढाउनुपर्ने देखाएको छ ।

| सामुदायिक वन उपभोक्ता समितिमा महिलाको प्रतिनिधित्व |
|---|
| पर्वतमा ३४%, दोलखामा ४२%, तेह्रथुममा ३३.४%, रोल्पामा ४५%, रुपन्देहीमा ३९%, अछाममा ३५%, प्यूठानमा ४३%, बाग्लुङमा ४५% र दैलेखमा ३७% |
| **महिला अध्यक्ष भएका समूह** |
| पर्वतमा ११%, दोलखामा १६%, तेह्रथुममा ६% र रोल्पामा २२ वटा |

स्रोत : MSFP, 2014

* जिल्ला वन कार्यालय, पर्वत

यस आलेखमा नेपालमा सामुदायिक वनमा महिला सहभागिता सम्बन्धमा रहेका विभिन्न कानुनी तथा नीतिगत व्यवस्थाका बारेमा छोटकरीमा चर्चा गरिएको छ ।

## कानुनी तथा नीतिगत व्यवस्था

### १. नेपालको संविधान, २०७२

नेपालको संविधान, २०७२ को धारा १८ मा लिंगलगायत अन्य कुनै पनि आधारमा वञ्चित नगर्ने समानताको हकलाई मौलिक हकका रूपमा उल्लेख गरेको छ । संविधानको धारा ३८ मा महिलाको हकलाई पनि मौलिक हकका रूपमा राखी यसको उपधारा ४ मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ भनी उल्लेख गरिएको छ । यसैगरी धारा ५० मा राज्यका निर्देशक सिद्धान्तमा अन्य व्यवस्थालगायत लैंगिक समानता र सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्नु राज्यको राजनीतिक उद्देश्य हुने भनी उल्लेख गरिएको छ ।

### २. वन ऐन, २०४९ तथा नियमावली, २०५१

वन ऐन, २०४९ को परिच्छेद ५ मा सामुदायिक वनसम्बन्धी व्यवस्था उल्लेख गरिएको छ भने सोही ऐनको परिच्छेद ९ मा उपभोक्ता समूहको गठनसम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । यी ऐन तथा नियमावलीमा उपभोक्ता समूहमा स्थानीय स्तरमा बसोबास गर्ने कुनै पनि व्यक्ति वा समूहलाई वञ्चित नगरिने कुरा अप्रत्यक्ष रूपमा उल्लेख गरिएको छ ।

### ३. वन नीति, २०७१

नेपाल सरकारले वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा स्थानीय र राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने दूरदृष्टिका साथ वन नीति, २०७१ लागू गरेको छ । यसको नीति ४ मा सामुदायिक, कबुलियती, साझेदारी, मध्यवर्ती सामुदायिक, संरक्षित, धार्मिकलगायतका समुदायद्वारा व्यवस्थित वनलाई पारिस्थितिकीय, आर्थिक र सामाजिक रूपले सक्षम बनाउँदै लाभको न्यायोचित बाँडफाँड गर्ने उल्लेख गरिएको छ । सोही नीतिको रणनीति (ख) मा समुदायद्वारा व्यवस्थित वनका माध्यमबाट वनबाट टाढा रहेका, विपन्न, आदिवासी, जनजाति, दलित, महिला र सीमान्तकृत उपभोक्ताको पहुँच बढाउने उल्लेख गरिएको छ । उक्त नीति तथा रणनीतिलाई कार्यान्वयन गर्ने समुदायमा समाहित आदिवासी, जनजाति, दलित, एकल महिला, विपन्न, अपांगलाई स्रोतको पहुँच र लाभको बाँडफाँडमा अग्राधिकार सुनिश्चित गरिने कार्यनीति लिइएको छ ।

### ४. वनक्षेत्रको रणनीति, २०७२

राष्ट्रिय समृद्धिका लागि वनका लागि पारिस्थितिकीयजन्य प्रणालीका दिगो व्यवस्थापन, जैविक विविधता र जलाधारको पूर्ण सदुपयोग भन्ने अवधारणसाथ वनक्षेत्रको रणनीति, २०७२ तयार पारिएको छ । यस रणनीतिको परिणाम ३ मा वन संस्थाहरूको भूमिका र कार्य परिभाषित गर्ने, सहभागिता बढाउने, महिला, जनजाति, गरिब र समाजबाट वहिष्कृत समूह तथा व्यक्तिको वनक्षेत्र संस्थामा योग्यता र नेतृत्व बढाउने भनी उल्लेख गरिएको छ । यसमा सामुदायिक वन व्यवस्थापनमा महिला तथा अन्य पिछडिएका वर्गको सार्थक सहभागिता बढाउने कुरामा जोड दिइएको छ । यसका साथै, सामुदायिक वन व्यवस्थापनलाई थप प्रभावकारी र समावेशी बनाउन उपभोक्ता समूहभित्र महिला, दलित, जनजाति, आदिवासीलाई समावेश गर्ने, निश्चित वन उपभोक्ताका लागि उपसमूह गठन गरी सञ्चालनका लागि क्षमता विकास गरी सहयोग दिने रणनीति अवलम्बन गरिएको छ । त्यस्तै, नीति ७ अन्तर्गतको रणनीति ख मा वनक्षेत्रका सबै संगठन तथा कार्यक्रममा लैंगिक र सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने रणनीति अवलम्बन गरिएको छ भने वनक्षेत्रसँग सम्बन्धित सबै निकाय, योजना तथा कार्यक्रमलाई लैंगिक समता, लैंगिक मूल प्रवाहीकरण, समावेशी, सहभागितामूलक र पारदर्शी हुने गरी पुनर्संरचना गर्ने तथा महिला तथा अन्य विपन्न वर्गको जीविकोपार्जनमा सुधार गर्ने क्षमता अभिवृद्धि र रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने कार्यनीति लिइएको छ ।

## ५. वनक्षेत्रको लैंगिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६५

वन तथा भू-संरक्षण मन्त्रालयले लैंगिक समानता र सामाजिक न्यायप्रति सचेत र समावेशी संस्था हुनेछ जसले वनक्षेत्रमा सुशासनको प्रभावकारी कार्यान्वयनबाट सबै वर्ग, लिंग र तहका सरोकारवालामा वनस्रोतको समतामूलक पहुँच र निर्णय प्रक्रियामा प्रभावकारी सहभागिता सुनिश्चित गर्ने दीर्घकालीन सोचसहित वि.स. २०६५ मा वनक्षेत्रको लैंगिक तथा सामाजिक समावेशीकरण रणनीति लागू गरेको छ। उल्लिखित दीर्घकालीन सोच हासिल गर्न यसमा निम्न चारवटा परिवर्तनका क्षेत्रको पहिचान गरिएको छ :

- लैससाका दृष्टिले संवेदनशील नीति, नियम र मार्गदर्शन
- सुशासन र लैसास संवेदनशील संस्थागत विकास
- लैसास संवेदनशील बजेट, कार्यक्रम तथा अनुगमन
- स्रोत, निर्णय र फाइदामा समतामूलक पहुँच

यसरी चारवटा परिवर्तनका क्षेत्रको कार्यान्वयनमार्फत सामुदायिक वनलगायत अन्य वनक्षेत्रमा महिला तथा अन्य सीमान्तकृत वर्गको निर्णय प्रक्रिया तथा फाइदामा समतामूलक पहुँच सुनिश्चित गर्ने रणनीति लिइएको छ।

## ६. राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना, २०७१

जैविक विविधता महासन्धिको सदस्य राष्ट्रको हैसियतले नेपालले सन् २०१४ देखि २०२० सम्म जैविक विविधता संरक्षणका लागि राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना, २०७१ तयार गरेको छ। यसमा महिला तथा अन्य विपन्न वर्गको सामुदायिक वनलगायत अन्य प्राकृतिक स्रोतको संरक्षणमा सहभागिता बढाउँदै फाइदाको समतामूलक बाँडफाँड गर्ने रणनीति अवलम्बन गर्ने उल्लेख गरिएको छ।

## ७. सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, (तेस्रो संशोधन, २०७१)

सामुदायिक वनको समग्र प्रक्रियाको मार्गदर्शनका रूपमा रहेको यस मार्गदर्शनले सामुदायिक वनमा महिलाको सहभागिता सुनिश्चित गर्न विभिन्न व्यवस्था गरेको छ। समितिमा विपन्न, दलित, आदिवासी, जनजातिसमेतको प्रतिनिधित्व हुने गरी कम्तीमा ५० प्रतिशत अनिवार्य महिलाको व्यवस्था गर्नुका साथै मुख्य पद अध्यक्ष वा सचिवमध्ये एकजना अनिवार्य रूपमा महिला हुनुपर्ने प्रावधान पनि यस मार्गदर्शनमा उल्लेख गरिएको छ। विधानमा उपभोक्ता घरधुरीको विवरण उल्लेख गर्दा प्रत्येक घरधुरीबाट घरमूलीका रूपमा एक महिला र एक पुरुष गरी दुईजनाको नाम समावेश गर्नुपर्ने व्यवस्था पनि यस मार्गदर्शनमा उल्लिखित छ। समूहको निर्णय प्रक्रियामा हरेक घरधुरीबाट एक-एक वयस्क महिला र पुरुष गरी दुईजनाले भाग लिने व्यवस्था सुनिश्चित गर्नुपर्ने प्रावधान महिलाको सहभागिता अभिवृद्धि गर्ने एक ठोस व्यवस्थाका रूपमा रहेको छ। समूहको खाता सञ्चालनका लागि एकजना महिलाको दस्तखत अनिवार्य हुनुपर्ने व्यवस्थाले समूहको आर्थिक क्रियाकलापमा महिलाको पहुँचलाई सुनिश्चित गर्दछ। यसका साथै समूहले महिलाको जीविकोपार्जनमा सुधार्न गरिने विभिन्न आयआर्जनका क्रियाकलापमा सहयोग गर्नुपर्ने प्रावधानले महिलाको आयस्तर बढ्न गई उनीहरूको सामुदायिक वन व्यवस्थापनमा सहभागिता बढाउन मद्दत गर्दछ।

## ८. चौधौं योजना, (२०७३/७४-०७५/७६)

चौधौं योजनाको आधारपत्रमा वनस्रोतमा आश्रित गरिब, महिला तथा विपन्न वर्गको जीविकोपार्जन सुधारका लागि क्षमता अभिवृद्धि तथा सशक्तीकरण र हरित रोजगारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ भनी उल्लेख छ।

## निष्कर्ष

नेपालमा महिलाको सामुदायिक वन व्यवस्थापनमा सहभागिताका सम्बन्धमा धेरै राम्रा कानुन तथा नीति रहेका छन्। समग्र राज्य सञ्चालन प्रक्रियामा महिलाका लागि

३३ प्रतिशत सिट सुनिश्चित गर्ने नीति राज्यले अवलम्बन गरिरहेको अवस्थामा सामुदायिक वन उपभोक्ता समितिमा ५० प्रतिशत महिला अनिवार्य गरिनुले वनक्षेत्र महिला सहभागिताको क्षेत्रमा एक कदम अगाडि रहेको देखाउँछ । तर, जतिसुकै राम्रा नीति तथा कानुन भए पनि तिनीहरूको प्रभावकारी कार्यान्वयन हुन सकेन भने त्यस्ता नीतिको खासै अर्थ रहँदैन । वर्तमान समयमा प्रचलित रहेका नीति तथा कानुनलाई कार्यान्वयन गर्न सकियो भने सामुदायिक वनमा महिला सहभागिता विश्वमै एक उदाहरणीय बन्न सक्छ । कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लैंगिक पक्षलाई समेत ध्यान दिएर नीतिमा भएका व्यवस्थालाई कार्यान्वयन गर्न बजेट सुनिश्चित गरिनुपर्छ । साथै, अनुगमन तथा पृष्ठपोषणलाई थप सुदृढ पार्नुपर्ने आवश्यकता देखिएको छ ।

## सन्दर्भ सामाग्री

नेपालको संविधान, २०७२, कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं ।

नेपाल सरकार, २०४९, वन ऐन, कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं ।

नेपाल सरकार, २०७१, वन नीति, २०७१, वन तथा भू-संरक्षण मन्त्रालय, काठमाडौं, नेपाल ।

नेपाल सरकार, २०७२, वनक्षेत्रको रणनीति, वन तथा भू-संरक्षण मन्त्रालय, काठमाडौं, नेपाल ।

नेपाल सरकार, २०७१, राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (सन् २०१४ -२०२०), वन तथा भू-संरक्षण मन्त्रालय, काठमाडौं, नेपाल ।

नेपाल सरकार, २०७१, सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (तेस्रो संशोधन, २०७१), वन विभाग, सामुदायिक वन महाशाखा, काठमाडौं, नेपाल ।

नेपाल सरकार, २०७०, चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६) को आधारपत्र, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, काठमाडौं, नेपाल ।

नेपाल सरकार, २०६५, वन क्षेत्रको लैंगिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६५, वन तथा भू-संरक्षण मन्त्रालय, काठमाडौं, नेपाल ।

MSFP, 2014. Assessment of Implementation Status of Forestry Sector Gender Equality and Social Inclusion Strategy - 2065. Multi Stakeholder Forestry Programme, Nepal.

# हिँउदमा गरौं वन सम्वर्धन र व्यवस्थापन

यमलाल पोखरेल*

पाल्पा जिल्ला सामुदायिक वन विकासको क्षेत्रमा अत्यन्तै धनी जिल्ला हो। जिल्ला वन कार्यालय पाल्पाको एक सफल कार्यक्रमका रूपमा सामुदायिक वन विकास कार्यक्रम सञ्चालनमा छ। आ.व. ०७१/७२ को अवधिसम्म जिल्लामा ६ सय ४६ वटा सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरिसकिएको छ भने यो संख्या यस आवमा पनि बढ्दो क्रममा छ। जिल्लाका सबै गा.वि.स./न.पा.मा सामुदायिक वन हस्तान्तरण भइसकेका छन्। हस्तान्तरण हुन बाँकी रहेका राष्ट्रिय वनक्षेत्र, भीर, पर्ति, खेर गइरहेका जग्गासमेतलाई समेटेर उपभोक्ता समूहमार्फत व्यवस्थापन गर्न सामुदायिक वन उपभोक्ता समूह गठनको कामसमेत जिल्ला वन कार्यालयले गरिरहेको छ भने कतिपय पर्यटकीय सम्भावना बोकेका वनक्षेत्रसमेतलाई सामुदायिक वनका रूपमा विकास गर्दै पर्यावरण जैविक विविधता संरक्षण, वन उद्यमका सम्भावना एवं जडीबुटी खेतीको व्यवसायिकीकरण गरी स्थानीय समुदायलाई आयआर्जन तथा रोजगारीको मार्ग प्रशस्त गर्न लागिरहेको अवस्था छ। यसै सन्दर्भमा जिल्लाको सर्वाधिक उचाइको कौडेलेकमा समेत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण भइसकेको छ। जिल्लाका पर्यटकीय स्थल रिब्दीकोट, (कुसुमखोला, पालुङ मैनादी, ठिमुरे), रिमिघा लेक (पिपलडाँडा)जस्ता स्थानलाई समेत सामुदायिक वनका रूपमा विकास गर्ने योजना अनुरुप जिल्ला वन कार्यालयबाट काम भईरहेको छ।

सामुदायिक वन उपभोक्ता समूह एक स्वायत्त, अविछिन्न, उत्तराधिकारवाला स्वशासित संस्था हो। यसको आफ्नै विधि, विधान, कार्ययोजना, कोष परिचालन, वन संरक्षण, सम्वर्द्धन र विकासका क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारीसमेत रहेको हुन्छ। वन ऐन, २०४९ अनुसार गठित संस्था हुनाले ऐनका प्रावधानभित्र रहेर यसका गतिविधि सञ्चालित हुन्छन्। वन ऐन, २०४९ र नियमावली, २०५१ बमोजिम स्वीकृत विधान र वन कार्यायोजना यसको कार्य सञ्चालनका मुख्य आधार हुन्। विधान र कार्ययोजना कार्यान्वयनको सिलसिलामा वन ऐनका प्रावधानलाई पूर्ण पालना गर्दै कार्यान्वयन गर्नु/गराउनु उपभोक्ता समूहको प्रमुख दायित्व हुन्छ। उपभोक्ता समूहको विधान सामुदायिक वनका नीति-नियमको दस्तावेज हो भने वनकार्ययोजना वनको संरक्षण, सम्वर्द्धन तथा विकासको विस्तृत योजना हो। यो प्राविधिक हिसाबले तयार गरिएको हुन्छ। यसको अवधि ५ देखि १० वर्षको रहन्छ, भने अवधि समाप्त भएपपछि यसको पुनरावलोकन गरी जिल्ला वन कार्यालयबाट स्वीकृत गराउनुपर्ने हुन्छ।

वन ऐन, नियमावली, सामुदायिक वनको कार्ययोजनाअनुसार मंसिरदेखि माघ/फागुनसम्म अर्थात् हिउँदको समय वन सम्वर्द्धन र व्यवस्थापनको समय हो। जसरी कृषकलाई असार/साउन खेतीपातीका लागि व्यस्त समय मानिन्छ त्यसरी नै वन व्यवस्थापकलाई हिँउदको समय प्रमुख मानिन्छ। यो समयमा कार्ययोजनाअनुसार वनको तोकिएको खण्डमा वन सम्वर्द्धन क्रियाकलाप सञ्चालन गर्ने, म्याद सकिएका वन कार्ययोजना पुनरावलोकन गर्ने, वन गस्ती गर्ने, आगामी असारका लागि वृक्षारोपणको योजना बनाउने र सोका लागि तयारी गर्ने, वन डढेलो व्यवस्थापनको तयारीमा लाग्ने, वन सदुपयोगका काम गर्ने, वृक्षारोपण गरिएका प्लटमा गोडमेल गर्ने, तालिम, गोष्ठी, भ्रमणजस्ता कार्यक्रम सञ्चालन गरी संस्थागत विकास गर्ने, बैठक, भेला, जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेजस्ता विविध कार्यक्रम यस समयमा सञ्चालन गर्न सकिन्छ। साधारणतया कृषकलाई समेत खेतीपातीको समयबाट फुर्सद मिल्ने समय भएकाले पनि यतिबेला स्वतःस्फूर्त रूपमा जनसहभागिता जुटाउन सहज हुने गर्छ।

खासगरी यो समयमा सामुदायिक वन उपभोक्ता समूह वन

* रेञ्जर, जिल्ला वन कार्यालय, पाल्पा

सम्वर्द्धनमा केन्द्रित रहने गरेको पाइन्छ । गोडमेल, झाडी सफाइजस्ता नामले उपभोक्ताले यो कार्यलाई चिन्ने भए पनि वास्तवमा यो वन व्यवस्थापनभित्रको क्रियाकलाप हो । वन व्यवस्थापन बृहत् शब्द हो, यसभित्र वन संरक्षण, सम्वर्द्धन र सदुपयोगका लागि गरिने सम्पूर्ण क्रियाकलाप पर्छन् । आखिर यसलाई जे भनेर चिने पनि हामीले गर्ने भनेको वन व्यवस्थापनअन्तर्गत गरिने क्रियाकलाप नै हुन् ।

वनलाई हानि पुर्‍याउने विभिन्न तत्त्वहरू जस्तै, आगलागी, चरिचरण, अतिक्रमण, चोरी-निकासी तथा चोरी-सिकारीजस्ता कार्यबाट संरक्षणका लागि गरिने क्रियाकलापको समष्टिगत रूप वन संरक्षण हो भने वनलाई हुर्काउन, बढाउन र गुणस्तरीय वनका रूपमा विकास गर्न गरिने सम्पूर्ण क्रियाकलाप वन सम्वर्द्धनअन्तर्गत पर्छन्, जस्तै : झाडी सफाइ, हाँगा काट्ने (लख्याउने), एक्ल्याउने, पल्ल्याउने, बीउको लागि माउ रुख छनोट, प्राकृतिक पुनरुत्पादन प्रोत्साहन, ढलेका, रोगी, सुकेका, बूढा, बांगाटिंगा, रुख हटाउने कार्य, काँडा, लहरा, वनमारा आदि हटाउने कार्य आदि । वन सम्वर्द्धन वनलाई सिंगार्न, राम्रो बनाउन र गुणस्तरीय काठ-दाउरा प्राप्त गर्ने उद्देश्यका साथ गरिने हुँदा यसमा धेरै कुरामा ध्यान पुर्‍याउनु आवश्यक छ । अहिलेसम्मको हाम्रो व्यावहारिक अभ्यासमा गरिने वन व्यवस्थापन पूर्णरूपमा व्यवस्थित बन्न सकेको छैन । हामी झाडी सफाइ गर्ने र त्यसबाट निस्केका काठ-दाउरा बाँडफाँड गर्ने कुरामा मात्र केन्द्रित भयौं भने हाम्रो सपनाको समृद्ध सामुदायिक वन बनाउने चाहना पूरा हुन सक्दैन । त्यसैले हाम्रो दीर्घकालीन उद्देश्यलाई ध्यानमा राखेर वन व्यवस्थापन गर्नु जरुरी हुन्छ ।

वन व्यवस्थापन प्राविधिक कार्य हो । जसरी बिरामीको उपचार गर्दा गलत पद्धति र औषधीको प्रयोग भयो भने ज्यानै जोखिममा पर्ने खतरा हुन्छ त्यसगरी हामीले गर्ने व्यवस्थापन पद्धति गलत भयो भने हाम्रो सामुदायिक वन नै जोखिममा पर्ने खतरासमेत रहन्छ । एउटा परिवार दिगो रूपमा चल्न बच्चाबच्ची, युवायुवती, बूढाबूढीजस्ता सबै उमेर समूहका मानिस चाहिएजस्तै वनको दिगो व्यवस्थापनमा पनि बिरुवा, लाथ्रा, पोल तथा रुख सबै अवस्थाका बोटबिरुवाको उपस्थिति दिगो रूपमा सुनिश्चित हुनुपर्दछ । तसर्थ, यस्ता प्राविधिक कुरालाई ध्यान दिएर मात्र वनमा गरिने क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यसमा पूर्ण होसियारीसमेत अपनाउनुपर्दछ ।

वन सम्वर्द्धन कार्यका लागि योजना बनाउँदा सर्वप्रथम समय निर्धारण गर्नुपर्दछ । हिउँदयाममा यो कार्य गरिने हुँदा सबै उपभोक्ताको फुर्सदको समय पर्ने गरी पर्याप्त समयसीमा राखेर यो कार्यक्रमको योजना बनाउनुपर्दछ र यसलाई समूहको साधारणसभाबाट पारित गराउनुपर्दछ । यो कार्य व्यवस्थित रूपमा गर्नु अत्यन्तै कठिन कार्य हो । गाउँघरमा जाने-नजानेका सबै मानिस यसमा सहभागी हुने खतरा रहन्छ भने अनुगमन र नियमनका लागि नेतृत्वकर्तालाई यो कार्यमा निकै मुस्किल पर्न सक्छ । त्यसैले सामुदायिक वनको वन कार्ययोजना तोकिएको खण्डको कति हेक्टर क्षेत्रफलमा सो कार्य गर्ने हो सोको निर्क्योल गर्नुपर्दछ र जति क्षेत्रफलमा व्यवस्थित रूपमा काम गर्न सकिन्छ त्यति मात्र गर्नुपर्दछ । जथाभावी रुखबिरुवा फाँड्ने काम मात्र वन सम्वर्द्धन होइन भन्ने कुरा कार्यसमितिका अगुवाले सबै उपभोक्तालाई बुझाउन सक्नुपर्दछ ।

कहिलेदेखि कहिलेसम्म, कुन पद्धतिबाट, कति जना मानिसले, वनमा के-के काम गर्ने भन्ने निर्णयसहित सम्बन्धित इलाका वन कार्यालयबाट प्राविधिकको सहयोग र सहमतिमा गर्नुपर्दछ । इलाका वन कार्यालयबाट पूर्ण जिम्मेवारीका साथ उक्त समयमा प्राविधिक खटाइसकेपछि उपभोक्ताका जिम्मेवार पदाधिकारी टोली र वन प्राविधिकले सो कार्य गर्नुभन्दा अगाडि नै वनमा गएर गर्नुपर्ने काम निश्चित गर्नुपर्दछ । हटाउनुपर्ने रुखमा इनामेलले चिनो लगाउनुपर्दछ । जनश्रमदानबाट गरिने काम त्यति प्रभावकारी नहुन सक्छ । सबै मानिस दक्ष र जानकार नहुन सक्छन् । त्यसैले उपभोक्ताबाट ज्यालादारीमा १०-१५ जना जति दक्ष कामदार यो कार्यका लागि छनोट गर्दा राम्रो हुन्छ । जसबाट उनीहरूलाई समेत रोजगारी सिर्जना हुन्छ भने वन व्यवस्थापन कार्यलाई समेत स्तरीय बनाउन सकिन्छ । वनमा गई योजना बनाउँदा वन प्राविधिकले वन सम्वर्द्धनशास्त्रको प्रयोग गर्नुपर्दछ । निश्चित दूरीमा राख्नुपर्ने बोटबिरुवाको दूरी यकिन गरी वैज्ञानिक र प्राविधिक हिसाबले योजना बनाउनुपर्दछ ।

वनबाट सम्वर्द्धनपछि प्राप्त हुने वन पैदावार (काठ-दाउरा) निःशुल्क बाँड्ने कार्य त्यति प्रभावकारी हुँदैन । वन कार्ययोजनामा तोकिएको शुल्क लिएर अनुसूची १६ र १७ बमोजिम वन नियमावलीको रसिद प्रयोग गरी पारदर्शी

ढंगले प्राप्त वन पैदावार वितरण गर्न सकिन्छ । जसबाट प्राप्त आम्दानीले उक्त कार्यलाई दक्ष कामदारमार्फत व्यवस्थित रूपमा गराउन सकिन्छ भने बाँकी रकम कोषमा आम्दानी बाँधेर वन विकास, गरिबी न्यूनीकरण र संस्थागत विकासमा खर्च गर्न सकिन्छ । तर, यसमा ध्यान पुऱ्याउनुपर्ने कुरा के छ भने वार्षिक आम्दानीको कम्तीमा २५ प्रतिशत वन विकास र ३५ प्रतिशत रकम विपन्न वर्गका लागि गरिबी न्यूनीकरणमा खर्च गरी बाँकी रकम मात्र सामुदायिक विकास र संस्थागत विकासमा खर्च गर्नुपर्ने बाध्यकारी व्यवस्था सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन-२०६५ ले गरेको छ । वन सम्वर्द्धन कार्यमा वन प्राविधिकको अहम् भूमिका रहने हुँदा खटिने वन प्राविधिकले जिम्मेवारीसाथ काम गर्नुपर्दछ । वन सम्वर्द्धनपछि प्राप्त हुने वन पैदावारको न्यायोचित वितरण हुनुपर्छ । विपन्न वर्गलाई उच्च प्राथमिकतामा राखेर निःशुल्क वा न्यून शुल्कमा वन पैदावार उपभोग गर्न दिनुपर्दछ जसको व्यवस्थित रूपमा अभिलेख राखी जिल्ला वन कार्यालयमा पेस गर्नुपर्दछ । वन सम्वर्द्धनमा जिल्ला वन कार्यालयबाट समेत नियमित अनुगमन व्यवस्था मिलाउनुपर्दछ ।

वन सम्वर्द्धनबाट प्राप्त हुने वन पैदावार उपभोक्ताका लागि दाउरामा मात्र प्रयोग हुने तर समुदायमा कुनै महत्त्वपूर्ण काममा समेत प्रयोग हुन सक्छन् । जस्तै, कटुस र उत्तीसको १ मिटर लामो दाउरा सिताके च्याउ उद्योगका लागि काम लाग्ने हुन्छ । टुनीको काठ मौरीघार एवं हस्तकलामा काम लाग्ने हुन्छ । चिलाउने, साधन आदिको काठ कृषि औजारका लागि, अनावश्यक जरा र ठुटा आरनमा गोल पोल्नका लागि समेत काम लाग्ने हुँदा समुदायमा त्यस्ता उद्यमी भएमा उनीहरूलाई प्रोत्साहन दिएर वन कार्ययोजनाबमोजिम काठ-दाउरा उपलब्ध गराउन सकेमा घरेलु उद्योग प्रवर्द्धन र रोजगारीमा सहयोग पुग्ने हुँदा त्यस्ता कुरामा समेत ध्यान पुऱ्याउनु जरुरी हुन्छ ।

यसरी बिक्री-वितरण गरेको वन पैदावार, विपन्न वर्गलाई दिएका वन पैदावारका साथै अन्य उपभोक्तामा वितरण गरेका वन पैदावारको समेत व्यवस्थित अभिलेख राखी तोकिएको फाराममा परिमाण र मूल्यसमेत खोली इलाका वन कार्यालय र जिल्ला वन कार्यालयमा प्रतिवेदन पेस गर्नुपर्दछ ।

उपभोक्ताले वन सम्वर्द्धन गर्दा प्रमुख केही कुरामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । कार्ययोजनामा तोकिएको वार्षिक कटान परिणाम (Annual Allowable cut) भन्दा बढी निकाल्नुहुँदैन । वनको हैसियत नराम्रो भएको खण्डमा वार्षिक कटान परिणाम (Annual Allowable cut) भन्दा निकै कम निकाल्नुपर्दछ । रुखको छनोट गर्दा बूढा, धोद्रा, रोगी, बांगाटिंगा रुख संकलन गरी उपयोग गर्ने सिद्धान्त अपनाउनुपर्छ । राम्रो अवस्थाको वन बनाउन विभिन्न उमेर, प्रजाति तथा व्यासका रुखबिरुवा राख्नुपर्छ । जैविक विविधताको दृष्टिले लोप हुन लागेका बोटबिरुवा, जडीबुटी तथा प्राणीलाई संरक्षण तथा बढावा दिनुपर्छ । भू-क्षय हुने सम्भावना भएका क्षेत्र, धेरै भिराला क्षेत्र, चराचुरुंगीको गुँड तथा बासस्थान भएको क्षेत्र, पानी मुहान तथा नदी किनार क्षेत्रमा सकेसम्म रुखबिरुवा नकाट्ने सिद्धान्त अपनाउनुपर्छ । प्राकृतिक पुनरुत्पादनलाई बढावा दिनुपर्ने भएको अवस्थामा सम्बन्धित क्षेत्रमा प्रकाशका लागि क्षेत्र खुला गर्ने र उक्त क्षेत्रलाई चरिचरण तथा डढेलोबाट बचाउने क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ ।

यसर्थ हिँउदको समय सामुदायिक वन उपभोक्ता समूहका लागि निकै महत्त्वपूर्ण, दिगो तथा वैज्ञानिक वन व्यवस्थापनमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने समय भएकाले वनलाई समृद्ध, सुन्दर, मनोरम एक बाटिकाको रूपमा विकास गर्न सहयोग गरौं । **'समृद्धिका लागि वन'** भन्ने नारालाई सफल पारौं-नेपाल सरकारले घोषणा गरेको वन संरक्षण दशक २०७१-८० लाई सफल पार्न । **'एक घर एक रुख, एक गाउँ एक वन, एक नगर अनेक उद्यान, निजी वन दर्तालाई प्रोत्साहन'**को अभियान सुरु गरौं ।

**सन्दर्भ सामग्री :**

वन ऐन, २०४९ वन नियमावली, २०५१ तथा वन विभागबाट प्रकाशित र अप्रकाशित विभिन्न लेखरचनाहरू ।



Pra 120 book sunrise 530 job 07/07/2018 9 R Process Black

# १. नेपालका विविध वन व्यवस्थापन पद्धतिहरूको तथ्यांकीय झलक

**संकलन तथा सम्पादनः सञ्जीवराज ढकाल**
**सहायक वन अधिकृत, सामुदायिक वन महाशाखा**

| क्र. सं. | वनको प्रकार | संख्या (वटा) | क्षेत्रफल (हेक्टर) | संलग्न घरधुरी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामुदायिक वन | २२,२६६ | २२,३७,६७०.५२४ | २९,०७,८७१ | |
| २ | साझेदारी वन | ३० | ७६,०१२.२९ | ८,६४,०१५ | |
| ३ | कबुलियती वन (विपन्नमुखी) | ७,४८४ | ४३,३१७ | ७१,७५३ | |
| | कबुलियती वन (व्यवसायिक) | २२ | ६४० | | |
| ४ | निजी वन | २,४५८ | २,३६० | | |
| ५ | धार्मिक वन | ३६ | २०५६ | | |
| ६ | संरक्षित वन | १० | १९०८०९.४३ | | |
| | प्रस्तावित संरक्षित वन | ६ | १३७८३३.४९ | | |
| ७ | संरक्षित क्षेत्र | २० | ३४,४१९.७५ | | |

**स्रोतः वन विभाग**

# २. नेपालको वन स्रोत तथ्याङ्क

| | |
|---|---|
| वन क्षेत्र (Forests) | ५९.६२ लाख हेक्टर (४०.३६ प्रतिशत) |
| अन्य काष्ठ तथा वुटयान क्षेत्र (Other Wooded Land) | ६.४८ लाख हेक्टर (४.३८ प्रतिशत) |
| संरक्षित क्षेत्रभन्दा वाहिरको वन क्षेत्र | ८२.६८ प्रतिशत |
| संरक्षित क्षेत्रभित्रको वन | १७.३२ प्रतिशत |
| कुल काण्ड आयतन (Total Stem Volume) | ९८ करोड २३ लाख ३२ हजार क्यूविक मिटर |
| औसत काण्ड आयतन (Average Growing Stock) | १६४.७६ क्यूविक मिटर प्रति हेक्टर |
| कूल काण्ड आयतन मध्ये साल प्रजाती | १९.२८ प्रतिशत |
| कुल जैविक पिण्ड (Air Dried Biomass) | ११५९७ लाखटन (१९४.५१ टन प्रति हेक्टर) |
| औसत रुख संख्या | ४३० प्रति हेक्टर |
| औसत कार्वन संचिती | १०८.८८ टन प्रति हेक्टर |
| भौगोलिक क्षेत्र अनुसार कुल वन क्षेत्रको अवस्थिति (Percentage of total forest area by Physiographic Region) | |
| तराई क्षेत्र | ६.९% |
| चुरे क्षेत्र | २३.०४% |
| मध्य पहाडी क्षेत्र | ३७.८% |
| उच्च पहाडी तथा उच्च हिमाली क्षेत्र | ३२.२५% |
| विकास क्षेत्र अनुसार वनको क्षेत्रफल (Percentage of total forest area by Development Region) | |
| पूर्वाञ्चल विकास क्षेत्र | १७.९९% |
| मध्यमाञ्चल विकास क्षेत्र | २१.२८% |
| पश्चिमाञ्चल विकास क्षेत्र | १७.११% |
| मध्य पश्चिमाञ्चल विकास क्षेत्र | २६.६८% |
| सुदुर पश्चिमाञ्चल विकास क्षेत्र | १६.९४% |

स्रोत: नेपालको वन स्रोत प्रतिवेदन, २०१५ वन अनुसन्धान तथा सर्वेक्षण विभाग

# ३. नेपालका सामुदायिक वनहरूको जिल्लागत विवरण

तथ्याङ्क अद्यावधिक गरिएको मिति : २०७५/०२/०४

| क्र. सं. | जिल्लाको नाम | सा.व.को संख्या | हस्तान्तरित क्षेत्रफल (हेक्टर) | लाभान्वित घरधुरी (संख्या) |
|---|---|---|---|---|
| 1 | Achham | 396 | 41253.78 | 62881 |
| 2 | Arghakhanchi | 440 | 29696.54 | 47780 |
| 3 | Baglung | 520 | 32091.81 | 69485 |
| 4 | Baitadi | 352 | 30315.51 | 32373 |
| 5 | Bajhang | 383 | 33121.2 | 38710 |
| 6 | Bajura | 296 | 18810.9 | 38297 |
| 7 | Banke | 116 | 21825.76 | 30593 |
| 8 | Bara | 40 | 8102.86 | 11761 |
| 9 | Bardiya | 312 | 20320.32 | 55031 |
| 10 | Bhaktapur | 56 | 1643.75 | 8610 |
| 11 | Bhojpur | 562 | 42220.18 | 52571 |
| 12 | Chitwan | 87 | 21166.46 | 43313 |
| 13 | Dailekh | 373 | 27473.14 | 40192 |
| 14 | Dandeldhura | 473 | 52778.52 | 37240 |
| 15 | Dang | 518 | 103243.36 | 97922 |
| 16 | Darchula | 169 | 6616.54 | 10642 |
| 17 | Dhading | 711 | 31940.49 | 73136 |
| 18 | Dhankuta | 386 | 30398.82 | 45123 |
| 19 | Dhanusha | 40 | 8856.45 | 7802 |
| 20 | Dolakha | 376 | 28136 | 53212 |
| 21 | Dolpa | 51 | 8484.49 | 4756 |
| 22 | Doti | 392 | 43553.93 | 29829 |
| 23 | Gorkha | 489 | 29549.65 | 61508 |
| 24 | Gulmi | 449 | 18323.88 | 61351 |
| 25 | Humla | 84 | 27197.94 | 7364 |
| 26 | Ilam | 236 | 47375.65 | 34612 |
| 27 | Jajarkot | 269 | 46821.49 | 28519 |
| 28 | Jhapa | 59 | 15797.11 | 46472 |
| 29 | Jumla | 201 | 39024 | 20974 |
| 30 | Kabhrepalanchowk | 572 | 29008.35 | 63908 |
| 31 | Kailali | 527 | 58020.37 | 118868 |
| 32 | Kalikot | 209 | 15720.18 | 23850 |
| 33 | Kanchanpur | 136 | 19305.25 | 33604 |
| 34 | Kapilbastu | 119 | 12663.2 | 30230 |
| 35 | Kaski | 501 | 19336.6 | 46390 |
| 36 | Kathmandu | 176 | 5329.38 | 17135 |
| 37 | Khotang | 411 | 163889.01 | 51363 |

| क्र.सं. | जिल्लाको नाम | सा.व.को संख्या | हस्तान्तरित क्षेत्रफल (हेक्टर) | लाभान्वित घरधुरी (संख्या) |
|---|---|---|---|---|
| 38 | Lalitpur | 203 | 11125.06 | 15189 |
| 39 | Lamjung | 334 | 20225.87 | 25404 |
| 40 | Mahottari | 74 | 7557.13 | 12384 |
| 41 | Makwanpur | 406 | 68504 | 58956 |
| 42 | Manang | 17 | 6588.04 | 1122 |
| 43 | Morang | 131 | 20403.91 | 57981 |
| 44 | Mugu | 91 | 11345.99 | 9364 |
| 45 | Myagdi | 309 | 24202.86 | 35832 |
| 46 | Nawalparasi | 208 | 30318.8 | 35100 |
| 47 | Nuwakot | 369 | 25590.11 | 41608 |
| 48 | Okhaldhunga | 348 | 29940 | 46404 |
| 49 | Palpa | 672 | 35961.08 | 57071 |
| 50 | Panchthar | 205 | 13767.3 | 17906 |
| 51 | Parbat | 382 | 13469.29 | 44464 |
| 52 | Parsa | 4 | 7.51 | 869 |
| 53 | Pyuthan | 430 | 54040.2 | 57281 |
| 54 | Ramechhap | 414 | 31683.33 | 54041 |
| 55 | Rasuwa | 72 | 5549.63 | 4907 |
| 56 | Rauthat | 43 | 7256.21 | 10313 |
| 57 | Rolpa | 630 | 50331.68 | 55155 |
| 58 | Rukum | 512 | 33000.57 | 51649 |
| 59 | Rupandehi | 103 | 15471.04 | 64195 |
| 60 | Salyan | 589 | 58619.81 | 55841 |
| 61 | Sankhuwasabha | 291 | 31814.97 | 29527 |
| 62 | Saptari | 132 | 17940.61 | 31579 |
| 63 | Sarlahi | 77 | 13260 | 12467 |
| 64 | Sindhu Palchowk | 522 | 26592.3 | 63861 |
| 65 | Sindhuli | 500 | 88530.61 | 57786 |
| 66 | Siraha | 102 | 14662.29 | 16210 |
| 67 | Solukhumbu | 184 | 27291.03 | 27218 |
| 68 | Sunsari | 68 | 9752.5 | 34422 |
| 69 | Surkhet | 438 | 81617.49 | 62739 |
| 70 | Syangja | 512 | 15474.48 | 57422 |
| 71 | Tanahu | 613 | 42329.41 | 66274 |
| 72 | Taplejung | 112 | 7336 | 8722 |
| 73 | Terahathum | 337 | 18964.08 | 28364 |
| 74 | Udaypur | 345 | 77732.46 | 60837 |
| | TOTAL | 22266 | 2237670.524 | 2907871 |

स्रोत : सामुदायिक वन महाशाखा, वन विभाग

## ४. कबुलियती वन विकास कार्यक्रम अन्तर्गत गठन तथा व्यवस्थापन भएको कबुलियती वन समूह, वन क्षेत्र र संलग्न घरधूरीको संख्या

| सि.नं. | जिल्ला | क.व. संख्या | क्षेत्रफल | घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | पाँचथर | २१६ | ६८० | १४०७ |
| २ | तेह्रथुम | ११३ | ३१४ | ११९३ |
| ३ | भोजपुर | १९१ | ७५२ | १५८९ |
| ४ | खोटांग | २२९ | ८९२ | २२६५ |
| ५ | ओखलढुंगा | १९३ | १२५७ | २०९० |
| ६ | धनुषा | २५ | १५४ | ३१० |
| ७ | सर्लाही | १९ | ६४.१ | २१३ |
| ८ | सिन्धुली | ४४७ | २८२० | ४०२० |
| ९ | दोलखा | १८५ | ८७९ | १९३८ |
| १० | रामेछाप | ४५४ | २७४६ | ३९०५ |
| ११ | सिन्धुपाल्चोक | ४०६ | २०४९ | ३५६५ |
| १२ | काभ्रेपलाञ्चोक | ४३१ | २६४० | ४४८४ |
| १३ | धादिङ्ग | ४६० | १८२९ | ४०३२ |
| १४ | मकवानप | ४९५ | २३१६ | २३५२ |
| १५ | चितवन | ३९१ | १५७९ | २५५५ |
| १६ | नवलपरासी | १४२ | १४३२ | २०१९ |
| १७ | पाल्पा | ८८ | ७८९ | ११५३ |
| १८ | गुल्मी | ८ | ७९.२ | ७६ |
| १९ | स्याङ्गजा | १४ | ९८ | १७२ |
| २० | तनहु | ४८५ | २०५४ | ३७५९ |
| २१ | लम्जुङ्ग | १६२ | ६४५ | १४८३ |
| २२ | गोरखा | २८३ | ९८३ | २३५५ |
| २३ | पर्वत | ६ | १३.५ | ५० |
| २४ | प्युठान | १७२ | ७५४ | १५११ |
| २५ | सल्यान | २०३ | १०९९ | १९१९ |
| २६ | रोल्पा | ५५ | ३२५ | ५२८ |
| २७ | रुकुम | ८१ | ३७२ | ७९३ |
| २८ | जाजरकोट | ६७ | ७९९ | ८८१ |
| २९ | दैलेख | ६६ | ३९७ | ७३९ |
| ३० | डोल्पा | ६६ | ३४६ | ९१० |
| ३१ | जुम्ला | १२७ | १९१२ | १९१६ |
| ३२ | कालिकोट | ४३ | ४६९ | ६६१ |
| ३३ | हुम्ला | १२४ | २४२२ | १८८४ |
| ३४ | अछाम | १५७ | ६६४ | १६८३ |
| ३५ | डोटी | २१० | ९२८ | ११७१ |
| ३६ | बाजुरा | १९२ | १७६८ | २९३० |
| ३७ | डडेल्धुरा | १६६ | ८७७ | १७९५ |
| ३८ | वैतडी | १६४ | ४७६ | २०१५ |
| ३९ | बझाङ्ग | ११९ | २२३६ | २१३३ |
| ४० | मुगु | २९ | ४०९ | ४९९ |
| | जम्मा | ७४८४ | ६३३१७ | ७१७५३ |

स्रोत : सामुदायिक वन महाशाखा, वन विभाग

